

# बालमैत्री स्थानीय शासन संक्षिप्त जानकारी पुस्तिका, २०७९

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# बालमैत्री स्थानीय शासन संक्षिप्त जानकारी पुस्तिका २०७९


**प्राविधिक सहयोग** : बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च - नेपाल
वोर्ल्ड भिजन इन्टरनेशनल नेपाल

**प्रकाशन** : सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**प्रकाशन प्रति** : १००० प्रति

**डिजाईन** : ईकिगाई टेक्नोलोजी प्रा. लि. (९८४१३०२७०५)

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५ ४२००२९९ ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:-

चलानी नं.:-

## मन्तव्य

नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा वालअधिकारका क्षेत्रमा व्यक्त गरेका प्रतिवद्धता पुरा गर्ने सन्दर्भमा अन्तर्राष्ट्रिय महासन्धिमा उल्लिखित वाल वचाउ, वाल संरक्षण, वाल विकास र वाल सहभागिता जस्ता मूलभूत विषयलाई सम्वोधन गरी वाल अधिकार सुनिश्चित गर्नु राज्यको दायित्व भएको छ । यस परिप्रेक्ष्यमा नेपाल सरकारले वाल अधिकारको विषयलाई स्थानीय तहको शासकीय प्रवन्धमा स्थापित गर्न वालमैत्री स्थानीय शासनको अवधारणा अगाडि बढाएको छ। शासकीय अभ्यासलाई ठोस ढाँचा दिन वालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ जारी गरिएको छ । यसले वाल अधिकारका विषय सूचकको रूपमा प्राप्ति गर्ने तथा स्थानीय तहहरूले अवलम्वन गर्ने योजना तर्जुमा, वालवालिकासँग सम्वन्धित नीति निर्माण र निर्णय प्रक्रियामा वालवालिका, उनीहरूका अभिभावक तथा वालवालिकासँग सरोकार राख्ने संघसंस्थाहरूको सहभागिता तथा उनीहरूको भूमिका सुनिश्चित गरी वालमैत्री शासन पद्धति स्थापित गर्ने लक्ष्य लिएको छ । त्यसैगरी, वालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाले तोकेका न्यूनतम् सूचकका साथै स्थानीय तहले थप गरेका अतिरिक्त सूचक समेत हासिल गर्ने, वालमैत्री शासन कार्यान्वयन गर्ने र वालमैत्री वडा, गाउँपालिका वा नगरपालिका घोषणा गर्ने प्रक्रियामा सहजीकरण गर्ने प्रयोजनको लागि मन्त्रालयले वालमैत्री स्थानीय तह घोषणा कार्यविधि, २०७९ स्वीकृत गरी सवै स्थानीय तहमा पठाएको छ ।

यसै सन्दर्भमा, वालमैत्री स्थानीय शासनको अवधारणा, अवलम्वन प्रक्रिया तथा वालमैत्री स्थानीय शासनको कार्यक्रम कार्यान्वयन सरोकारवालाहरूको भूमिकाको बारेमा जानकारी दिने उद्धेश्यले जानकारी पुस्तिका तयार भएको छ। यस पुस्तिकामा वाल अधिकारको विषय, नेपालको संविधानमा बालअधिकार सम्वन्धी भएको व्यवस्था, बालवालिका सम्वन्धी ऐन कानून, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धि तथा प्रतिवद्धता, कार्यान्वयन निर्देशिका र घोषणा कार्यविधिमा भएका मूख्य विषयलाई समेटिएको छ। स्थानीय तह, वालमैत्री स्थानीय शासन प्रवर्द्धनकर्ता, वालवालिका, बाल क्लवका पदाधिकारी तथा वालमैत्री शासनमा क्रियाशील संघ संस्थालाई यो पुस्तिका सहयोगी हुने अपेक्षा लिइएको छ ।

अन्त्यमा, सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई जगैबाट मजबूत गर्न र सवै भन्दा नजिकबाट जनतालाई सेवा दिने स्थानीय सरकारलाई वालवालिका सम्वन्धी काम, कर्तव्यको बोध गराउदै वालमैत्री स्थानीय शासनलाई शासकीय पद्धतिमा आवद्ध गर्न थप योगदान गर्ने यस जानकारी पुस्तिका तयारीमा प्राविधिक सहयोग गर्ने वालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च-नेपाल, प्रकाशनमा प्राविधिक सहयोग गर्ने वोर्ल्ड भिजन इन्टरनेशनल, नेपाल र पुस्तक तयारीमा नेतृत्व गर्ने मन्त्रालयको परिवार लगायत सवै सरोकारप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

मिति:२०७९।०७।२९

(अर्जुन प्रसाद पोखरेल)
सचिव

# यस पुस्तकको बारेमा

बाल अधिकारको महासन्धिले  बालबालिका तथा किशोरकिशोरीका आधारभूत आवश्यकतालाई आर्थिक, सामाजिक तथा मौलिक अधिकारको रुपमा अनुमोदन गरेको छ। सरकारले यी अधिकारलाई "श्रोत र साधन उपलब्ध भएसम्म" सुनिश्चित गर्नुपर्ने हुन्छ। नेपालको संविधानले पनि पहिलोपटक बाल अधिकारलाई मौलिक हकको रूपमा अङ्गिकार गरेको छ। बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ जारी भएको छ।

बालबालिकामा लगानी गर्नु भनेको मानव पुँजीमा लगानी गर्नु हो। गर्भावस्थादेखि दुई वर्षसम्मको समयावधि, अर्थात बालबालिकाको शुरुका १००० दिनहरूमा दिइने उचित हेरचाह र पोषणले उनीहरूको शारीरिक, मानसिक र संयोगात्मक विकास भई सक्षम मानवपुँजी निर्माण हुने अवसर प्राप्त हुन्छ। परिवार, समुदाय र देशकै गरिबीको दुष चक्र भंग गर्न यसले सहयोग गर्नुका साथै समाजको दीर्घकालीन स्वास्थ्य, स्थिरता र समृद्धिमा पनि प्रभाव पार्दछ।

यसै सन्दर्भमा बाल अधिकार, बाल मैत्री स्थानीय शासन र बाल सहभागिताका क्षेत्रहरूमा स्थानीय सरोकारवाला तथा बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न क्रियाशील रहनुभएका सामाजिक अभियान्ताहरूका लागि बालमैत्रीको विषयमा थप प्रस्ट पार्ने उद्देश्यका साथ यो संक्षिप्त जानकारी पुस्तिका प्रकाशन गरिएको हो। यस पुस्तिकाको दोस्रो संस्करण बाल अधिकार, बालमैत्री स्थानीय शासनको अवधारणा, सूचकहरू, संरचनागत व्यवस्था, योजना तर्जुमा प्रक्रिया र बाल भेला लगायतका विषयवस्तुहरू समेटिएका छन्।

छोटो समयमै घटेको बाल मृत्युदर र बढेको औसत आयुको फलस्वरूप विगतका केहि दशकहरूमा नेपालले तीव्र जनसांख्यिक परिवर्तनको अनुभव गरिरहेको छ। देश अबको क्रमशः ११ वर्ष र ३७ वर्षमा अर्थात सन् २०२८ मा "ढल्दो उमेरको समाज" र सन् २०५४ सम्ममा "वृद्ध समाज" बन्ने अनुमान गरिएको छ। नेपालसँग हाल एक सीमित समयावधि भएको "जनसांख्यिक अवसर" छ जब देशको कामकाजी जनसंख्या अझै युवा र उत्पादनशील छ। तसर्थ नेपालले अत्याधिक जनसांख्यिक लाभांश सुनिश्चित गर्नका लागि आजका बालबालिका वयस्क हुने समयमा उनीहरूले वृद्धहरूको सेवा गर्दै समाजको पनि विकास गर्न सक्षम बनाउन त्यस समयसम्ममा उनीहरूको उत्पादकत्व बढाउनका लागि वर्तमान समयमा नै लगानी गर्न जरुरी छ। बालिकालाई ६ वर्ष वा सो भन्दा बढि शिक्षा दिनाले उनीहरूको जीवनमा उल्लेखनीय र दिगो सुधार ल्याउँने र आमाहरूलाई दिने शिक्षाले पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर उल्लेख्य रूपमा घटाउने तथ्यहरू प्रमाणित भैसकेका छन्।

बाल अधिकारको विषयलाई स्थानीय तहको शासकीय पद्धतिमा स्थापित गर्न बालमैत्री स्थानीय शासनको अवधारणा नेपाल सरकारले अगाडि बढाएको छ। साविकका स्थानीय निकायमा बालबालिकाको मुद्धालाई शासकीय संरचानामा संस्थागत गर्न बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ जारी गरिएको थियो। राज्यको पुनर्संरचनासँगै



विगतको अभ्यासलाई निरन्तरता दिन बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिको तर्जुमाको कार्य अगाडि बढाईएको छ । यसै बीच बालमैत्री शासकीय अभ्यासमा गतिरोध आउन नदिन मन्त्रालयबाट बालमैत्रि स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ जारी भएको छ। निर्देशिकाले बाल अधिकार र संस्थागत व्यवस्थाका विभिन्न ५१ वटा सूचक पुरा गरी कसरी स्थानीय तह बालमैत्री शासनमा जान सक्छन् भन्ने विषयमा मार्ग प्रशस्त गरेको छ। त्यसैगरी बालमैत्री स्थानीय शासन कार्यक्रमको कार्यान्वयन, घोषणा तथा दिगोपनलाई सुनिश्चित गर्ने गरी मन्त्रालयबाट बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ समेत जारी भएको छ ।

बालमैत्री अवधारणा अगाडि बढिरहँदा यस क्षेत्रमा विभिन्न संघ-सङ्गठनको क्रियाशीलता बढ्दै गएको छ । बाल क्लबका पूर्व पदाधिकारी, बाल अधिकार तथा मानव अधिकारका पैरवीकर्ता तथा विकास साझेदारबाट यस अभियानलाई स्थानीय तहको शासकीय संरचनामा स्थापित गर्न कार्यक्रम कार्यान्वयनमा सहजीकरण तथा प्राविधिक सहयोग हुँदै आएको छ ।

यसै सन्दर्भमा, बाल अधिकार, बाल मैत्री स्थानीय शासन र बाल सहभागिताका विषयलाई समेटि स्थानीय तह, बालमैत्री स्थानीय शासन प्रवर्द्धनकर्ता, बालबालिका, बाल क्लबका पदाधिकारी तथा बालमैत्री शासनमा क्रियाशील संघ संस्थालाई बालमैत्रीको विषयमा थप प्रस्ट पार्ने उद्देश्यका साथ यो संक्षिप्त जानकारी पुस्तिका प्रकाशन गरिएको हो। त्यसैगरी यस पुस्तिकाले नेपालको संविधान, अन्तर्राष्ट्रिय महासन्धि, बालबालिका सम्बन्धी ऐन, कार्यान्वयन निर्देशिका र घोषणा कार्यविधिमा भएका प्रावधानलाई समेत समेटिएको छ । बाल अधिकार, बालमैत्री स्थानीय शासनको अवधारणा, सूचकहरू, संरचनागत व्यवस्था, स्थानीय तहको सहभागितामूलक योजना तर्जुमा प्रक्रिया र बाल भेला लगायतका विषयवस्तुले सरोकारवाला वर्गलाई स्थानीय तहमा बालमैत्री शासकीय अवधारणा स्थापित गर्न तथा नेपालले तय गरेको दिगो विकासका लक्ष्यको नतिजा हासिल गर्न अझ सहज हुने अपेक्षा मन्त्रालयले लिएको छ ।

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

# विषयसूची

१. बालबालिकालाई लगानी किन ?
२. बाल अधिकार र कर्तव्य
३. बाल सहभागिता
४. बालमैत्री स्थानीय शासन अवधारणा
५. बालमैत्री स्थानीय शासनको लक्ष्य र उद्देश्य
६. बालमैत्री स्थानीय शासनको आवश्यकता
७. बालमैत्री स्थानीय शासनका निर्देशक सिद्धान्त
८. बालमैत्री स्थानीय शासनका रणनीतिहरू
९. बालमैत्री स्थानीय शासन सञ्चालनको संस्थागत व्यवस्था
१०. बालमैत्री स्थानीय शासनको अवलम्बन
११. बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण
१२. बालमैत्री स्थानीय शासन कार्यान्वयन
१३. बालमैत्री स्थानीय तह घोषणा
१४. बालमैत्री स्थानीय शासनका सूचकहरू
१५. बालमैत्री स्थानीय शासन अवलम्बन, कार्यन्वयन र घोषणाका क्रममा ध्यान दिनुपर्ने पक्षहरू
१६. बालक्लबको अवधारणा र परिचालन
१७. स्थानीय योजना तर्जुमा प्रक्रिया र बाल भेला
१८. सरोकारवालाको भूमिका
१९. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था
२०. बालमैत्री शासनका प्रतिफलहरू
२१. बालमैत्री स्थानीय शासन अवलम्बन र कार्यान्वयनमा महत्वपूर्ण नीति, योजना र अभिलेखहरू
२२. बालमैत्री स्थानीय शासन घोषणा पछि निरन्तरताका लागि गरिनुपर्ने कार्यहरू
२३. नेपालमा बालमैत्री स्थानीय शासनका सिकाइ तथा चुनौतीहरू
२४. हालसम्म बालमैत्री घोषणा भएका स्थानीय तहहरू



# १. बालबालिकालाई लगानी किन ?

सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसंघबाट पारित भई नेपालले सन् १९९० मा अनुमोदन गरेको बाल अधिकार सम्बन्धी महासन्धिले बालबालिका तथा किशोरकिशोरीका आधारभूत आवश्यकताहरूलाई आर्थिक, सामाजिक र मौलिक अधिकारको रूपमा अनुमोदन गरेको छ । राज्य तथा सरकारले यी अधिकारहरूलाई "स्रोत र साधन उपलब्ध भएसम्म" (धारा ४) सुनिश्चित गर्नुपर्ने भनी स्थापित गरेको छ ।

बालबालिकामा लगानी गर्नु भनेको मानव पूँजीमा लगानी गर्नु हो । गर्भाधानदेखि दुई वर्षसम्मको समयावधि, अर्थात बालबालिकाको सुनौंला हजार (शुरुका १०००) दिनहरूमा दिइने उचित हेरचाह र पोषणले उनीहरूको हुर्कने, सिक्ने र गरिबीबाट उम्किन सक्ने क्षमतामा ठूलो प्रभाव पार्दछ । परिवारहरू, समुदायहरू र देशहरूकै गरिबीको चक्र भंङ्ग गर्न यसले सहयोग गर्नुका साथै समाजको दीर्घकालीन स्वास्थ्य, स्थिरता र समृद्धिमा पनि प्रभाव पार्दछ ।

छोटो समयमा नै घटेको बाल मृत्युदर र बढेको औसत आयुको फलस्वरूप विगतका केहि दशकहरूमा नेपालले तीव्र जनसंख्यिक परिवर्तनको अनुभव गरिरहेको छ । देशमा सन् २०२८ मा "ढल्दो उमेरको समाज" र सन् २०५४ सम्ममा "वृद्ध" समाज बन्ने अनुमान गरिएको छ । नेपालसँग हाल एक सिमित समयावधि भएको "जनसंख्यिक अवसर" छ । जब देशको कामकाजी जनसंख्या अझै युवा र उत्पादनशील हुन्छ तब देशको मुहार फेरिन्छ । युवा जनसंख्या सीपमूलक र दक्ष हुनका लागि उनीहरूमा लगानी जरुरी छ । ती युवाहरू त्यो अवस्थामा पुग्न बालबालिकामा लगानी हुन आवश्यक छ । अहिलेका युवाहरू विगतमा बालबालिका हुँदा लगानीको अवसरबाट लाभान्वित हुन सकेको भए विकासको गति अझ बढ्न सक्थ्यो । अहिले भएको युवाहरूको जनसंख्या पछिसम्म यही अवस्थामा रहन्न । अर्थात अहिले भएको युवाको संख्या विस्तारै घट्छ । तसर्थ नेपालले अत्याधिक जनसांख्यिक लाभांश सुनिश्चित गर्नका लागि आजका बालबालिका वयस्क हुने समयमा उनीहरूले वृद्धहरूको सेवा गर्दै समाजको पनि विकास गर्न सक्षम बनाउन त्यस समयसम्ममा उनीहरूको उत्पादकत्व बढाउनका लागि वर्तमान समयमा नै लगानी गर्न जरुरी छ ।

बालिकालाई ६ वर्ष वा त्यसभन्दा बढि शिक्षा दिनाले उनीहरू वयस्क भएपछि उनीहरूको गर्भावस्थाको स्याहार, प्रसुति अवस्थाको स्याहार र जन्म पश्चात शिशु जीवित रहने दरमा उल्लेखनीय र दिगो सुधार ल्याउँछ । आमाहरूलाई शिक्षा दिनाले पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर उल्लेखनीय रूपमा घट्न जान्छ । शिक्षित बालिकाहरूको मनोबल उच्च रहन्छ भने एचआईभीको संक्रमण, हिंसा तथा शोषणबाट जोगिने सम्भावना उच्च रहन्छ र आफ्ना परिवार र समुदायमा सु-स्वास्थ्य र सरसफाईको चेतना फैलाउने सम्भावना पनि उच्च रहन्छ । यसका अतिरिक्त एक शिक्षित आमाले आफ्ना छोराछोरीलाई पनि विद्यालय पठाउने सम्भावना बढि हुन्छ ।



## १.१ केही तर्कहरू

### १.१.१ अधिकारको तर्क :

२०७२ सालमा जारी भएको नेपालको संविधानले पहिलो पटक बाल अधिकारलाई मौलिक हक अन्तर्गत राखेको छ । नेपालले बाल अधिकार महासन्धि (१९८९)लाई सन् १९९० मा अनुमोदन गरी बालबालिकाको आधारभूत अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता गरिसकेको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ ले बाल अधिकारका आधारभूत सिद्धान्तहरू सर्वोत्तम हित, विना भेदभाव, आवाजको सुनुवाई, विचार र भावनाको कदरमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताका विषयवस्तुहरूलाई समेटेको छ। राष्ट्रिय बाल अधिकार परिषद्ले हिंसा र दुर्व्यवहारबाट संरक्षण, बाल समूह वा बालक्लब खोल्न सक्ने, असहाय, अपाङ्गता, अल्पसंख्यक, सिमान्तकृत र पीडित बालबालिकाको विभिन्न अधिकारको सुनिश्चितता गरेको छ। राष्ट्रिय योजना आयोगले तयार गरेको पन्ध्रौं योजनाले पनि बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना गरेको छ। यस योजना अवधिमा बालबालिका तथा किशोरकिशोरी माथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हकअधिकार संरक्षण तथा संवर्द्धन गरी राष्ट्र निर्माणमा योगदान पुर्‍याउन सक्ने नागरिक तयार गर्ने लक्ष्य लिएको छ । जसका लागि पोषणयुक्त खानामा सुधार, प्रजनन् स्वास्थ्य र शिक्षा, मानसिक स्वास्थ्य र शिक्षा, खेलकुद, सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशीलता अपनाउने, बालविवाह र बाल श्रम अन्त्य गर्ने, सामाजिक जीवनमा बाल सहभागिता बढाउने जस्ता विषयवस्तु समेटिएका छन् । हरेक संरचना निर्माण गर्दा बालबालिकालाई पहिलो प्राथमिकताका साथै अपाङ्गता भएका, सिमान्तकृत वर्ग क्षेत्रलाई ध्यानमा राखी बनाउने नीति लिएको छ । साथै बालमैत्री भौतिक, सामाजिक र संस्थागत संरचना निर्माण गर्ने नीति लिएको छ ।

### राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधानहरू :

#### क) अन्तर्राष्ट्रिय प्रावधानहरू

१. मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा-पत्र, १९४८

२. बाल अधिकार सम्बन्धी महासन्धि, १९८९

३. दीगोविकास लक्ष्य, सन् २०१६-२०३०

४. जेनेभा महासन्धिहरू

५. दक्षिण एसिया बालकल्याण प्रर्वद्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, २००२

६. सुरक्षा परिषद्को १६१२ घोषणा

७. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा-पत्र, १९६६

### ख) राष्ट्रिय प्रावधानहरू

१. नेपालको संविधान

२. मुलुकी अपराध (संहिता) ऐन, २०७४

३. मुलुकी देवानी (संहिता) ऐन, २०७४

४. बालबालिका सम्बन्धी ऐन, २०७५ र नियामावली २०७८

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

६. बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६

७. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८

८. बालमैत्री स्थानीय शासन कार्यन्वयन निर्देशिका, २०७८

९. बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

१०. बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९

११. बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ ।

### १.१.२ सामाजिक तथा सांस्कृतिक र राजनीतिक तर्क :

बालबालिका हाम्रो समाजका अभिन्न अङ्ग हुन् । समाजलाई समुचित विकास गरी समुन्नत समाज निर्माण गर्न बालबालिकालाई पर्याप्त लगानी गर्नु जरुरत हुन्छ । आजका बालबालिका भोलिका आफ्नो क्षेत्रका नेतृत्व पनि हुन् ।

### १.१.३ आर्थिक तर्क :

बालबालिका भविष्यका मानवीय पूजी हुन् । अहिले उनीहरूलाई गरिएको यथोचित र पर्याप्त लगानीले निकट भविष्यमा राज्य, समाज र परिवारले दक्ष जनशक्ति पाउँछन् । जसबाट समग्र आर्थिक परिसूचकमा सकारात्मक सुधार आउँछ ।

### १.१.४ भौतिक तथा मनोसामाजिक तर्क :

१८ वर्षको उमेरसम्म मष्तिष्कको एक भाग विकास भइसकेको हुँदैन । योजना बनाउने, मूल्याङ्कन गर्ने, समस्या समाधान गर्ने, निर्णय लिने र संवेगलाई नियन्त्रण गर्ने मस्तिष्कको यो भागको विकास हुने बेलामा बालबालिकामा विशेष लगानी आवश्यक छ । खेलकुद, अतिरिक्त क्रियाकलाप, अध्ययन र सङ्गीतमा सहभागी हुनाले बालबालिकाको मस्तिष्कमा सकारात्मक प्रभाव पार्दछ । हिंसा, यातना, वेवास्ता, लागुपदार्थ र मदिराको लतमा परेकाहरूको मस्तिष्कमा नकारात्मक प्रभाव परेको हुन्छ ।

## १.२ बालबालिकाका लागि गरिने लगानीका केहि क्षेत्रहरु :- :

- शिक्षा
- पोषण
- खेलकुद
- सफा पानी



- शारीरिक तथा मानसिक विकास, नेतृत्व विकास, आत्म सुरक्षा सम्बन्धी क्षमता अभिवृद्धि स्वास्थ्य - खोप
- नीति निर्माणमा अर्थपूर्ण सहभागिता
- न्यायमा पहुँच,
- खेलकुद मैदान तथा सामग्री, पुस्तकालय
- सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, बाल विवाह, श्रम शोषणबाट संरक्षण बालमैत्री संरचना, आदि ।

# २. बाल अधिकार र कर्तव्य

## २.१ बाल अधिकार

२०७२ सालमा जारी भएको नेपालको संविधान, बाल अधिकार सम्बन्धी ऐन, २०७५ र बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ अनुसार आमाको गर्भमा आएको दिनदेखि १८ वर्षसम्मका मानव जातिलाई बालबालिका भनिन्छ। कुनै पनि बालबालिकालाई आमाको गर्भमा आएदेखि नै भेदभाव रहित ढङ्गबाट, सुरक्षित रूपमा विकास हुन पाउने र सुरक्षित रूपमा आमाको दूध, पोषणयुक्त खाना, खोप, स्याहार लगायत शिक्षा, स्वास्थ्य खेल, मनोरञ्जन, आराम, बाँच्नका लागि हौसला सहित नभई नहुने कुराहरू प्राप्त गर्न पाउँनु पर्छ । यसै गरी भेदभाव, तिरस्कार, श्रम शोषण, हेला, दुर्व्यवहार, यौन शोषण, बलात्कार, हिंसा, पिटाई, अपहेलना, बेचबिखन, अपहरण, कूलत, विभेद, वेवास्ता, बालविवाह लगायतका कुराहरूबाट संरक्षित भई बाँच्न पाउनु उनीहरूको अधिकार हो । सबै बालबालिकाले एकै प्रकारको वातावरणमा हुर्किन त पाएका हुँदैनन् तर परिवार तथा समाजबाट आ-आफ्नो क्षमता र अवस्था अनुसार प्राप्त स्रोत साधनको उपयोग गरेर हुर्काउनु र बालबालिकाको आधारभूत आवश्यकतालाई पूरागर्नु नै बाल अधिकार हो ।

संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी महासन्धिका ५४ वटा धाराहरू मध्ये चारवटा धारामा बाल अधिकारका चार मुख्य सिद्धान्त उल्लेख गरिएको छ । त्यसैका आधारमा बालबालिकाले आफ्नो अधिकारको उपभोग गर्न पाए नपाएको विषयमा निर्क्यौल गर्न सक्छन् । ती सिद्धान्तहरू यस प्रकार रहेका छन् :

- विना भेदभाव (धारा २)
- बाँच्न र विकास गर्न पाउने अधिकार (धारा ३)
- सर्वोत्तम हित (धारा ६)
- विचार र भावनाको कदर (धारा १२)

### बाँच्न पाउने अधिकार

- दीर्घजीवन जन्मसिद्ध अधिकार
- सुरक्षित जन्म
- खोप तथा स्वास्थ्य स्याहार

- पोषणयुक्त खाना
- सफा पानी
- गर्भवती महिलालाई विशेष स्याहार, आदि ।

### संरक्षणको अधिकार

- बाल विवाह, भेदभाव, दुर्व्यवहार, विभेद, उत्पीडन, हेला, अपमान, कुटपिट, यातना, यौन तथा श्रम शोषण, हानिकारक प्रथा, हानिकारक काम, युद्ध, बेचबिखन, ओसार पसार, कुलत, लागुपदार्थ एसिड आक्रमण, बलात्कार, अभिभावक नभएका, अपाङ्गता भएकाहरूलाई विशेष स्याहार आदिबाट संरक्षण, विपद् महामारीमा विशेष सुरक्षाको व्यवस्था, कानूनी संरक्षण, आदि ।

### विकासको अधिकार

- स्वच्छ वातावरणमा असल शिक्षा
- खेल र मनोरञ्जन
- आराम
- शारीरिक, मानसिक, नैतिक र सामाजिक विकासका अवसरहरू
- मायाममता, उचित मार्गदर्शन र
- राम्रो पारिवारिक वातावरण ।

### सहभागिताको अधिकार

- सामाजिक क्रियाकलापमा भागलिन पाउनु,
- जीवनका हरेक पक्षमा स्वतन्त्रपूर्वक सहभागी हुन पाउनु,
- रचनात्मक कार्यहरूमा सहभागिता,
- जीवनका बारेमा सोच्ने, निर्णय लिने र केही गर्न पाउनु,
- संघ-संस्था, समूह खोल्न तथा सहभागी हुन पाउनु,
- आस्था अनुसारको धर्ममा संलग्नता,
- बालबालिकाको विचार र भावनाको कदर गरिनुपर्ने ।

आमाको गर्भबाट यस संसारमा जन्मेपछि बालबालिकाको जन्मदर्ता गर्न पाउने पहिलो र नैसर्गिक अधिकार हो । अधिकारका कुरा गरिरहँदा बालबालिका तथा वयस्क सबैले ध्यान दिनु पर्ने पक्ष भनेको अधिकारसँगसँगै हामी अभिभावक जिम्मेवार बन्दै बालबालिकालाई पनि कर्तव्यनिष्ठ नागरिक बनाउन जरुरी छ ।

## २.२ बाल अधिकार कार्यान्वयनका लागि नेपालमा रहेका संरचनाहरू

- राष्ट्रिय मानव अधिकार आयोग
- राष्ट्रिय महिला आयोग
- राष्ट्रिय योजना आयोग
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- गृह मन्त्रालय
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
- प्रदेश सरकार र सम्बन्धित मन्त्रालय
- नेपाल प्रहरी
- राष्ट्रिय बाल अधिकार परिषद्
- जिल्ला प्रशासन कार्यालयहरू
- अदालतहरू
- बालबालिका खोजतलास समन्वय केन्द्र, (१०४)
- बाल हेल्पलाईन, १०९८
- जिल्ला समन्वय समिति
- गाउँ/नगरपालिकाहरू
- जिल्ला स्थित विषयगत कार्यालयहरू
- जिल्ला बालन्याय समिति
- बालमैत्री स्थानीय शासन समिति (नगर-गाउँ, वडा, समुदाय)
- स्थानीय बाल अधिकार समिति
- बालकल्याण अधिकारी
- बालकोष
- बालमैत्री स्थानीय शासन सम्पर्क शाखा वा ईकाइ
- पुर्नस्थापना सेवा केन्द्र
- अस्थाई संरक्षण सेवा केन्द्र
- वैकल्पिक हेरचाह गृह
- बालक्लब तथा सञ्जालहरू
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ
- प्रदेश बाल अधिकार समिति, आदि ।

## २.३ संविधान र ऐनमा बाल अधिकार

### क) नेपालको संविधान (२०७२)मा व्यवस्था गरिएका बाल अधिकारसँग सम्बन्धित महत्त्वपूर्ण कानूनी प्रावधानहरू :

- संविधानको धारा १८ ले समानताको हक अर्न्तगत लैङ्गिक आधारमा भेदभाव गर्न नहुने, सामान्य कानूनको प्रयोगमा सबै नागरिक समान रहने व्यवस्था गरेको छ ।
- धारा ३८ अर्न्तगत महिलाको हकमा उपधारा (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने ।
- उपधारा (२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वाथ्य सम्बन्धी हक हुने ।
- उपधारा (३) महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै

किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने र त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने ।

- उपधारा (४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने ।
- उपधारा (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने व्यवस्था गरिएको छ । संविदानको धारा ३९ मा बालबालिकाको हक अन्तर्गत यस्ता व्यवस्थाहरु रहेका छन् -
  - उपधारा (१) ले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुने ।
  - उपधारा (२) ले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वाथ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।
  - उपधारा (३) ले प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।
  - उपधारा (४) ले कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाईने छैन ।
  - उपधारा (५) ले कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसार पसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने व्यवस्था गरेको छ ।
  - उपधारा (६) ले कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था गरिएको ।
  - उपधारा (७) ले कुनै पनि बालबालिकालाई घर विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने व्यवस्था गरेको छ ।
  - उपधारा (८) ले प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ भन्ने व्यवस्था गरेको छ ।
  - उपधारा (९) ले असाहय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्तावित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुन्छ ।
  - उपधारा (१०) ले उपधार (४), (५), (६), (७) विपरितका कार्य कानुन बमोजिम दण्डनिय हुन्छन् । त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुन्छ ।
- धारा ४२ सामाजिक न्यायको हक अन्तर्गत सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, अल्पसंख्यक, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, मजदुर, उत्पीडित वा

पिछडिएको क्षेत्रका नागरिकलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने व्यवस्था गरिएको छ ।

- धारा ५१ ले राज्यका नीतिहरू अन्तर्गत (ञ) मा सामाजिक न्याय र मसावेशीकरण सम्बन्धी नीतिको व्यवस्था गरिएको छ भने सोही धाराको (ञ) को (५) मा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने व्यवस्था गरिएको छ ।

## ख) बालबालिका सम्बन्धी ऐन, २०७५

बालबालिका सम्बन्धी ऐन, २०७५ ले बाल अधिकारका आधारभूत सिद्धान्तहरू सर्वोत्तम हित, विना भेदभाव, आवाजको सुनुवाई, विचार र भावनाको कदरमा आधारित भई बालबालिकाका १३ वटा मूलभूत अधिकारहरू (दफा ३ देखि १५ सम्म) व्यवस्था गरेको छ ।

३. बाँच्न पाउने अधिकार अन्तर्गत नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिकामाथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गर्नुपर्ने व्यवस्था छ ।

४. नाम, राष्ट्रियता र पहिचानको अधिकारले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुने कुरा उल्लेख गरेको छ ।

५. भेदभाव विरूद्धको अधिकारले कुनै पनि बालबालिकालाई धर्म, वर्ण, जातजाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव गर्न नहुने कुरा उल्लेख गरिएको छ ।

६. बाबुआमासँग बस्ने र भेटघाट गर्ने अधिकार अन्तर्गत कुनै पनि बालबालिकालाई उनीहरूको इच्छा विपरित बाबु वा आमाबाट भिन्न वा अलग गर्न नपाइने व्यवस्था छ ।

७. संरक्षणको अधिकारले प्रत्येक बालबालिकालाई आफ्नो बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ ।

८. सहभागिताको अधिकारले आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकारको व्यवस्था छ ।

९. अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकारले प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्न पाउने अधिकारको प्रत्याभूत गरेको छ ।

१०. संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकारले प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकारको व्यवस्था गरेको छ ।

११. गोपनीयताको अधिकारमा व्यवस्था भए अनुसार बालबालिकालाई आफ्नो शरीर, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयमा गोपनीयताको

अधिकार हुने कुरा उल्लेख छ ।

१२. अपाङ्गता भएका बालबालिकाको विशेष अधिकारले अपाङ्गता भएका बालबलिकालाई विशेष संरक्षणको व्यवस्था गर्नुपर्ने कुरा उल्लेख छ ।

१३. पोषण तथा स्वास्थ्यको अधिकारले प्रत्येक बालबालिकालाई उचित पोषण, खोप, नि:शुल्क आधारभूत स्वास्थ्य उपचार, सफा खानेपानी तथा दुई वर्षसम्मका बालबालिकालाई स्तनपानको समेत अधिकार सुनिश्चित गरेको छ ।

१४. खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकारमा प्रत्येक बालबालिकालाई आफ्नो उमेर र रूची अनुसारको खेलखेल्ने र खेलकुदमा सहभागी हुन पाउने अधिकारको व्यवस्था गरेको छ ।

१५. शिक्षाको अधिकारमा प्रारम्भिक बाल विकासको अधिकारको साथै प्रत्येक बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क रूपमा बालमैत्री वातावरणमा पाउने अधिकारको व्यवस्था छ ।

यस बाहेक बालबालिका सम्बन्धी ऐनमा दफा १६ मा बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक संघसंस्था तथा निकायले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने, दफा १७ मा परिवार वा संरक्षकको दायित्व, दफा १८ मा राज्यको दायित्व, दफा १९ मा सञ्चार क्षेत्रको बालबालिकाप्रतिको दायित्व, परिच्छेद ४ मा बालन्याय, परिच्छेद ५ मा बालबालिकाको विशेष संरक्षण र पुन:स्थापना, दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको समूह, दफा ४९ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको वैकल्पिक हेरचाह लगायतको व्यवस्था गरेको छ ।

ऐनले प्रत्येक स्थानीय तहमा एक बाल कल्याण अधिकारीको व्यवस्था गरेको छ । स्थानीय तहमा बाल अधिकारको पृष्ठपोषण गर्न स्थानीय तहमा बाल अधिकार समिति हुनुपर्ने समेत उल्लेख छ । साथै प्रदेश तहमा प्रदेश बाल अधिकार समिति र संघीय तहमा राष्ट्रिय बाल अधिकार परिषद्मा बाल अधिकार परिषद् समेत व्यवस्था गरिएको छ । ऐनको कार्यान्वयनको प्रयोजनका लागि स्थानीय तहले बालबालिका सम्बन्धी कार्यविधि वा नीति तर्जुमा गर्न सक्नेछन् ।

ऐनले स्थानीय तहमा बाल संरक्षण तथा सेवा प्रवाहका कार्य गर्नका लागि समाजसेवी र बाल मनोविज्ञहरू नियुक्त गर्न सक्ने व्यवस्था गरेको छ ।

बालबालिका सम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारले बालबालिका सम्बन्धी नियमावली, २०७८ जारी गरेको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७८ ले बाल न्याय सम्बन्धी व्यवस्था गरी बाल न्याय सम्पादन गर्दा बालबालिकालाई असर पर्ने कुनै निर्णय गर्नु अघि निजको धारणा बुझ्ने, बालबालिकाको हित र स्वार्थ जोडिएको कुनै पनि विषयमा निर्णय गर्नु अघि निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकलाई आफ्नो भनाई राख्ने अवसर दिने, बालबालिकाको उमेर, बौद्धिक विकासको स्तर, आस्था र सांस्कृतिक मूल्य मान्यता अनुरूपको बोली, वचन र व्यवहार गर्ने र बालबालिकासँग सम्वाद गर्दा निजले चाहेको भाषामा गर्ने तथा आवश्यकतानुसार दोभाषेको सहयोग लिनुपर्ने प्रावधान राखेको छ ।

**ऐनले विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी निम्न बालबालिकालाई परिभाषित गरेको छ ।**

- अनाथ बालबालिका,
- अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,
- बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,
- कानूनी विवाद्मा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,
- थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,
- जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,
- बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,
- जबरजस्ती वा बधुँवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धूम्रपान, धूम्रपान मध्यपान एवम् अन्य लागुऔषधको कूलतमा फसेका, एच.आई.भी. संक्रमित बालबालिका,
- गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,
- बालबालिका विरुद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,
- विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमाबाबुमध्ये एक गुमाएका, बेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,
- विपन्न दलित समुदायका बालबालिका,

**बाल अधिकार प्रवर्द्धन र संवर्द्धन तथा व्यवस्थापन सम्बन्धी संस्थागत व्यवस्था निम्न अनुसार रहेको छ** :

- राष्ट्रिय बाल अधिकार परिषद्
- प्रदेश बाल अधिकार समिति गठन
- स्थानीय बाल अधिकार समिति गठन
- बाल कल्याण अधिकारी नियुक्ति/तोक्ने
- समाजसेवी तथा बाल मनोविज्ञ सूचिकरण र नियुक्ति
- बाल कोष निर्माण ।

बालबालिका विरुद्धको कसुर अन्तर्गत निम्न विषयहरु समेटिएको छ -

बालबालिका विरूद्वको कसूर अन्तर्गत धूम्रपान, मद्यपान वा जुवा, तास जस्ता कुलतमा संलग्न गराउने, वयस्कहरूका लागि खोलिएका डान्स बार, क्यासिनो जस्ता मनोरञ्जन स्थलमा प्रवेश वा प्रयोग गराउने, वयस्कहरूका लागि भनी तोकिएका चलचित्र, अन्य श्रव्य दृष्य जस्ता सामग्री देखाउने, घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने विषयहरू उल्लेख छन् । त्यस्तै शारीरिक चोट पटक वा असर पुऱ्याउने, आतंकित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने, विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने, राजनीतिक प्रयोजनका लागि सङ्गठित गर्ने वा हड्ताल, बन्द, चक्काजाम धर्ना वा जुलुसमा प्रयोग गर्ने, गैरकानूनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने, क्रुरूर अमानवीय व्यवहार गर्ने वा यातना दिने जस्ता विषयलाई बालबालिका सम्बन्धी कसूरको रूपमा लिएको छ । यस्तै सनातन, परम्परा वा कुनै धार्मिक वा सांस्कृतिक कार्यको लागि बाहेक भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य कुनै भेष धारण गर्न लगाउने, जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रूपमा दर्ता गराउने, भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा परम्परा, संस्कृति, रीतिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेला वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने, जादू वा सर्कसमा लगाउने, कसूरजन्य कार्य गर्न सिकाउने, तालीम दिने वा त्यस्तो कार्यमा लगाउने, बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने, प्रचलित कानून विपरीत बालबालिकाको अङ्ग झिक्ने, औषधि वा अन्य कुनै परीक्षणको लागि बालबालिकालाई प्रयोग गर्ने, कानून बमोजिम बाहेक बाल गृहमा राख्ने र कसैले बालबालिका उपर बाल यौन दुर्व्यवहार गर्ने कार्यलाई पनि बालबालिका विरुद्धको कसूर मानी कानूनी कार्बाही हुने प्रावधान रहेको छ ।

**बालबालिका सम्बन्धी ऐन तथा नियमावलीले बालबालिकाको उमेर कायम गर्नुपर्ने अवस्थामा निम्न बमोजिम गर्नुपर्ने हुन्छ ।**

(क) अस्पतालबाट जारी भएको बालबालिकाको जन्मदर्तामा उल्लिखित जन्म मिति,

(ख) खण्ड (क) बमोजिमको जन्म मिति नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति,

(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्म मिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्म मिति,

(घ) खण्ड (ग) बमोजिमको प्रमाणपत्र वा जन्म मिति पनि नभएमा अस्पतालबाट प्रमाणित उमेर सम्बन्धी प्रमाणपत्रमा उल्लिखित मिति,

(ङ) खण्ड (घ) बमोजिमको प्रमाणपत्र पनि नभएमा जन्मकुण्डली, चिना, टिपोट, बालबालिकाको बाबुआमा, संरक्षक वा परिवारका अन्य सदस्यले खुलाई दिएको उमेर वा यस्तै अन्य सम्बद्ध प्रमाण ।

**बालक्लब सम्बन्धी व्यवस्था** :

बालबालिका सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७८ ले पहिलोपटक बालक्लबको

संरचनालाई संस्थागत संरचनाको रूपमा स्वीकार गरी निम्न बमोजिमको व्यवस्था गरेको छ । यसले बालमैत्री प्रवर्द्धनमा थप योगदान पुऱ्याउन सक्दछ ।

- बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि बालबालिकाले बालक्लब वा संस्था खोल्न सक्ने,
- बालक्लब वा संस्था खोल्दा उमेर, लिङ्ग, जातजाति, अपाङ्गता लगायत स्थानीय समाजको सामाजिक तथा सांस्कृतिक विविधता समावेश हुने गरी खोल्नु पर्ने,
- अपाङ्गता भएका बालबालिकाले अपाङ्गता भएका बालबालिका मात्र र बालिकाले बालिका मात्र सदस्य रहने गरी विशिष्टीकृत बालक्लब वा संस्था खोल्न सक्ने,
- बालक्लब वा संस्था सम्बन्धित स्थानीय तहमा दर्ता गर्नु पर्ने,
- प्रस्तावित बालक्लब वा संस्थाको विधान र बालक्लब वा संस्था खोल्ने सम्बन्धमा भएको छलफल एवम् निर्णयको प्रतिलिपि सहित सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्ने,
- स्थानीय तहले आवश्यक जाँचबुझ गरी त्यस्तो बालक्लब वा संस्था दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्ने व्यवस्था छ ।

बालक्लब वा संस्थाको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने व्यवस्था रहेको छ :

- बालक्लब वा संस्थाको नेतृत्व र यसका क्रियाकलापमा अधिकतम बालबालिकाले अवसर पाउने गरी कार्यक्रम सञ्चालन गर्ने,
- बालबालिकाको हक, हित र अधिकारको प्रवर्द्धन, सिर्जनात्मक गतिविधि, खेलकुद तथा पठनपाठनमा सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालयको नियमित पठनपाठनमा बाधा नपर्ने गरी आफ्ना कार्यक्रम सञ्चालन गर्ने,
- स्थानीय तह वा विद्यालयले बनाउने कार्यक्रम तथा योजनामा बालबालिकाको तर्फबाट बालक्लब वा संस्था मार्फत सामूहिक धारणा राख्ने,
- बालक्लब वा संस्थाको सदस्यता लिन वा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्य पार्न नहुने,
- बालबालिकामा देश प्रेम र देश भक्तिको भावना जागृत गराउने,
- नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता वा विभिन्न जात, जाति, धर्म सम्प्रदायको बीचको सु-सम्बन्धमा खलल गर्ने, जातीय भेदभाव वा छुवाछुतको कार्य गर्न दुरुत्साहन गर्ने र सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने गरी कुनै कार्य नगर्ने,
- कुनै राजनीतिक दलसँग आवद्ध हुन वा दलीय राजनीतिक कार्यक्रममा सहभागी हुन वा सोको समर्थन र विरोध गर्न नहुने ।

*नोटः यसरी काम गर्दा स्थानीय कानूनमा भएको व्यवस्थालाई समेत ध्यान दिनुपर्छ ।*

बालमैत्री व्यवहार सम्बन्धी व्यवस्था अन्तर्गत बालबालिकासँग सम्बन्धित संस्थामा कार्यरत व्यक्तिले बालबालिकालाई सेवा प्रदान गर्दा बालमैत्री बोली र व्यवहार गर्नुपर्ने, बालबालिकासँग सम्बन्धित संस्थाले सो निकायका कर्मचारीलाई बाल अधिकार, बालमैत्री

व्यवहार र बाल संरक्षण सम्बन्धमा आवश्यक तालीम प्रदान गर्नुपर्ने र बालबालिकासँग सम्बन्धित संस्था, बालबालिकालाई प्रदान गर्ने सेवा र बालबालिकाले प्रयोग गर्ने भौतिक संरचना तथा सामग्री बालमैत्री बनाउनु पर्ने व्यवस्था छ ।

बालबालिकाको विशेष संरक्षण अन्तर्गत आपतकालीन उद्धार तथा राहत, मनोसामाजिक परामर्श, पारिवारिक परामर्श, कानूनी परामर्श तथा सहायता, शैक्षिक सहायता, सीपमूलक तालीम, सामाजिक संरक्षण, बाल हेल्पलाइन सेवा सञ्चालन, खेलकुद, मनोरञ्जन तथा सिर्जनात्मक क्रियाकलापको सञ्चालन लगायतका व्यवस्थाहरू राखिएका छन् ।

## राष्ट्रिय बाल अधिकार परिषद् सम्बन्धी व्यवस्था

| | |
|---|---|
| (क) मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | -अध्यक्ष |
| (ख) बाल विकास, बाल संरक्षण, बाल कल्याण वा बाल न्यायका क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेका व्यक्ति मध्येबाट नेपाल सरकारले मनोनयन गरेको व्यक्ति | -उपाध्यक्ष |
| (ग) सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | -सदस्य |
| (घ) सह-सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ङ) सह-सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (बालबालिका सम्बन्धी विषय हेर्ने) | -सदस्य |
| (च) सह-सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | -सदस्य |
| (छ) सह-सचिव, गृह मन्त्रालय | -सदस्य |
| (ज) सह-सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | -सदस्य |
| (झ) सह-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह हेर्ने) | -सदस्य |
| (ञ) सह-सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | -सदस्य |
| (ट) सह-सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | -सदस्य |
| (ठ) सह-सचिव, राष्ट्रिय योजना आयोग (बालबालिका सम्बन्धी विषय हेर्ने) | -सदस्य |
| (ड) महाशाखा प्रमुख, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (बालबालिका सम्बन्धी विषय हेर्ने) | -सदस्य |
| (ढ) सचिव, प्रत्येक प्रदेशका बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय । | -सदस्य |
| (ण) प्रहरी नायव महानिरीक्षक, प्रहरी प्रधान कार्यालय (बालबालिका सम्बन्धी विषय हेर्ने) | -सदस्य |
| (त) बाल अधिकार, बाल संरक्षण, बाल कल्याण वा बाल न्यायका क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेका व्यक्ति मध्येबाट नेपाल सरकारले मनोनयन गरेका | |

कम्तीमा तीनजना महिला सहित सातजना -सदस्य

(थ) नेपाल सरकारले नियुक्त गरेको व्यक्ति सदस्य-सचिव

**राष्ट्रिय बाल अधिकार परिषद्को काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छ :**

- बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,
- बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने,
- परिषद्को दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,
- नेपाल सरकारले जारी गरेका बालबालिकासँग सम्बन्धित नीति तथा कानूनको कार्यान्वयनको लागि समन्वय तथा सहकार्य गर्ने तथा कार्यान्वयन स्थितिको आवधिक समीक्षा गरी मन्त्रालयसमक्ष प्रतिवेदन पेश गर्ने,
- नेपाल सरकारद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,
- नेपाल पक्ष रहेका बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अन्तर्गत आवधिक प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने,
- प्रदेश सरकार र स्थानीय तहद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्ने तथा समीक्षा सहितको वार्षिक प्रतिवेदन तयारीको लागि प्रदेश र स्थानीय बाल अधिकार समितिसँग समन्वय र सहजीकरण गर्ने,
- बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने,
- प्रदेश र स्थानीय बाल अधिकार समितिबाट प्राप्त वार्षिक प्रतिवेदन तथा विवरण समेतको आधारमा बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रूपमा सार्वजनिक गर्ने,
- परिषद्को कार्यालय, कर्मचारी दरबन्दी तथा जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालीम दिने तथा क्षमता अभिवृद्धि गर्ने,
- नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि दिपश्चीय तथा बहुपक्षीय विकास साझेदार एवं अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त सहायता परिचालन गरी आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्ने,
- विपद्का समयमा बाल संरक्षणका लागि आवश्यक समन्वय, सेवा प्रवाह अवस्थाको अनुगमन, बालबालिकाको उद्धार तथा संरक्षणको कार्य गर्ने,
- स्थानीय तहलाई बालमैत्री बनाउन प्रवर्धनात्मक तथा सहजीकरणका कार्यक्रम सञ्चालन गर्ने,
- मुलुकबाहिर ओसारपसार, बेचबिखन, हिंसा, शोषणको शिकार भएका तथा बेवारिसे

भएका नेपाली बालबालिकाको उद्धार, स्वदेश फिर्ती, परिवार पहिचान तथा पुनर्मिलन र पुनर्स्थापनाको कार्य गर्ने,

- नेपाल सरकारको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालन गर्ने, बाल सुधार गृहको सञ्चालन तथा व्यवस्थापनका लागि समन्वय तथा सहजीकरण गर्ने ।

## बाल कल्याण अधिकारी सम्बन्धी व्यवस्था

स्थानीय तहमा  बाल अधिकार प्रवर्द्धन र बाल संरक्षण सम्बन्धी कार्य गर्नका लागि एक बाल कल्याण अधिकारी हुने व्यवस्था छ ।

## बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार :

- स्थानीय बाल अधिकार समितिको निर्णय एवं निर्देशन कार्यान्वयन गर्ने वा गराउने,
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्वीकृत नीति र योजना अनुरूप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय तह र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने तथा कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने,
- स्थानीय तहभित्र स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क सङ्कलन र विश्लेषण गरी अद्यावधिक प्रतिवेदन तयार गर्ने,
- स्थानीय तहका जोखिममा परेका, विशेष संरक्षण र बैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्धार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, बाबुआमालाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा बैकल्पिक स्याहार लगायतका कार्य गर्ने,
- उद्धार तथा संरक्षणका कार्य गर्न कार्ययोजना तयार गरी स्थानीय बाल अधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने,
- बालबालिका विरुद्धको कसूरका अनुसन्धान प्रकियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने,
- स्थानीय तहभित्र भएको बैकल्पिक हेरचाहको व्यवस्था, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरूकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको नियमित अनुगमन गरी सोको प्रतिवेदन स्थानीय बाल अधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने,
- स्थानीय तहमा भएका बाल अधिकार उल्लङ्घन सम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण सम्बन्धी कार्य गर्ने,
- बालबालिकाको संरक्षक नियुक्तिको लागि प्रचलित कानूनबमोजिम अदालतमा निवेदन दिने,

- बालबालिकाको लागि बैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने,
- बैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्ने, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने,
- बालबालिकाको गोपनीयताको हकको उल्लङ्घन नहुने गरी प्रचलित कानून बमोजिम प्रकाशित गर्नु पर्ने सूचना तथा प्रतिवेदन स्थानीय बाल अधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश बाल अधिकार समिति र परिषद्मा पेश गर्ने,
- स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने, स्थानीय तहमा बालश्रम, बालविवाह जस्ता समस्याको अन्त्य गर्न बालमैत्री विद्यालय, बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्ने,
- स्थानीय बाल अधिकार समितिबाट प्रत्यायोजित अन्य काम गर्ने ।

बालबालिका सम्बन्धी ऐन तथा नियमावलीले बालगृहले पुरा गर्नुपर्ने न्यूनतम मापदण्डहरू तोकेको छ । भौतिक संरचना, मानवीय तथा आर्थिक स्रोतको व्यवस्था लगायत बाल संवेदनशीलतामा केन्द्रित रहि राष्ट्रिय बाल अधिकार परिषद्ले तोकेका सबै मापदण्ड पुरा गर्नुपर्छ ।

त्यस्तै पुनर्स्थापना केन्द्रलाई समेत यस नियामावलीले नियम र थप प्रभावकारी गराउने उद्देश्य सहित पुनर्स्थापना केन्द्र सञ्चालन गर्दा पालना गर्नुपर्ने न्यूनतम मापदण्डमा उल्लेख गरेको छ । यसरी पुनर्स्थापना केन्द्र सञ्चालन गर्दा भौतिक संरचना, मानवीय पूँजी, आर्थिक स्रोत, बाल संरक्षण नीति लगायत हुनुपर्ने व्यवस्था छ ।

## ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

नेपालको संविधानको अनुसूची ८ मा रहेको एकल तथा साझा अधिकारलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय बालबालिकासँग प्रत्यक्ष सम्बन्धित निम्न विषयवस्तुहरू समेटेको छ ।

### स्थानीय सेवाको व्यवस्थापन

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन
- स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन
- आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापन

### स्थानीय तथ्याङ्क र अभिलेख संकलन

- जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइसराइ दर्ता र पारिवारिक लागतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन ।

### आधारभूत र माध्यमिक शिक्षा

- प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा सम्बन्धी नीति,

कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन,
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार,
- आधारभूत तहको परीक्षा व्यवस्थापन,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन ।

### आधारभूत स्वास्थ्य र सरसफाई

- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन,
- आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रवर्द्धन,
- स्वस्थ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण,
- सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन ।
- महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम र व्यवस्थापन
- परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन र नियमन ।

### विपद् व्यवस्थापन

- स्थानीय तहमा विपद् व्यवस्थापन सम्बन्धी नीतिगत, संरचनागत, आर्थिक तथा प्राविधिक व्यवस्थापन गर्ने
- गाउँपालिका तथा नगरपालिकाले स्थानीय कानून बमोजिम आकस्मिक कोष स्थापना गरी सञ्चालन गर्न सक्नेछ (बाल कोषको विशेष व्यवस्था गर्न सक्ने ।)

### स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा १२ को उपदफा २ मा भएको व्यवस्था अनुसार वडा समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेका छन्:

- बाल उद्यानको व्यवस्था गर्ने,
- अनौपचारिक शिक्षा कार्यक्रम गर्ने,
- प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,
- पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन गर्ने,
- बालक्लब तथा बालसंजालको सञ्चालन र व्यवस्थापन गर्ने,
- वडा तहको स्वास्थ्य केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन गर्ने,
- बालबालिकालाई बि.सि.जि., पोलियो, भिटामिन ए. को व्यवस्था गर्ने,
- पोषण कार्यक्रमको सञ्चालन गर्ने,
- वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,
- सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण र व्यवस्थापन गर्ने, गराउने,
- वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,
- अन्तरविद्यालय तथा बालक्लब मार्फत् खेलकुद कार्यक्रमको सञ्चालन गर्ने, गराउने,
- प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संरक्षण गर्ने,

- व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- वडालाई बालमैत्री बनाउने,
- वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने,
- बालविवाह, महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने गराउने,
- प्राङ्गरिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने,
- यसका साथै नेपाल सरकारले प्रमुख प्रशासकीय अधिकृतको कार्यसम्पादन सम्झौतामा समेत बालबालिकाको विभिन्न सवालका साथै बाल मैत्री स्थानीय शासनको अवलम्बन र कार्यान्वयन गर्नुपर्ने कुरा उल्लेख छ ।

## घ) पन्ध्रौं राष्ट्रिय योजना २०७६/७७-८०/८१

परिच्छेद ७ को उप-शीर्षक ७ को सामाजिक क्षेत्र अन्तरगत ७.६ मा बालबालिका तथा किशोरकिशोरीको विषय उल्लेख छ । पन्ध्रौं योजनाका परिमाणात्मक लक्ष्यहरू :

- पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता १०० प्रतिशत पुऱ्याउने,
- कम तौल भएका बालबालिकाको प्रतिशत १५ सम्ममा झार्ने,
- मातृभाषामा पठनपाठन हुने विद्यालयको संख्या ३२४ (योजनाको शुरु वर्षमा २७०) पुऱ्याउने लिएको छ ।
- मातृशिशु मृत्युदर प्रतिलाख २० मा झार्ने,
- बाल मृत्युदर ८ मा झार्ने,
- माध्यमिक तह खूद भर्नादर ९५% पुऱ्याउने ।

### पन्ध्रौं योजनामा बालबालिका सम्बन्धी कार्यनीति

- सरकारका तीनै तहमा बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम र मापदण्ड कार्यान्वयन भएको हुने,
- विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकार संरक्षण भएको हुने,
- बालबालिकाको शिक्षा, पोषण र स्वास्थ्य सम्बन्धी सेवा सुविधामा पहुँच पुगेको हुने,
- बालबालिका विरुद्ध हुने सबै प्रकारका शारीरिक र मानसिक शोषण, हिंसा र दुर्व्यवहार उल्लेख्य रूपमा न्यूनीकरण भएको हुने,
- सरकारी निकाय, संस्था, बाबुआमा तथा संरक्षकको बालबालिकाप्रतिको दायित्व अभिवृद्धि भएको हुने र
- बालबालिका खोजतलास नं. १०४ र बाल हेल्पलाइन नं. १०९८ प्रभावकारी रूपमा सञ्चालन भएको हुने ।

### ङ) दिगो विकास लक्ष्य, 2030

- दिगो विकास लक्ष्यहरूमा सन् २०३० सम्ममा पूरा गर्न १७ वटा लक्ष्यहरू, १६९ वटा परिलक्ष्यहरू र २३७ वटा सूचकहरू छन् ।
- कूल लक्ष्यहरूमध्ये बालबालिकासँग प्रत्यक्ष सम्बन्धित हुने ८ वटा लक्ष्यहरू, ३५ वटा परिलक्ष्यहरू र ७६ वटा सूचकहरू छन् ।
- यसमध्ये अधिकांश शिक्षा, स्वास्थ्य, बालहिंसा, सामाजिक सुरक्षा कार्यक्रम, मानसिक वा शारीरिक सजाय, बेचबिखन पीडित र जन्मदर्ताजस्ता विषयहरू छन् ।
- जम्मा २३७ सूचकमा नेपालको सन्दर्भमा २५७ वटा थप गरी जम्मा ४९४ वटा सूचकहरू छन् ।

### पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८

बालमैत्री स्थानीय शासनको असल अभ्यासको सिकाईको उपलब्धि स्वरुप नेपाल सरकारले पोषणमैत्री स्थानीय शासन, २०७८ को प्रारुप तयार गरेको छ । सो अवधारणा अन्तरगत स्वास्थ्य क्षेत्र, शिक्षा क्षेत्र, खानेपानी तथा सरसफाई क्षेत्र, कृषि तथा पशुपंक्षि विकास क्षेत्र, महिला तथा बालबालिका क्षेत्र र शासकीय सुधार गरी ७६ वटा सूचकहरू तयार गरी कार्यान्वयन गरिरहेको छ। पोषणमैत्री स्थानीय तह कार्यन्वयन निर्देशिका, २०७८ का अधिकांश सूचकहरु बालमैत्री स्थानीय शासनका सूचकसँग पनि अन्तरसम्बन्धित हुने हुँदा दुवै अभियानलाई सँगसँगै लैजादा प्रभावकारी हुने देखिन्छ ।

## २.४ अधिकार र कर्तव्य सम्बन्धी केही उदाहरणहरू

| अधिकार | कर्तव्य |
|---|---|
| उपयुक्त वातावरणमा गुणस्तरीय शिक्षाको उपलब्धता प्रदान गर्नु । | नियमित र अनुशासित ढङ्गले शिक्षा आर्जन गर्नु/सिक्न खोज्नु । |
| बालबालिकासँग प्रत्यक्ष सम्बन्धित विषयवस्तुमा अर्थपूर्ण र समान सहभागिता हुने अधिकार ।<br>यथार्थ र समयमा सूचना प्राप्त गर्नु । | कसैलाई गाली नगर्नु, सही सूचना दिनु, सक्रिय सहभागी हुनु र अरु साथीहरूको विचार सुनि विचारको कदर गर्नु बालबालिकाको कर्तव्य हो । |
| हरेक बालबालिका भेदभाव रहित वातावरणमा हुर्कन पाउनु । | आफूले पनि अरुलाई भेदभाव नगर्नु, वयस्कलाई सम्मान गर्नु, सरसल्लाह लिनु बालबालिकाको कर्तव्य हो । |
| बालबालिकाले पर्याप्त समय खेलकुद तथा मनोरञ्जन र व्यक्तित्व विकासको अवसर पाउनु ।<br>निकृष्ट प्रकारका श्रमबाट सुरक्षा । | उपलब्ध भएको समयमा परिवारका सदस्यलाई आफूले सक्ने काममा सघाउ पुर्याउनु । |
| सुरक्षित जन्म तथा पहिचानको अधिकार । | सामाजिक स्वयंसेवा तथा सेवाभाव राख्नु । |

# ३. बाल सहभागिता

## ३.१ परिचय

बालबालिकाको जीवनमा प्रभाव पार्ने नीति निर्णयहरूमा आफ्नो कुरा सुनुवाई गर्ने र सो विचारको कदर गरिनुपर्ने, रचनात्मक कार्य, सामाजिक र सांस्कृतिक क्रियाकलाप तथा जीवनका हरेक पक्षमा विना रोकतोक र विना भेदभाव सहभागी हुन पाउने, आस्था अनुसारको धर्ममा संलग्न हुने, कुनै पनि कुराको जानकारी राख्न र अभिव्यक्त गर्न, संघ-संस्था खोल्न वा सहभागी हुन पाउने लगायतका अधिकारहरू नै बालबालिकाको सहभागिताको अधिकार हो । बालबालिकाले आफूलाई विभिन्न स्थानमा सहभागी गराउदै सिक्ने, अनुभव गर्ने, अनुभूति गर्दै यसलाई व्यवहारिक तरिकाबाट आत्मसात् गर्दै आफूलाई परिपक्व र सक्षम बनाउदै लैजानु बाल सहभागिता हो ।

विकासका लागि बनाईएका योजनामा पनि बालबालिकाको आवाज राख्न र बालबालिकालाई सुहाउँने राष्ट्र बनाउन पनि उनीहरूको सहभागिता अनिवार्य हुनुपर्दछ । नेपालको संविधानको मौलिक हकको धारा ३९ को उपधारा ३ अनुसार कुनै पनि बालबालिकालाई बाल सहभागिताको हक हुनेछ भन्ने कुरा उल्लेख गरिएको छ ।

## ३.२ अर्थपूर्ण बाल सहभागिता

अर्थपूर्ण बाल सहभागिता बाल अधिकार महासन्धि, १९८९ को अभिन्न अङ्ग हो । महासन्धिको धारा १२ मा हरेक बालबालिकाले आफ्नो भावना र विचार राख्ने र त्यसको कदर गर्ने विषयलाई जोड दिएको छ । त्यसैगरी बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा ५, १३, १४, १५, १६, १७ र ३१ ले पनि बालबालिकाको सहभागितालाई सुनिश्चित गरेको छ ।

अर्थपूर्ण बाल सहभागितालाई व्यक्ति, संस्था आदिले फरक-फरक किसिमले बुझ्ने गरेको र अभ्यास गर्ने गरेको साथै सहभागितालाई नाम मात्रको र देखाउनका लागिमात्र बालबालिकालाई संलग्न गराउने गरेको हुँदा सन् २००९ मा बाल अधिकार समितिले अर्थपूर्ण बाल सहभागिताका लागि न्यूनतम मापदण्ड अघि सारेको थियो । जुन निम्न अनुसार छन् :

१. **सुसूचित र पारदर्शिता** : बालबालिकालाई सहभागी गराउने क्रममा जुन विषयमा सहभागी गराउन लागिएको हो सो विषयमा पहिले नै पूर्णरूपमा जानकारी दिनुपर्छ । यसरी जानकारी दिँदा ढिलो नगरी समयमै दिनुपर्छ ।

२. **स्वयंसेवी** : कुनै पनि विचार व्यक्त गर्न, सहभागी हुन बालबालिकालाई दवाव दिन पाइदैन । सहभागिताको नाममा उसको गोपनियता हनन् हुने गरी बोल्नका लागि करबल प्रयोग गर्न पाईदैन ।

३. **सम्मानपूर्ण** : कुनैपनि बालबालिकाले व्यक्त गरेका विचारलाई सम्मान गर्नुपर्दछ । यसको अर्थ बालबालिकाले भनेका गलत कुरालाई पनि आत्मसात् गर्नुपर्छ भन्ने होइन तर गलत नै भएपनि विचार भने व्यक्त गर्न दिनुपर्छ ।

४. **समावेशी** : बालक्लब वा बालबालिका सम्बन्धी कार्यक्रममा कुनै समूह वा समुदायका

मात्र नभई सबै किसिमका बालबालिकालाई समावेशी तरिकाले सहभागी गराउनुपर्छ ।

**५. तालिम दिएर सहयोग गर्ने** : बालबालिकासँग काम गर्ने व्यक्तिलाई कसरी बालबालिकाको अर्थपूर्ण सहभागिता गराउने भन्ने बारेमा क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ । यसरी तालिम नपाएका, अर्थपूर्ण बाल सहभागिताको मापदण्डबारे थाहा नभएका व्यक्तिहरूबाट अर्थपूर्ण बाल सहभागिताको अभ्यास हुँदैन । त्यसैगरी बालबालिकालाई पनि कसरी आफ्नो विचारहरू प्रस्तुत गर्ने, अर्थपूर्ण बाल सहभागिताका मापदण्डहरू के हुन् ? भन्ने जस्ता विषयमा क्षमता अभिवृद्धि गरिनु पर्दछ ।

**६. जोखिम र सुरक्षा बारे संवेदनशील** : सहभागितासँगसँगै बालबालिकाले स्वतन्त्रपूर्वक र निर्धक्कसँग विचार व्यक्त गर्नसक्ने वातावरणको निर्माण गर्नुपनि आवश्यक हुन्छ । उनीहरू आफूलाई डर लाग्ने, अप्ठेरो महशुस हुने, असुरक्षित महशुस गरेको अवस्थामा आफ्ना विचारहरू व्यक्त गर्न सक्दैनन् ।

**७. जवाफदेही** : बालबालिकासँग विचार लिइसकेपछि सो विचारको प्रयोग कसरी हुन्छ ? कहाँ-कहाँ हुन्छ ? सम्पूर्ण विचार सम्बोधन गर्न सकिन्छ की सकिदैन भन्ने जस्ता विषयमा बालबालिकालाई जानकारी गराउनु वयस्कको दायित्व हो ।

**८. बालमैत्री** : जहाँ बालबालिका रमाइलो मान्छन्, त्यहीँ उनीहरू निर्धक्कसँग आफ्ना विचार राख्न सक्छन् । त्यसका लागि हाम्रो तरिका, विधि, प्रक्रिया, व्यवहार शासन प्रणाली सबै बालमैत्री हुनुपर्छ ।

**९. सम्बन्धित** : बाल सहभागिता भनेको हरेक विषयमा बालबालिकालाई सहभागी गराउनु नभई उनीहरूसँग सम्बन्धित विषयमा मात्र उनीहरूलाई सहभागी गराउने हो ।

## ३.२ बाल सहभागिता कहाँ-कहाँ हुन्छ ?

- योजना तर्जुमा समिति
- बालमैत्री स्थानीय शासन गाउँ/नगर समिति
- बस्ति स्तरको योजना तर्जुमा प्रक्रिया
- बाल भेला
- बालक्लब र बाल संजाल
- बाल अधिकार समिति
- स्वास्थ्य तथा विद्यालय व्यवस्थापन समिति
- समुदायको समिति
- विद्यालय व्यवस्थापन समिति
- स्वास्थ्य व्यवस्थापन समिति
- घरपरिवार
- विपद् व्यवस्थापन समिति,
- वातावरण संरक्षण, लगायत
- बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने अन्य क्षेत्रहरू ।



# ४. बालमैत्री स्थानीय शासन अवधारणा

## ४.१ बालमैत्री

बालबालिकालाई मित्रवत वा मैत्रीपूर्ण व्यवहार गर्नु नै बालमैत्री हो । अर्को अर्थमा भन्नु पर्दा बालमैत्री भन्नाले बालबालिकालाई मनपर्ने, उनीहरूलाई सहज, रमाइला र सुरक्षित लाग्ने तथा बाल अधिकार हनन् नहुने व्यवहार वा वातावरण भन्ने बुझिन्छ । जस्तैः विद्यालयमा बालबालिका अनुकूल वातावरण हुनु, शिक्षकले बालबालिकालाई साथी झैं व्यवहार गर्नु, घरमा अभिभावकले बालबालिकालाई राम्रो व्यवहार गर्नु, आदि । यस्तै बालबालिकाको लिङ्ग, जाति भाषा धर्म आदि आधारमा भेदभाव नगर्नु बालबालिका सम्बन्धी विषयमा बालबालिकाका विचारहरू सुन्नु र कदर गर्ने वातावरणलाई बालमैत्री भनिन्छ ।

## ४.२ शासन

शासन भन्नाले सङ्गठित समाजको कानून, मान्यता, शक्ति वा भाषाको माध्यमबाट सामाजिक प्रणालीमाथि अन्तरक्रिया गर्ने प्रक्रिया हो । त्यसैले बालमैत्री शासनमा स्थानीय सरकारको माध्यमबाट हाम्रो गाउँ टोल छिमेक सबै स्थानहरूमा बालबालिकालाई मैत्रीपूर्ण व्यवहार गर्ने गाउँघरमा हुने कार्यक्रम छलफल योजना निर्माणमा बालबालिकाको अधिकारका क्षेत्रहरू बाँच्न, विकास, संरक्षण र सहभागिताको अधिकारलाई केन्द्रबिन्दुमा राखेर सञ्चालन गरिने शासन पद्धति नै बालमैत्री स्थानीय शासन हो ।

शासनको परिभाषा यहि नै हुन्छ भन्ने नभए तापनि यो सबैतिर हुन्छ । परिवार, समाज, विद्यालय, राज्य सबैतिर शासन चलिरहेकै हुन्छ । शासन असल वा खराब पनि हुनसक्छ । शासन असल भए सु-शासन अर्थात असल शासन हुन्छ भने खराब भएको शासन कु-शासन हो; जसलाई निरंकुश शासन पनि भनिन्छ । शासन हुनका लागि योजना, बजेट (रकम) नीति, नियम र कार्यक्रम (काम) विभिन्न पद र संरचना आवश्यक हुन्छ । शासन तपाईं हाम्रो घरमा पनि हुन्छ जहाँ हजुरबुवा, हजुरआमा, आमाबुबा, दाइ, दिदी, भाइ, आदि भन्ने पद हुन्छ घर सञ्चालन गर्ने योजना हुन्छ भने काम र घर सञ्चालनका लागि पैसा पनि हुनुपर्दछ । यस्तै विद्यालय, विभिन्न समूह, संस्थाहरूमा पनि शासन हुन्छ । अर्को शब्दमा भन्नुपर्दा शासन भनेको कुनैपनि काम वा जिम्मेवारीलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्नु हो । यसका लागि नियमहरू बनाउने, बनेका नियमहरू पालना भयो की भएन हेर्ने अनुगमन गर्ने, काम गर्नको लागि योजना बनाउने तथा सम्बन्धित सबै व्यक्ति वा पक्षहरूको कुरा सुनेर कार्यसम्पादन गर्नु नै शासन हो । शासन हुनका लागि विशेषतः सङ्गठन, संरचना, पद, योजना, नीति नियम र बजेटहरू आवश्यक हुने गर्दछ । शासन राज्यका तिनै तहका संरचनामा मात्र हैन घरपरिवार, समुदाय, बालक्लबमा पनि हुन्छ ।

## ४.३ बालमैत्री स्थानीय शासन

हाम्रो वरपर अर्थात स्थानीय तहमा भएका सबै प्रकारका संरचनाहरू कार्यालय, समुदाय, विद्यालय, परिवार र त्यहाँ हुने मानिसहरू शिक्षण स्वयंसेवक बुबाआमा सबैको व्यवहार बालबालिकाप्रति संवेदनशील भएको हुन्छ । बालबालिकाको आवाजको सुनुवाई हुने, बालबालिकाको पहुँचमा सबै संरचनामा हुने तथा बाल अधिकारको सुनिश्चितता भएको

शासन व्यवस्थालाई बालमैत्री शासन भएको मानिन्छ । स्थानीय सरकारको माध्यमबाट हाम्रो गाउँ टोल छिमेक सबै स्थानहरूमा बालबालिकालाई मैत्रीपूर्ण व्यवहार गर्ने गाउँघरमा हुने कार्यक्रम छलफल योजना निर्माणमा बालबालिकाको अधिकारका क्षेत्रहरू बाँच्न, विकास, संरक्षण र सहभागिताको अधिकारलाई केन्द्रबिन्दुमा राखेर सञ्चालन गरिने शासन पद्धति नै बालमैत्री स्थानीय शासन हो । त्यस्तै बालमैत्री स्थानीय शासन भन्नाले स्थानीय स्तरमा भएका भौतिक संरचना स्थानीय स्तरमा बन्ने योजना कार्यक्रम नीति र विनियोजन हुने बजेट सबैमा बालबालिकालाई विशेष ध्यानमा राखी गरिने कार्य प्रक्रिया हो । यस अन्तर्गत बाल अधिकारको सुनिश्चितता स्थानीय तहको नेतृत्वमा हुने गर्दछ भने त्यस्तो अवस्थालाई बालमैत्री स्थानीय शासन भएको मान्न सकिन्छ ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८, र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ का अनुसार "बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिताजस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति नै बालमैत्री स्थानीय शासन हो ।"

बाल अधिकार महासन्धि अन्तर्गतका बालबालिकाका अधिकारहरू अझ विशेषगरी बाल अधिकारका मुलभूत चार क्षेत्रहरू बचाउ, विकास, संरक्षण र सहभागिता जस्ता सवालहरूलाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्यप्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धतिलाई नै बालमैत्री स्थानीय शासन भनिएको हो । यस पद्धतिले बालबालिकाको अर्थपूर्ण सहभागितामा उनीहरूकै निम्ति अनुकूल हुने गरी योजना तर्जुमा, बजेट विनियोजन, गाउँ तथा नगर सभाबाट यस्ता योजना तथा बजेट स्वीकृत, स्वीकृत योजनाको कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन गर्न सघाउँदछ ।

### ४.४ बालमैत्री स्थानीय शासनको विकासक्रम (मुख्य घटनाहरू)

| क्र.स. | मिति | घटना |
|---|---|---|
| १. | २०४७ | बाल अधिकार महासन्धि १९८९ को अनुमोदन |
| २. | ऐन २०४८ र नियमावली २०५१ | बालबालिका सम्बन्धी ऐन, २०४८ र नियमावली २०५१ |
| ३. | २०५५ | स्थानीय स्वायत्त शासन ऐन, २०५५ |
| ४. | २०५७/५८ र २०६७/६८ | सामाजिक परिचालन र बालमैत्री स्थानीय शासनको अवधारणाको विकास |
| ५. | ऐन २०५६ र नियमावली २०६२ | बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ र यसको नियमावली, २०६२ |

| | | |
|---|---|---|
| ६. | २०५७/५८ बाट | महिला र बालबालिकाका लागि विकेन्द्रिकृत कार्यक्रम (डकाउ) |
| ७. | २०६१ | बालबालिका सम्बन्धी दश वर्षे राष्ट्रिय कार्ययोजना, २०६१ |
| ८. | २०६३ | नेपालको अन्तरिम संविधान, २०६३ |
| ९. | २०६५/६६ | बालमैत्री स्थानीय शासन समिति गठन |
| १०. | २०६५/६६ | बालबालिका लक्षित बजेट |
| ११. | २०६६ | नमुनाका रूपमा ५ वटा जिल्लामा बालमैत्री अवधारणाको सुरुवात |
| १२. | २०६७ | बालमैत्रीको पहिलो तालीम |
| १३. | २०६७/६८ | योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण बाल सहभागिताको सुरुवात |
| १४. | तेह्रौं योजना | तेह्रौं योजनामा बालमैत्रीको विषय समावेश |
| १५. | २०६७ | गाउँ विकास समिति तथा जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ |
| १६. | २०६८ | बालमैत्री स्थानीय शासन राष्ट्रिय राणनीति, २०६८ र यसको कार्यान्वयन कार्यविधि |
| १७. | २०६९ | स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ |
| १८. | २०६९ | बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ |
| २०. | २०७० | बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७० |
| २१. | सन् २०१५ | सहश्राब्दी विकास लक्ष्य सन्, २००० र दिगो विकास लक्ष्य सन्, २०१५ |
| २२. | २०७१/७२ | स्थानीय निकायको योजना तर्जुमा प्रक्रियामा बाल भेला संस्थागत भएको |
| २३. | गा.वि.स. २०७० र नगरपालिका, २०७२ | बालमैत्री गा.वि.स. घोषणा (२०७० पौष ९ गते तत्कालीन नवलपरासीको प्रगतीनगर गा.वि.स.) र सुनवल नगरपालिका बालमैत्री नगर घोषणा, २०७२ |
| २४. | २०७२ | नेपालको संविधान |
| २५. | २०७४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
| २६. | २०७५ | बालबालिका सम्बन्धी ऐन, २०७५ |
| २७. | २०७८ | बालमैत्री स्थानीय शासन कार्यन्वयन निर्देशिका, २०७८ |
| २८. | २०७८ | बालबालिका सम्बन्धी नियमावली, २०७८ |
| २९. | २०७९ | बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ |





# ५. बालमैत्री स्थानीय शासनको लक्ष्य र उद्देश्य

## ५.१ लक्ष्य

बालमैत्री स्थानीय शासनको सुनिश्चितताबाट बाल अधिकार प्राप्त भै बालबालिकाका लागि आवश्यक सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार गरी सेवाको सुनिश्चतता प्रदान गर्नु नै बालमैत्री स्थानीय शासनको लक्ष्य हो । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले नेपाललाई वि.सं. २०८७ सम्म बालमैत्री बनाउने लक्ष्य लिएको छ ।

## ५.२ बालमैत्री स्थानीय शासनको उद्देश्य

(१) बालबालिका सुरक्षित भई बाँच्न पाउने हकको प्रवर्द्धन गर्ने,

(२) बालबालिकाको संरक्षण सम्बन्धी हकको प्रवर्द्धन गर्ने,

(३) बालबालिकाको विकास सम्बन्धी हकको प्रवर्द्धन गर्ने,

(४) बालबालिकाको लागि आधारभूत सेवा प्रवाह,

(५) योजना तर्जुमा सम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा उनीहरूको आवाजको सुनुवाई गर्ने र

(६) निर्माण हुने भौतिक संरचना बालमैत्री बनाउनु ।

## ५.३ बालमैत्री स्थानीय शासनको औचित्य

- स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा बालबालिकाको सवाललाई समेट्न,
- बालबालिका सम्बन्धी नीति तथा कार्यक्रममा अन्तर सरकार समन्वय स्थापित गर्न,
- निर्माण हुने पूर्वाधार तथा संरचनालाई बालमैत्री बनाउन,
- विपद् तथा जोखिममा बालबालिकालाई प्राथमिकतामा राख्न,
- संस्थागत क्षमता र मानवीय संशाधन तयार गर्न,
- सरकारी तथा गैर सरकारी निकायबीच समन्वय गर्दै बाल अधिकार र बालमैत्री अवधारणालाई प्रवर्द्धन गर्न ।
- नेपालले प्रतिवद्धता गरेको, अवलम्बन गरेको कानूनी व्यवस्था अनुसार बालबालिकामा सेवा प्रवाह सुनिश्चितता गर्न ।

# ६. बालमैत्री स्थानीय शासनको आवश्यकता

नेपालको शासकीय पद्धति र सेवा प्रवाहका सम्बन्धमा बालबालिकाका सवालहरू सम्बोधन गर्न आवश्यक ठानी विगत लामो समयदेखि नेपालमा बालबालिकाको अधिकारलाई प्रत्याभूत गराउन तथा बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न कार्यक्रमहरू सञ्चालन भएका थिए । यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै हालको परिवर्तित सन्दर्भ र नेपालको संविधानको अनुरुप राष्ट्रका सबै स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम तथा गतिविधिहरू बीच एकरूपता कायम गरी बालबालिकाको

सर्वाङ्गीण विकास गर्न अत्यावश्यक छ । तसर्थ स्थानीय सरकारको शासन प्रक्रियामा बालबालिकाको अधिकार सम्बन्धी सवाललाई समावेशी सिद्वान्तको आधारमा मूलप्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासनको आवश्यकता छ ।

## ७. बालमैत्री स्थानीय शासनका निर्देशक सिद्धान्त

बाल अधिकार महासन्धिका ४ वटा सिद्धान्त र थप ३ सिद्धान्तलाई समेत आत्मसात् गर्दै बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ कार्यान्वयनमा ल्याइएको छ ।

(१) गैरविभेदीकरण

(२) बालबालिकाको सर्वोत्तम हित

(३) बालबालिकाको सर्वाङ्गीण विकास

(४) बालबालिकाको सहभागिता र विचारको सम्मान

(५) सन्निकटताको सिद्धान्त

(६) समावेशीकरणको सिद्धान्त

(७) समुदायमा आधारित विकासको सिद्धान्त

## ८. बालमैत्री स्थानीय शासनका रणनीतिहरू

| क्र.स. | मिति | घटना |
|---|---|---|
| १. | मूलप्रवाहीकरण | ३ वटा कार्यनीति |
| २. | नीतिगत वकालत पैरवी र संचेतना | ७ वटा कार्यनीति |
| ३. | संस्थागत विकास | ९ वटा कार्यनीति |
| ४. | क्षमता विकास | ६ वटा कार्यनीति |
| ५. | सहकार्य र साझेदारी प्रवर्द्धन | ३ वटा कार्यनीति |
| ६. | समुदाय परिचालन | ४ वटा कार्यनीति |
| ७. | सामाजिक जवाफदेहीता र पारदर्शिता | ५ वटा कार्यनीति |
| ८. | समतामूलक कार्यक्रम | २ वटा कार्यनीति |
| ९. | सूचना, शिक्षा र सञ्चारको माध्यमबाट व्यवहार परिवर्तन | २ वटा कार्यनीति |
| १०. | अनुगमन तथा मूल्याङ्कन | ४ वटा कार्यनीति |

# ९. बालमैत्री स्थानीय शासन सञ्चालनको संस्थागत प्रबन्ध

## ९.१ बालमैत्री स्थानीय शासन गाउँ/नगर समिति:

**बालमैत्री स्थानीय शासन गाउँ /नगर समिति :**

(१) अध्यक्ष/प्रमुख, गाउँ/नगरपालिका -अध्यक्ष
(२) उपाध्यक्ष/उप प्रमुख, गाउँ/नगरपालिका -उपाध्यक्ष
(३) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(४) वडा अध्यक्ष (सबै) –सदस्य
(५) गाउँ/नगर कार्यपालिका (सबै) –सदस्य
(६) महाशाखा/शाखा प्रमुखहरू (स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाइ, गैर सरकारी संस्था समन्वय) –सदस्य
(७) महिला/बालबालिकाको क्षेत्रमा कामगर्ने स्थानीय गैर सरकारी संस्था मध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको एक महिला सहित २ जना –सदस्य
(८) स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरू मध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको प्रतिनिधि (१/१ जना) -सदस्य
(९) गाउँ/नगरपालिकामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको प्रतिनिधि (१ जना)-सदस्य
(१०) गाउँ/नगरपालिका स्तरीय बाल सञ्जालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका समेत) -सदस्य
(११) महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय समुदायिक संस्था वा समूह मध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य
(१०) गाउँ/नगरपालिका क्षेत्रमा रहेका प्रहरी कार्यालय प्रमुख (१ जना) –सदस्य
(११) सामाजिक शाखा/महाशाखा प्रमुख -सदस्य-सचिव

## ९.२ बालमैत्री स्थानीय शासन कार्यान्वयन सहजीकरण समिति:

बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ ले बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन सहजीकरणका उद्देश्य सहित कार्यक्रम कार्यान्वयन सहजीकरण समितिको व्यवस्था गरेको छ । स्थानीय तहको वार्षिक योजनामा समावेश तथा बालमैत्री स्थानीय शासनलाई प्रवर्द्धन गर्ने विकास साझेदार, गैरसरकारी संस्था तथा निजी क्षेत्रबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न प्रत्येक गाउँपालिका तथा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत संयोजक रहेको कार्यक्रम कार्यान्वयन सहजीकरण समिति रहन्छ । समितिमा देहायका सदस्य रहने व्यवस्था कार्यविधिले गरेको छ :

(क) प्रमुख प्रशासकीय अधिकृत, संयोजक
(ख) सामाजिक विकास शाखा प्रमुख, सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख, सदस्य
(घ) शिक्षा शाखा प्रमुख, सदस्य
(ङ) योजना तथा अनुगमन शाखा प्रमुख, सदस्य
(च) कानून तथा फैसला कार्यान्वयन शाखा प्रमुख, सदस्य
(छ) खानेपानी, सरसफाई एवम् विपद् व्यवस्थापन सम्बन्धी शाखा प्रमुख, सदस्य
(ज) साझेदार गैर सरकारी संस्थाको प्रतिनिधि, सदस्य
(झ) स्थानीय बालक्लब सञ्जालबाट दुईजना (बालक १ र बालिका १) प्रतिनिधि सदस्य
(ञ) स्थानीय बाल कल्याण अधिकारी, सदस्य
(ट) बालक्लबका पूर्व सदस्य (संयोजकले तोकेको एक जना प्रतिनिधि) सदस्य
(ठ) बालक्लब सञ्जालको संयोजक, सदस्य
(ड) स्थानीय विद्यालयका प्रधानाध्यापक मध्ये संयोजकले तोकेको एक जना, सदस्य
(ढ) महिला, बालबालिका शाखा प्रमुख वा बालमैत्री सम्पर्क शाखाको प्रमुख, सदस्य-सचिव

### स्थानीय तहमा वार्षिक रूपमा समितिले सञ्चालन गर्नसक्ने कार्यक्रमहरू :

- वार्षिक स्वीकृत कार्यक्रमको कार्ययोजना बनाई कार्यान्वयन गर्ने,
- साझेदार संस्थाबाट हुने लगानीलाई सूचक प्राप्तिको लागि एकीकृत योजना बनाई कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने,
- बालमैत्री स्थानीय शासनको लागि स्रोत तथा लगानीको क्षेत्र खोजी गरी स्थानीय तहमा सिफारिस गर्ने,
- कार्यक्रम कार्यान्वयनमा सरोकारवालाको सार्थक सहभागिताको सुनिश्चित गर्ने,
- सूचक प्राप्तिको अवस्था विश्लेषण गर्ने तथा प्राप्तिको लागि मार्गदर्शन गर्ने,
- कार्यक्रम कार्यान्वयनको कार्ययोजना बनाई अनुगमन गर्ने,
- बालमैत्री स्थानीय शासन अवलम्बनदेखि घोषणासम्मको अवधिको प्रगति समीक्षा तथा प्रतिवेदन तयारीमा सहजीकरण गर्ने ।

### ९.३ बालमैत्री स्थानीय शासन वडा समिति :

वडास्तरमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन वडा समिति रहनेछ :

(१) वडा अध्यक्ष -अध्यक्ष
(२) वडा समिति सदस्य (सबै) -सदस्य
(३) स्थानीय स्वास्थ्य संस्थाका प्रमुख (१ जना) -सदस्य
(४) महिला र बालबालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संघसंस्था वा सामुदायिक संस्था वा टोल विकास संस्था मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि (२ जना) -सदस्य

(५) वडामा रहेका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि (३ जना) -सदस्य

(६) वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका -सदस्य

(७) वडास्तरीय बाल संजालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका) -सदस्य

(८) वडा सचिव -सदस्य–सचिव

### ९.४ बालमैत्री स्थानीय शासन समुदायस्तरीय समिति :

(१) वडा समितिले तोकेको वडा सदस्य -अध्यक्ष

(२) गाउँ/नगरपालिका वडा समितिमा सूचिकृत टोल विकास संस्था/सामुदायिक संस्था/आमा समूहका अध्यक्षहरू -सदस्य

(३) स्थानीय विद्यालय र स्वास्थ्य संस्थाका प्रतिनिधिहरू -सदस्य

(४) समुदायमा रहेका बाल समूहका अध्यक्षहरू -सदस्य

## १०. बालमैत्री स्थानीय शासनको अवलम्बन

बालमैत्री वातावरण निर्माण गरी बालमैत्री स्थानीय शासन प्रत्याभूत गराउने पहिलो जिम्मेवारी सम्बन्धित वडा र स्थानीय सरकारको हुन्छ। कुनैपनि कुराको अवलम्बन गर्ने पहिलो आधार ईच्छाशक्ति र प्रतिबद्धता नै हो । यद्यपी बालमैत्री स्थानीय शासनको अवलम्बन गर्न सर्बप्रथम स्थानीय स्तरमा रहेर कार्यगर्ने साझेदार संघ-संस्थाहरू बालक्लबका पूर्व सदस्यहरू अभियान्ता, शिक्षक, बुद्धिजीवी, स्वास्थ्यकर्मी, राजनीतिक दल, महिला समूह, उद्योग, व्यापारीलाई बालमैत्री स्थानीय शासनका विषयमा बुझाउनु जरुरी छ किनभने बालमैत्री घोषणा र निरन्तरता सिमित क्षेत्रबाट मात्र सम्भव छैन ।

सरोकारवालाको अभिमूखीकरण गरी सामूहिक प्रतिबद्धता व्यक्त गर्न लगाउनु पर्दछ। ताकि कामगर्ने सिलसिलामा कुनै बाधा वा कठिनाई उत्पन्न नहोस्। प्रतिबद्धतासँगसँगै बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्ने ठोस कार्ययोजना तर्जुमा गर्नुपर्दछ । बालमैत्री स्थानीय शासनको प्रत्याभूत गराउने पहिलो दायित्व स्थानीय सरकारको हुने भएकाले आफ्नो पूँजीगत बजेटबाट बालमैत्री स्थानीय शासनका सूचक सहितको आवधिक र वार्षिक योजनाले परिलक्षित गरेको बालमैत्री स्थानीय शासन सम्बन्धी प्रक्रिया र सूचक प्राप्तिको सुनिश्चित गर्नेगरी आवश्यक रकम विनियोजन सहितको लगानी योजना तर्जुमा गर्नुपर्दछ। जसले गर्दा काम गर्दै जाँदा श्रोत-साधनको अभावमा काम नरोकियोस् र श्रोतको सदुपयोग गर्न सकियोस् ।

बालमैत्री स्थानीय शासन गाउँ/नगर समिति मार्फत बालमैत्री शासनका न्यूनतमसेवा सूचकहरूको निर्धारण र स्थानीयकरण गर्नुपर्छ ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम बालमैत्री स्थानीय शासनका ५१ वटा सूचकहरू निर्धारण गरिएको छ । बालमैत्री स्थानीय शासनको

प्रवर्द्धन, विकास र विस्तारका लागि पालिकामा बालमैत्री इकाई/शाखा बनाउने वा सम्पर्क बिन्दु तोक्ने कार्य गर्नु पर्दछ । महत्वपूर्ण निर्णय पारित गर्ने स्थान भनेको गाउँ/नगर सभा नै हो तसर्थ बालमैत्री स्थानीय शासनको अवलम्बन गर्ने निर्णय सभाबाट पारित भएसँगै बालमैत्री स्थानीय शासनको अवलम्बन हुन्छ ।

## ११. बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण

बालमैत्री स्थानीय शासन कार्यान्वयन एकैपटक र पर्याप्त श्रोत साधन हुँदैमा मात्र हुने विषय होईन यसका लागि निरन्तर र नियमित रूपमा काम गर्नुपर्ने हुन्छ । बालमैत्री स्थानीय शासन कार्यन्वयनका लागि ५ चरण पुरा गर्नुपर्ने हुन्छ ।

### क) पूर्वतयारी चरण

- कार्यपालिकाबाट आफ्नो गाउँ/नगरपालिकालाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निर्णय गर्ने,
- बालमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धी गाउँ/नगर समितिका पदाधिकारी र अन्य सरोकारवालालाई अभिमूखीकरण, .
- कार्यपालिका र बालमैत्री स्थानीय शासन गाउँ/नगर स्तरीय समितिबाट लिखित प्रतिबद्धता गर्ने,
- बालमैत्री स्थानीय शासनको अवधारण र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई गाउँ/नगरपालिकाको बस्तुगत विवरण (प्रोफाइल) तयार गरी प्रकाशन गर्ने,
- बालमैत्री स्थानीय शासनको सूचकको स्थानीयकरण गर्ने,
- बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक नीति/रणनीति/कार्यविधि र आचारसंहिता तर्जुमा गर्ने ।

### ख) तयारी चरण:

- गाउँ/नगरपालिकामा बालमैत्री स्थानीय शासन महाशाखा/शाखा/इकाईको संस्थागत प्रबन्ध (बालमैत्री स्थानीय शासन सम्पर्क शाखा र सम्पर्क व्यक्ति तोक्ने, जिम्मेवारी प्रदान गर्ने) गर्ने ।
- बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडा छनौट ।
- बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबाट बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्रोत सहितको प्रतिबद्धता प्राप्त गर्ने ।
- बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि लगानी योजना तयार पार्ने ।
- बालकोष सञ्चालन कार्यविधि स्वीकृति, बालकोष स्थापना र सञ्चालन गर्ने ।
- बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने वडामा आवश्यकता अनुसार बालक्लब, बालक्लब सञ्जाल, टोल विकास संस्था/समुदायमा आधारित संस्थाको स्थापना र परिचान गर्ने ।

### ग) नीति योजना तर्जुमा र कार्यान्वयनको चरण

- लगानी योजनामा आधारित भई बालमैत्री स्थानीय शासनका सूचकहरू प्राप्तगर्न क्षेत्रगत क्रियाकलापहरू गर्ने ।
- छनौट भएका क्षेत्रगत क्रियाकलापहरूका लागि आवश्यक बजेटको विनियोजन गर्ने ।
- साझेदार र सरोकारवालाको सञ्जाल निर्माण, समन्वय र सहकार्य गर्ने ।
- स्वीकृत वार्षिक क्रियाकलापहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।
- बालमैत्री स्थानीय शासनको सूचक अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने ।

### घ) अनुगमन मूल्याङ्कन र प्रतिवेदन चरण

- वडा समिति गाउँ/नगर समितिबाट सूचक प्राप्ति भएको अवस्थामा सरोकारवाला समेतको सहभागितामा अनुगमन समीक्षा गरी प्रतिवेदन तयारी गर्ने ।
- बालमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयारी र सार्वजनिकीकरण गर्ने ।
- बालमैत्री स्थानीय शासनको घोषणाका लागि तोकिएको निकायबाट अनुगमन गर्ने ।
- वडा/स्थानीय तहबाट सूचक पुरा भएको प्रमाणित गर्ने ।
- बालमैत्री वडा/तह घोषणाका लागि तोकिएको निकायबाट अनुमति प्राप्त गर्ने ।

### ङ) बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा र दिगोपनाको चरण

- बालमैत्री वडा/गाउँ/नगरपालिका घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा गर्ने,
- बालमैत्री वडा घोषणा गर्न कार्यपालिका र गाउँ/नगरपालिका घोषणा गर्न सम्बन्धित गाउँ/नगर सभाको निर्णय,
- बालमैत्री वडा/गाउँ/नगरपालिकाको घोषणा,
- बालमैत्री वडा/गाउँ/नगरपालिक घोषणा पश्चातको रणनीतिक योजना कार्यान्वयन,
- वार्षिक रूपमा प्रतिवेदन तयारी र प्रकाशन,
- बालमैत्री स्थानीय शासनका सूचकहरूको दिगोपनाको सुनिश्चितता ।

यी चरणहरू केवल चरण पुरागर्न र घोषणा हुनका लागि मात्र नभई दिगो हुने गरी नीति, नियम, कार्यविधि, बजेट, कार्यक्रम र कार्यान्वयनको सुनिश्चितता स्थानीय तहले गर्नुपर्दछ । प्रत्येक वर्ष त्यसको पुर्नताजगी गर्ने, समीक्षा गर्ने, सकारात्मक पक्षहरूलाई निरन्तरता दिँदै सुधार गर्नुपर्ने पक्षहरूलाई सुधार गर्दै बालमैत्री स्थानीय शासन अभियानलाई दिगो बनाइराख्ने दायित्व स्थानीय सरकारको नेतृत्वमा अन्य सरोकारवालाहरूको समेत सहभागितामा हुनुपर्दछ ।

## १२. बालमैत्री स्थानीय शासन कार्यान्वयन

- स्थानीय तहले बालमैत्री स्थानीय शासनका कार्यक्रम कार्यान्वयन गर्दा सामूहिक निर्णय तथा पूर्व तयारी गरी स्थानीय अवस्था विश्लेषण र उपलब्धिको सूचक वा मापदण्ड निर्धारण गर्ने तथा स्रोत व्यवस्थापन र कार्यान्वयनको कार्ययोजना तयारी,

नियमित अनुगमन, गुणस्तर र प्रभावकारिताको सुनिश्चत गरी स्पष्ट काम कर्तव्य र जिम्बेवारी सहित बालमैत्री सम्पर्क व्यक्ति (Focal Person) को व्यवस्था गरी कार्यान्वयनको थालनी गर्नुपर्दछ। सामान्यतया कार्यक्रम कार्यान्वयन प्रक्रिया निम्न अनुसार गर्न सकिन्छ।

- स्थानीय तहले वार्षिक स्वीकृत कार्यक्रम तथा गैर सरकारी संस्थाले स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश गरेका कार्यक्रम कार्यान्वयन गर्ने र सोको दस्तावेजीकरण गर्ने गर्नुपर्दछ।
- कार्यक्रम कार्यान्वयन गर्दा बालक्लब वा बालक्लब सञ्जालसँग प्रत्यक्ष सरोकार राख्ने योजनाहरू यथासम्भव बालक्बल वा समूह तथा अभिभावक समूह मार्फत नै सम्पन्न गराउने गर्नुपर्छ तर बालबालिका वा बालक्लबलाई सिंगो परियोजना नै सञ्चालन गर्न वा आर्थिक गतिविधिको जिम्मेवारी भने दिनुहुँदैन।
- प्राविधिक दृष्टिकोणले बाल समूहले सम्पन्न गर्न नसक्ने र असम्बन्धित योजना तथा कार्यक्रमहरू स्थानीय सामुदायिक संस्था, उपभोक्ता समिति र स्थानीय गैर सरकारी संस्था मार्फत सञ्चालन गर्नुपर्छ।
- कार्यक्रम सञ्चालन गर्दा लागत साझेदारी र सहभागितात्मक पद्धतिलाई प्राथमिकता दिनुपर्छ।
- कार्यक्रम कार्यान्वयनमा स्थानीय तहको विषयगत शाखा र गैरसरकारी संस्थाको समेत प्राविधिक सहयोग उपयोग गर्नुपर्छ।
- नयाँ बन्ने सार्वजनिक भौतिक संरचनाहरू प्रकोप प्रतिरोधी, सुरक्षित र बालमैत्री भएको सुनिश्चित गर्नुपर्छ।
- बालमैत्री सम्बन्धी कार्यक्रम स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन प्रक्रिया, लैङ्गिक तथा सामाजिक समावेशीकरण परीक्षण र कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनमा समेत बालमैत्री स्थानीय शासनका सूचकहरूलाई अन्तर सम्बन्धित गरी कार्यन्वयन गर्नुपर्दछ।

बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि पोषणमैत्री स्थानीय तह, बालश्रम मुक्त स्थानीय तह, हिंसा र बाल विवाह मुक्त स्थानीय तह, खुल्ला दिशामुक्त स्थानीय तह, लैङ्गिक मैत्री, अपाङ्गता मैत्री, वातावरण मैत्री, विपद् मैत्री, युवामैत्री स्थानीय तह लगायतका अभियानहरू बालमैत्री अभियानको महत्वपूर्ण पक्ष भएकाले अन्तरसम्बन्ध कायम गरी बालमैत्री स्थानीय शासनको अवलम्बन र कार्यान्वयन गर्नुपर्छ।

## १२.१ बालमैत्री स्थानीय शासन पद्धतिको कार्यान्वयनका तौरतरिका

बालमैत्री स्थानीय शासन पद्धतिलाई वैज्ञानिक, व्यवस्थित तथा नतिजामूलक रूपमा कार्यान्वयन गर्न सघाउँन एवम् नतिजा सुनिश्चित गर्न प्रयोग गर्न सकिने संयन्त्र तथा तौरतरिका निम्नानुसार रहेका छन् :



## १३. बालमैत्री स्थानीय तह घोषणा

बालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय तहको सभाले आफ्नो नगर/गाउँपालिका र वडालाई बालमैत्री स्थानीय वडाका रूपमा घोषणा गर्न कार्यपालिकाले निर्णय गर्नुपर्ने व्यवस्था छ तर यसरी बालमैत्री स्थानीय शासन घोषणा गर्नुपूर्व सम्बन्धित स्थानीय तहको सभाले निर्धारण गरेको सूचक मध्ये न्यूनतम् ८० प्रतिशत अङ्क हासिल गरेको हुनुपर्नेछ। त्यस्तै गरी सूचक निर्धारण गर्दा सम्बन्धित स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा स्थानीय अवस्था अनुसार बालश्रम, बाल हिंसा, बाल विवाह, बाल शोषण तथा एचआईभि एड्स न्यूनीकरण सम्बन्धी कार्यक्रम समावेश गरेको हुनुपर्दछ।

यसका अलावा स्थानीय अवस्थामा आधारित भै कमलरी, छाउपडी, झुमा तथा देउकी प्रथा जस्ता सामाजिक हानिकारक अभ्यासहरूको अन्त्य गर्ने कार्यक्रम समेत समावेश गरिएको हुनु पर्दछ । निर्धारित सूचक पुरा भए नभएको सम्बन्धमा प्रदेश मन्त्रालय र सम्बन्धित जिल्ला समन्वय समितिले अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्दछ । निर्धारित सूचक प्राप्त भए नभएको सम्बन्धमा सर्म्पक प्रदेश सर्म्पक मन्त्रालय र सम्बन्धित जिल्ला समन्वय समितिले अनुगमन गर्दा निर्धारित सूचकहरू प्राप्त भएको प्रमाणित भएमा त्यस्ता स्थानीय तहलाई बालमैत्री स्थानीय तह घोषणा गर्न सकिने छ।


## १४. बालमैत्री स्थानीय शासनका सूचकहरू

सूचक भन्नाले कुनैपनि कुराको मापन गर्ने आधार हो। बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ अनुसार बालमैत्री स्थानीय शासनका ३९ वटा सूचकहरू रहेकोमा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले केहि सूचकहरू समयानूकुल थप र केहि संशोधन गरी ५१ सूचकहरू समेटेको छ । बालमैत्री स्थानीय शासनको अवलम्बन गर्ने स्थानीय तहहरूले उल्लिखित सूचकहरूलाई आफ्नो नीति, योजना तथा कार्यक्रममा समावेश गरी सञ्चालन गर्नुपर्दछ। राष्ट्रिय रणनीति, २०६८ र तत्पश्चातको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को मूल मर्ममा प्रभाव नपर्नेगरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्थानीय स्तरमा उपलब्ध स्रोत, साधन, अवसर र क्षमताको आधारमा सूचकहरू थप गर्न तथा स्थानीयकरण गरी लागूगर्न सक्छन्। बालमैत्री स्थानीय शासनका सूचकहरूलाई बाल अधिकारका ४ क्षेत्रहरू (बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता र संस्थागत विकास)का आधारमा समावेश गरिएको छ । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ का अनुसार बालमैत्री स्थानीय शासनका सूचकहरू निम्नानुसार छन्।

### १४.१ न्यूनतम सेवा सूचकहरू

सेवा प्रवाह सम्बन्धी सूचकहरू- ३६

संस्थागत विकास सम्बन्धी सूचकहरू : १५



| क्र.स. | बालमैत्री स्थानीय शासनका न्यूनतम सेवा सूचकहरू | घोषणाको लागि आवश्यक अङ्क |
|---|---|---|
| | **बाल बचाउ** | |
| १. | गर्भवती महिलाहरूले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनेछन् । | ९५ |
| २. | गर्भवती महिलाले टिटी विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | ९५ |
| ३. | गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की (जम्मा २२५ वटा) खाएको । | ९५ |
| ४. | गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन् । | ८० |
| ५. | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरूपमा पूर्ण स्तनपान गराएको हुनेछन् । | ८० |
| ६. | ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकाले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएको हुनेछन् । | १०० |
| ७. | एक वर्षभित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्तगरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ । | १०० |
| ८. | एच्आईभी संक्रमित आमाबाट जन्मिएका बालबालिकाले ARV / Prophylaxis पाएको हुनेछन् । | १०० |
| ९. | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | १०० |
| १०. | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाको संख्यामा कमि आएको हुनेछ । | ८० |
| ११. | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शुन्य भएको हुनेछ । | १०० |
| १२. | सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | १०० |
| १३. | चर्पी गएपछि, बालबालिकाको दिसा धोए पछि र खाना खानु/खुवाउनु अगाडि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | १०० |
| १४. | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुल्ला दिसामुक्त घोषणा भएको हुनेछ । | १०० |

| | | |
|---|---|---|
| **बाल संरक्षण** | | |
| १५. | ५ वर्ष मुनीका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | १०० |
| १६. | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनःस्थापना भएको हुनेछ । | १०० |
| १७. | स्थानीय तह बाल विवाह मुक्त घोषणा भएको हुनेछ । | १०० |
| १८. | घरपरिवार समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, वेवास्था र दुर्व्यवहारमा कमी आएको हुनेछ । | ८० |
| १९. | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याईएको हुनेछ । | १०० |
| २०. | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | ९५ |
| २१. | स्थानीय तह/समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका (भएमा)को संरक्षण गर्न विषेश व्यवस्था गरेका हुनेछन् । | १०० |
| २२. | स्थानीय तहमा सडक बालबालिकाको संख्या शून्य भएको हुनेछ। सडक बालबालिकालाई (भएकोमा) बालगृहमा राखी व्यवस्थापन भएको हुने) | १०० |
| २३. | स्थानीय तहमा रहेका विद्यालयहरूले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | १०० |
| २४. | कुलतमा लागेका बालबालिकाको बाल सुधारगृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | १०० |
| **बाल विकास** | | |
| २५. | ३ देखि४ वर्षसम्मका बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको हुनेछ । (अपाङ्गता भएका बालबालिकाको हकमा विशेष व्यवस्था हुनुपर्ने) | १०० |
| २६. | ५ देखि १४ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पाएका हुनेछन् । | १०० |
| २७. | प्रत्येक विद्यालयमा पानीको प्रयोग सुविधा सहित छात्रछात्राको लागि अलगअलग शौचालयको व्यवस्था भइ यसको प्रयोग हुनेछ । | १०० |
| २८. | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानीको धारा) बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित भएका हुनेछन् । | १०० |

| | | |
|---|---|---|
| २९. | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | १०० |
| ३०. | सबै विद्यालयहरूले कुहिने र नकुहिने फोहोर अलग-अलग विसर्जन गर्ने व्यवस्था गरेका हुनेछन् । | १०० |
| **बाल सहभागिता** | | |
| ३१. | स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भइ क्रियाशील (न्यूनतम वार्षिक ३ वटा वैठक र ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | ९५ |
| ३२. | स्थानीय तहका बस्ती वा टोल र विद्यालयहरूमा समावेशी आधारमा बालक्लब गठन भइ क्रियाशील (न्यूनतम वार्षिक ३ वटा वैठक र ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | ९५ |
| ३३. | ५ कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ । | १०० |
| ३४. | स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लब/सञ्जालको प्रतिनिधित्व हुनेछ । | १०० |
| ३५. | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरूमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | ९० |
| ३६. | बालभेलाबाट माग भई आएका योजनाहरू स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् । | १०० |
| **संस्थागत विकास** | | |
| ३७. | वडा, गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरू गठन भइ क्रियाशील रहेका हुनेछन् । | १०० |
| ३८. | स्थानीय तहहरूले आफ्नो लागि बालमैत्री आचारसंहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् । | १०० |
| ३९. | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोतकेन्द्र सञ्चालनमा रहेको हुनेछ । | ८० |
| ४०. | बालबालिकाको बस्तुगत विवरण (प्रोफाइल)को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ । | १०० |

| | | |
|---|---|---|
| ४१. | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रूपमा वडा र गाउँ/नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ । | १०० |
| ४२. | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । | १०० |
| ४३. | प्रारम्भिक बालविकास केन्द्रहरूले स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड पुरा गरेका हुनेछन् । | १०० |
| ४४. | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरूका लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन् । | १०० |
| ४५. | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाले जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमूलक तालिम) प्राप्त गरेका हुनेछन् । | ८० |
| ४६. | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरूमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाइ रहेको हुनेछ । | १०० |
| ४७. | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरू स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | १०० |
| ४८. | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछन् । | १०० |
| ४९. | बसपार्क, सिनेमा हल, हाटबजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरूमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ । | १०० |
| ५०. | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ । | १०० |
| ५१. | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको विषेश सहयोगका लागि संस्थागत व्यवस्था भएको हुनेछ । | १०० |

साथै सूचकमा भएको सडक बालबालिका भए बालगृहमा राखेर व्यवस्थापन गर्नुपर्ने भनिए तापनि बालबालिकालाई आफ्नै परिवारमा पुनःस्थापित गरी परिवारको आर्थिक सामाजिक क्षमता विकास गरिनुपर्छ । निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्नुपर्ने कुरा उल्लेख भएपनि सबै प्रकारका बालश्रमलाई अन्त्य गर्ने खालका कार्यक्रमहरू गर्नुपर्ने हुन्छ । त्यस्तै

विद्यालयमा कुहिने/नकुहिने फोहोरमैला विसर्जन भनिए तापनि त्यस्ता फोहोरमैलाको दिगो व्यवस्थापनमा जोड दिनुपर्छ ।

### १४.२ स्थानीय तहको वर्गीकरण

| स्थानीय तह | आधारभूत सूचक | घोषणाका लागि स्वीकृति दिने निकाय | कैफियत |
|---|---|---|---|
| बालमैत्री वडा | ८०% वा सोभन्दा बढी | वडाको सिफारिसमा सम्बन्धित गाउँ/नगरपालिकाको कार्यपालिका | |
| बालमैत्री उन्मुख वडा | ७०%-७९% सम्म | वडाको प्रतिवेदनका आधारमा कार्यपालिका बैठक | प्रत्येक सूचकका लागि तोकिएको अंङ्भारका आधारमा |
| बालमैत्री स्थानीय तह | ८०% वा सोभन्दा बढी | प्रदेश सरकार | प्रत्येक सूचकका लागि तोकिएको अङ्भारका आधारमा |
| बालमैत्र उन्मुख स्थानीय तह | ७०%-७९% सम्म | कार्यपालिका बैठक | प्रत्येक सूचक लागि तोकिएको अङ्भारका आधारमा |
| बालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय तह | ५०% देखि ६९% सम्म | कार्यपालिका बैठक | प्रत्येक सूचक लागि तोकिएको अङ्भारका आधारमा |
| बालमैत्री तटस्थ स्थानीय तह | ५०% भन्दा कम | बालमैत्री स्थानीय शासन अवलम्बन नगरेको स्थानीय तह | प्रत्येक सूचकका लागि तोकिएको अङ्भारका आधारमा |

(बालमैत्री स्थानीय शासन घोषणा गर्ने स्थानीय तहलाई प्रदेश सरकारले पुरस्कृत गर्न सक्नेछ ।)

## १५. बालमैत्री स्थानीय शासन अवलम्बन, कार्यान्वयन र घोषणाका क्रममा ध्यान दिनुपर्ने पक्षहरू

### १५.१ अभिलेख व्यवस्थापन:

- बालमैत्री अवलम्बन गर्ने गाउँ/नगर कार्यपालिकाबाट निर्णय गरी गाउँ/नगर सभाबाट पारित गरी अभिलेख सुरक्षित राख्ने,
- बालमैत्री कार्यान्वयनका लागि पर्याप्त छलफल गरी जिम्मेवारी, मानवीय तथा आर्थिक स्रोत, अवधी, विधि जस्ता कुराहरू खुल्ने गरी सबैपक्ष समेटिएको कार्ययोजना बनाई अभिलेखीकरण तथा कार्यन्वयन गर्ने,

- बालमैत्री आचारसंहिता तयार गरी सरोकारवाला सबैलाई प्रचार-प्रसार गरी अभिलेख तयारी गर्ने,
- बालबालिकाको प्रोफाइल तयार गरेको,
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिले उल्लेख गरे अनुसार सबै सरोकारवालाहरूको अर्थपूर्ण उपस्थितिमा बालमैत्री स्थानीय शासन कार्यन्वयनका लागि आवधिक लगानी योजना तयार गरी कार्यान्वयनका लागि कार्यपालिकाबाट पारित गर्ने,
- नगर र गाउँ स्तरमा स्थापना भएका सबै बालक्लब तथा सञ्जालहरूलाई वडामा आबद्धता प्रदान गरी प्रमाण-पत्र दिने साथै सबै बालक्लबको विवरण (नाम, ठेगाना, उद्देश्य, बालक/बालिका संख्या, समावेशी भए-नभएको सम्पर्क व्यक्ति, सम्पर्क नं. जस्ता विवरण खुल्ने गरी) अभिलेखीकरण गर्ने,
- विभिन्न समिति (जस्तै : बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन समिति, बाल संरक्षण तथा संवर्द्धन समिति)हरूको नियमित वैठक बसी भएका निर्णयहरूको अभिलेख राख्ने,
- बालमैत्री स्थानीय शासन कार्यविधिले दिएको ढाँचामा थपघट गरी नियमित रूपमा बालबालिकाको स्थिति-पत्र प्रकाशन गर्ने,
- बालबालिकासँग सम्बन्धित भएका सबै नीति, योजना, कार्यक्रम र बजेट विनियोजन तथा कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको तथ्यमा आधारित भई अभिलेखीकरण गर्ने,
- सरोकारवालाहरूबाट बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि लिखित प्रतिबद्धता गरेको निर्णयको अभिलेख,
- बालमैत्री स्थानीय शासन विभाग/महाशाखा/शाखा/इकाईको संस्थागत प्रबन्ध, बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्तिको चयन र जिम्मेवारी दिएको निर्णयको अभिलेख,
- बालकोष सञ्चालन कार्यविधि तयारी, बालकोष स्थापना र सञ्चालन भएको,
- बालमैत्री स्थानीय शासनका सूचकहरू स्थानीयकरण र सरलीकरण गरी आधार वर्षको अवस्था मापन गरेको सम्बन्धित शाखा र सरोकारवालाको छलफल र कागजातको प्रमाण,
- बालक्लब, बालक्लब संजाल, टोल विकास संस्था/समुदायमा आधारित संस्था लगायतका सरोकारवाला र साझेदारहरूलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमूखीकरण/तालिम/अध्ययन अवलोकन र क्षमता विकास गरेको तस्वीर, वैठक निर्णय पुस्तिका,
- आवधिक प्रगति र अन्तिम अनुगमन प्रतिवेदन, सूचक अनुसारको प्रगतिको अनुगमनको प्रमाण,
- प्रत्येक सूचकको प्राप्ति भएको सम्बन्धित शाखा वा इकाइले प्रमाणीकरण गरेको कागजात,
- बालक्लब गठन तथा सञ्चालन निर्देशिका निर्माण पारित गरेको,

- बालमैत्री स्थानीय शासन दिगोपनाका लागि रणनीतिक योजना तयार गरेको,
- बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरेबमोजिम बाल अधिकार समिति गठन, बालबालिका सम्बन्धी ऐन/कार्यविधि बनाइ कार्यान्वयनमा ल्याएको ।

## १५.२ स्रोत व्यवस्थापन

- संघीय तथा प्रदेश सरकारले स्थानीय तहलाई शर्सत अनुदान/लक्षित कार्यक्रम सञ्चालन गर्न उपलब्ध अनुदान,
- विकास साझेदारहरूले यस रणनीतिको कार्यान्वयनको लागि सामुहिक वा छुट्टा-छुट्टै रूपमा कार्यक्रम सहयोग वा बजेटगत सहयोग वा अन्य मानव स्रोत साधनको सहयोगको रूपमा समझदारी-पत्रमा उल्लेख भए बमोजिम उपलब्ध थप वित्तीय सहयोग,
- बालक्लबका पूर्व सदस्य, बाल अधिकारकर्मी तथा सामाजिक संघसंस्थाका प्रतिनिधिहरूलाई स्रोत व्यक्ति, सहजकर्ता, सामाजिक परिचालक आदिका रूपमा परिचालन,
- स्थानीय स्तरमा सञ्चालित सहकारी, निजी व्यवसायिक प्रतिष्ठान, सार्वजनिक संस्थान लगायतले आफ्नो सामाजिक दायित्वका रूपमा यस अभियानमा आर्थिक, मानवीय वा प्राविधिक सहयोग उपलब्ध गराउने,
- बालमैत्री स्थानीय शासनका केही सूचकहरू प्राप्त गर्नका लागि छुट्टै आर्थिक स्रोत जुटाउँनु पर्छ भन्ने पनि छैन । विभिन्न विकास कार्यक्रमहरूमा बालमैत्री ढङ्गबाट योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गर्दा पनि कतिपय सूचक पुरा गर्न सकिन्छ,
- स्थानीय तहले बालबालिकाको लागि आवधिक तथा वार्षिक लगानी योजना तर्जुमा गर्ने र यसको कार्यान्वयनको लागि आफ्नो कुल पूँजीगत बजेटको निश्चित प्रतिशत रकम विनियोजन गर्ने,
- गैर सरकारी संस्था र अन्य सहयोगी संस्थाहरूले आवधिक तथा वार्षिक योजनासँग सह-सम्बन्ध कायम राखी बजेट सहयोग वा कार्यक्रम सञ्चालनमा उपलब्ध सहयोग गर्ने,
- संघीय तथा प्रदेश मन्त्रालयले स्थानीय तहको अनुगमन मूल्याङ्कन लगायतको आधारमा स्थानीय तहलाई उपलब्ध वार्षिक एकमुष्ट विशेष अनुदान/थप आर्थिक अनुदान,
- बालमैत्री स्थानीय शासनको अवधारणालाई लक्षित समूह समुदायसम्म पुऱ्याउन शिक्षक, स्वास्थ्य स्वयम्सेविका, बालक्लब, किशोरकिशोरी समूह, आमा समूह, धार्मिक व्यक्तित्व, युवाक्लब तथा संजाल र सामाजिक संघ-संस्थाहरूको भूमिका महत्वपूर्ण हुन्छ । त्यसैले यस्ता स्थानीय सामाजिक संघसस्था र संजालहरूको क्षमता अभिवृद्धि गर्न स्थानीय सरकारले लगानी गर्नुपर्छ ।
- गाउँ/नगरपालिकाको बालबालिकासँग सम्बन्धित शाखा अन्तर्गत बालमैत्री इकाई वा शाखा वा सम्पर्क व्यक्ति तोकी कार्यविभाजन गर्नुपर्छ ।
- बालमैत्री स्थानीय शासन कार्यन्वयन र घोषणा पूर्वतयार पारिएको आवधिक र रणनीतिक योजनालाई सम्बन्धित तहको आवधिक तथा वार्षिक योजनामा समेत समावेश गरिएको हुनुपर्छ ।

### १५.३ जन सहभागिता

- बालमैत्री स्थानीय शासनको अवधारणा कार्यन्वयन गर्नका लागि कुनै निश्चित व्यक्ति वा सस्थाको पहलले मात्र पुग्दैन । तसर्थ, अधिकतम जनसमुदायको सहभागिता गराउन पहल गर्नुपर्छ ।
- स्थानीय स्तरमा सञ्चालित संचार माध्यम, सहकारी, बैंक, उद्योग, कलकारखाना, होटेल व्यवसाय, निजी, सामुदायिक तथा सार्वजनिक व्यवसाय, फर्म, संघ-सस्था लगायतको महत्वपूर्ण भूमिका हुन्छ । उनीहरूलाई कसरी सँगसँगै लैजाने भन्ने कार्ययोजना हुनुपर्छ ।
- समुदायका सबै जातजाति, भाषाभाषी, धर्म, वर्ग, लिङ्ग, सम्प्रदाय र संस्कृति मान्ने जनसमुदायको समावेशिता र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनुपर्छ ।
- अनुगमन मूल्याङ्कन,
- सम्बन्धित सूचकहरू पुरा भएको सुनिश्चित गर्न नियमित अनुगमन, मूल्याङ्कन र निर्देशन गर्ने ।
- बालहिंसा, दुर्व्यवहार र जोखिमका घटनामा तत्काल कार्य गर्नका लागि संयन्त्रको संस्थागत विकास र स्तरोउन्नतिका लागि आवश्यक निर्देशन दिने ।
- बालबालिकाको क्षेत्रमा गरिएको लगानीको प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण गर्ने ।

## १६. बालक्लबको अवधारणा र परिचालन

हरेक बालबालिकालाई सबै भन्दा पहिले आफ्नै घरबाट सहभागिताको अधिकारको सुनिश्चितता गरिनु पर्दछ । घरमा हुने सानासाना निर्णयदेखि आफ्नो मत व्यक्त गर्ने मात्र नभई त्यसको उचित कार्यान्वयन पनि गर्नुपर्दछ । यसलाई नै अर्थपूर्ण सहभागिता भनिन्छ । बाल सहभागिताको अधिकारलाई संरक्षण गर्न र त्यसको कार्यान्वयन गर्नको लागि राम्रो माध्यम भनेको बालक्लब हो । जहाँ बालबालिकाले सहभागिता जनाउन पाउनु पर्दछ ।

१८ वर्ष मुनिका बालबालिकाले सहभागी भई आफ्ना कुरा राख्ने त्यसको कार्यान्वयन गर्ने तथा गर्न लगाउनका लागि झकझकाउने राम्रो थलो बालक्लब बनेको छ । बालबालिकाको आफ्नो व्यक्तित्व विकास गर्ने, प्रतिभा प्रदर्शन गर्ने, विकासका कार्यमा सहभागी हुने मात्र नभई चौतर्फी विकासका लागि बालक्लबले मद्दत गरेको पाइन्छ । कानूनी मान्यता प्राप्त नेपालको पहिलो बालक्लब नवलपरासी (बर्दघाट सुस्तापूर्व) साविक प्रगतिनगर गाविसमा रहेको जागृति बालक्लब नेपाल हो । उक्त बालक्लबले कानूनी मान्यताको लागि २०५५ माघ ४ गते सर्वोच्च अदालतमा रिट दायर गरी बालबालिकाको पक्षमा २०५८ साउन २५ मा फैसला भएको थियो । त्यसपछिबाट बालक्लबहरूले कानूनी मान्यता पाउँन थालेका थिए । सोही फैसलाका आधारमा जागृति बालक्लब नेपाल जिल्ला प्रशासन कार्यालयमा दर्ता २०६४ भाद्र २३ गते दर्ता भई नियमित रूपमा सञ्चालनमा रहेको छ । फैसला कार्यान्वयन सँगसँगै बालक्लबहरूलाई स्थानीय तहले आवद्धता र दर्ता गर्ने प्रक्रिया थालनी भएको छ । यसले बालक्लबको सक्रियता बढ्नुका साथै बालमैत्री स्थानीय शासन प्रवर्द्धन र स्थानीय योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण बाल सहभागिता बढिरहेको

छ । बालबालिकाले बालबालिकाकै संरक्षण र विकासका लागि सहभागिताको माध्यमबाट कार्यहरू गर्दछन् र जनचेतना एवं क्षमता विकासका लागि विभिन्न क्रियाकलापहरू गर्दै आईरहेका छन् । हाल नेपालमा करिब २५ हजारको संख्यामा बालक्लब रहेका छन् । हाल पाँच प्रकारका बालक्लबहरू कार्यरत छन् ।

## १६.१ बालक्लबका प्रकार

### १) समुदायमा आधारित बाल समूहहरू :

कुनै निश्चित भूगोल भित्रका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बाल समूहहरू समुदायमा आधारित बाल समूहहरू हुन् । नेपालको सन्दर्भमा कुनै टोल, बस्ती, वडा भित्र बाल समूह गठन गर्न सकिन्छ ।

### २) विद्यालयमा आधारित बाल समूहहरू

कुनै विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालय भित्र बाल अधिकार अनुगमन तथा प्रवर्द्धन गर्न गठन भएका बाल समूहहरू विद्यालयमा आधारित बाल समूहहरू हुन् ।

### ३) विषयगत बाल समूहहरू

समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रूपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरूमा आधारित रहेर पनि बाल समूह गठन गर्न सकिन्छ । बालबालिकाको सवालमा मात्र काम गर्न, जस्तै जलवायु परिवर्तन, एचआइभि एड्स., जस्ता विषयहरूमा कार्य गर्न विशिष्ट ढङ्गले विषयगत बाल समूहहरू गठन गर्न सकिन्छ ।

### ४) विशिष्टीकृत बाल समूह

अन्तर्राष्ट्रिय रूपमानै स्थापित स्वयंसेवा अभियान तथा सङ्गठनहरूले विशेष किसिमका स्वयंसेवी प्रकृतिका बाल समूह गठन गर्न सक्छन् । जस्तै जुनीयर रेडक्रस र स्काउट । यिनीहरूको गठन र व्यवस्थापन विधि स्वयं यसका महासंघ तथा स्थापित मान्यता र विधानहरूबाट सञ्चालित हुन्छन् ।

### ५) बाल समूह सञ्जाल

स्थानीयस्तरमा सूचीकृत भएका बाल समूहहरू एक-आपसमा भेला भई एक-आपसका काम र अभियानहरूलाई साथ सहयोग गर्ने तथा एक आपसका सरोकारवालालाई सामुहिकीकरण गर्न बाल समूह सञ्जाल गठन गर्न सक्दछन् । यसरी बाल समूह संजाल गठन गर्दा समुदायमा आधारित, विद्यालयमा आधारित तथा विषयगत बाल समूहहरू सम्मिलित हुन सक्दछन् ।

## १६.२ बालक्लबको नेतृत्व

बालक्लबमा बहुपदीय, संयोजन समूह र चक्रिय गरी तीन किसिमको नेतृत्व अभ्यासमा छ। अध्यक्ष उपाध्यक्ष, सचिव, कोषाध्यक्ष जस्ता पदहरू बहुपदीय नेतृत्व संरचनामा हुन्छ भने विभिन्न समूहहरू (बाल अधिकार समूह,  खेलकुद समूह, सांस्कृतिक समूह आदि) सहितको समूहहरू संयोजन समूह अन्तर्गत पर्दछन् । त्यस्तै चक्रीय नेतृत्व अप्नाएका बाल

समूहहरूमा पालैपालो निश्चित समयमा (तीन/तीन महिना वा ६/६ महिना) नेतृत्व हेरफेर हुन्छ ।

### १६.३ बालक्लबले गर्न नसक्ने कार्यहरू

बालक्लबले कुनै पनि दलीय पृष्ठपोषण गर्ने, धार्मिक सामाजिक रूपमा विवाद हुने किसिमका गतिविधिहरू गर्न हुँदैन । त्यस्तै बालबालिकालाई जोखिम हुने वा अहित हुने किसिमका कार्य गर्न हुँदैन ।

### १६.४ बालक्लब दर्ता

बालबालिका सम्बन्धी नियमावली, २०७८ ले क्लब गठन गरेपछि सम्बन्धित गाउँ/नगरपालिकामा दर्ता गर्नुपर्ने व्यवस्था गरेको छ । सबै बालक्लबको आफ्नो विधान हुनुपर्ने समेत उल्लेख छ । बालक्लब गठन, सञ्चालन र परिचालन सम्बन्धी व्यवस्थाहरू संघीय ऐन, नियम, निर्देशिका वा कार्यविधिमा आधारित रही स्थानीय कानूनमा उल्लेख गरिएको हुनुपर्छ ।

## १७. स्थानीय योजना तर्जुमा प्रक्रिया र बालभेला

बालमैत्री स्थानीय शासनको प्रवर्द्धन तथा अवलम्बनको लागि गाउँपालिका तथा नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कार्यविधिको अधिनमा रही सहभागितामूलक योजना तर्जुमा प्रकियाबाट बालभेला गर्ने तथा बालक्लब एवम् बालक्लब सञ्जाललाई योजना तर्जुमाका प्रक्रियामा सार्थक सहभागिता गराई योजना तथा कार्यक्रम छनोट गर्नुपर्दछ ।

वर्तमान व्यवस्था अनुसार स्थानीय तहहरूले योजना तर्जुमा गर्ने प्रक्रियालाई सात चरणमा विभाजन गरेर बुझ्न सकिन्छ । स्थानीय तहहरूले आफ्नो गाउँ/नगरमा नयाँ सुरु हुने आर्थिक वर्षमा कुन-कुन क्षेत्रमा प्राथमिकता दिने, के-कस्तो नीति तथा कार्यक्रम सञ्चालन गर्ने र सोका लागि के-कति बजेट लाग्छ भनी गरिने छलफल, अध्ययन, मूल्याङ्कन र समीक्षाको प्रक्रिया नै स्थानीय योजना तर्जुमा प्रक्रिया हो । यस्तो योजना तर्जुमा प्रक्रिया वर्तमान व्यवस्था अनुसार जेठ महिनामा सुरु भएर असारमा सम्पन्न हुने गर्दछ । जसमा जनप्रतिनिधि, जनसमुदाय र विभिन्न सरोकारवालासँगको छलफल, अध्ययन, मूल्याङ्कन र समीक्षाको अध्ययन, मूल्याङ्कन र समीक्षाको प्रक्रियाबाट सो आर्थिक वर्षको लागि नीति तथा कार्यक्रम र बजेट तयार हुन्छ ।

त्यसैले बालबालिकाको आफ्ना गुनासा, सुझाव, माग र योजनालाई उनीहरूकै प्रत्यक्ष र अर्थपूर्ण सहभागितामा समावेश गराउनका लागि कुन समयमा के-के गर्ने भनेर बुझ्नका लागि स्थानीय योजना तर्जुमा बुझ्न जरुरी छ ।

### १७.१ स्थानीय सरकारको बजेट तयारीका ७ चरण

#### १) पहिलो चरण :

स्थानीय तहको पहिलो चरण संघीय र प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका प्राप्त गर्नु हो । यो चरणमा स्थानीय तहलाई संविधानको धारा ६० को उपधारा ४ र

५ बमोजिम वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने अधिकार छ । यसै गरी स्थानीय सरकारलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय हस्तान्तरण मार्फत् आफूले प्राप्त गर्ने स्रोतको पहिचान गर्ने अधिकार छ । यसै गरी संघीय सञ्चित कोषबाट सशर्त अनुदान, समपूरक अनुदान वा अन्य विशेष अनुदान प्राप्त गर्ने अधिकार छ। यी सबै सम्भावित अनुदान र वित्तीय हस्तान्तरणका खाका र यसका मार्गदर्शन वैशाखको पहिलो साताभित्र स्थानीय तहले प्राप्त गरेपछि स्थानीय तहको योजना तर्जुमा प्रक्रिया सुरु हुन्छ ।

### २) दोस्रो चरण :

यस चरणमा स्थानीय सरकारको विशेष क्रियाशिलता आवश्यक पर्दछ । सबै भन्दा पहिले स्थानीय तहको वस्तुगत विवरण आवश्यक पर्छ। यस्तो विवरणमा भौगोलिक, सामाजिक र आर्थिक पूर्वाधार लगायतको यथार्थ विवरण चाहिन्छ। गाउँ/नगरपालिकाका उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा बढीमा ७ सदस्यीय राजस्व परामर्श समिति गठन गरिन्छ । यो समितिले राजस्वका स्रोत, दायरा र दरको समेत प्रस्ताव गर्नेछ । गाउँ/नगरपालिकाका अध्यक्ष वा प्रमुखको अध्यक्षतामा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन हुन्छ । यो समिति पनि ७ सदस्यीय हुनेछ। यो समितिले पहिलो चरणमा प्राप्त हुने वित्तीय हस्तान्तरणको खाका, राजस्व समितिको प्रतिवेदन, आन्तरिक ऋणलाई स्रोत र साधनको प्रक्षेपित खाका तयार गर्नेछ। यो समितिले विषयगत क्षेत्रको सीमा, कार्यक्रमको प्राथमिकीकरण र विषयगत क्षेत्रलाई मार्गदर्शन तयार गर्नेछ । यो समितिले वडा तह र बस्ती स्तरमा योजनाको सुझाव सङ्कलनको ढाँचा र बस्ती स्तरको योजना सुझावको मिति समेत तय गरी सूचना जारी गर्नेछ।

### ३) तेस्रो चरण :

तेस्रो चरणमा बस्ती, टोल स्तरबाट योजनाको सुझाव सङ्कलन गरिन्छ । एक वडाभित्र विभिन्न बस्ती तथा टोल हुन सक्छन् । यस्ता टोलहरूमध्येबाट वडाले आवश्यक मात्रामा क्लस्टर बनाएको हुन्छ । वडा भेलामा बस्ती स्तरका सबै नागरिकलाई जम्मा गरिएको हुन्छ।

बस्ती स्तरीय भेला आयोजना गर्न वडा सदस्यको नेतृत्वमा टोली खटाईएको हुन्छ । बस्ती तथा टोलको योजनाको सुझावमा सबै समुदायको अर्थपूर्ण सहभागिताको व्यवस्था गर्नुपर्दछ। बालबालिकाको पनि बेग्लै भेला गराउनु अर्थपूर्ण हुन्छ।

### ४) चौथो चरण :

वडा समितिले बस्ती तथा टोलबाट आएका योजना तथा कार्यक्रमलाई विषयगत क्षेत्र समेत छुट्याएर प्राथमिकता दिनुपर्दछ । यो प्रक्रियामा बालाबालिकासँग सम्बन्धित कार्यक्रम वडा स्तरीय बालभेलाबाट प्राथमिकीकरण गर्नुपर्दछ।

### ५) पाँचौं चरण :

वडा तहबाट प्राप्त योजना तथा कार्यक्रमलाई अन्तिम टुंगो लगाउँन गाउँपालिका तथा नगरपालिकामा उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा विषयगत शाखा प्रमुखहरू सम्मिलित बजेट तथा कार्यक्रम तर्जुमा समिति हुन्छ । यो समितिले आर्थिक विकास,

सामाजिक विकास, पूर्वाधार, वातावरण तथा विपद्, संस्थागत पूर्वाधार, वित्तीय व्यवस्थापन सम्बन्धी विषयगत सूची तयार गर्नेछ । यस्तो सूचीमाथि बेग्लाबेग्लै कार्य समूहमा छलफल गराईन्छ । यी सबै प्रक्रिया पूरा गरेपछि स्थानीय तहको वार्षिक आयोजना तथा कार्यक्रमको प्रस्ताव तयार हुन्छ ।

### ६) छैठौं चरण :

गाउँ/नगरपालिकाको कार्यपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेका वार्षिक कार्यक्रम गाउँ/नगर सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने कार्य यस चरणमा सम्पन्न हुन्छ ।

### ७) सातौं चरण :

सातौँ तथा अन्तिम चरणमा यसरी पेश भएका नीति र कार्यक्रम गाउँ/नगर सभाले दफावार छलफल गरी पारित गर्नेछन् । पारित भएका कार्यक्रम अन्तिम हुनेछन् भने यो साउनदेखि कार्यान्वयनमा आउने व्यवस्था गरिएको छ ।

यसरी हेर्दा बालभेला योजना तर्जुमा प्रक्रियाको दोस्रो र तेस्रो चरणको बीचमा गरिसक्नु पर्छ । बाल भेलाबाट आएका योजनाहरूलाई प्राथमिकताका आधारमा लिखित रूपमा वडा बालक्लब सञ्जालले वडा समिति, नगर/गाउँ बालक्लब सञ्जालले नगर/गाउँ कार्यपालिकामा पत्रसहित पेश गर्नुपर्छ ।

## १७.२ बाल भेला

योजना तर्जुमाको बेलामा अर्थपूर्ण बाल सहभागिताका लागि बालभेलाको प्रक्रियाबाट बालबालिकाको योजना, सल्लाह तथा सुझाव सङ्कलन गर्नुपर्छ ।

स्थानीय तहको योजना प्रक्रियालाई सहभागितामूलक बनाउनका लागि आफ्नो स्थानीय तहका सबै जातजाति भाषाभाषी धर्म समुदाय, वर्ग, अपाङ्गता भएका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र भौगोलिक रूपमा समेत सबैको प्रतिनिधित्व हुने गरी बालबालिकाको आवश्यकता, समस्या र मागलाई समेत समेटी प्राथमिकताका आधारमा योजना निर्माण गर्ने भेला नै बालभेला हो । बालभेला अर्थपूर्ण बाल सहभागिताको नमूना पनि हो किन भने यहाँ बालबालिकाका सवाल, बालबालिकाका लागि योजनालाई सुन्ने मात्र नभई कार्यान्वयनका लागि पनि पहल गरिन्छ ।

बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने सबै स्थानीय तहले बाल भेला गर्नुपर्ने हुन्छ । बाल भेला वडा स्तरमा गर्न सकिन्छ । वडामा भेला हुँदा छुटेका र पालिका स्तरमा थप गर्नुपर्ने कुराहरू पालिका स्तरीय बाल संजालमा छलफल गरी गाउँ/नगर कार्यपालिकामा पेश गर्न सकिन्छ ।

बाल भेला गर्नको लागि सबैभन्दा उपयुक्त समय पहिलो र दोस्रो चरणको बीचमा हुन्छ । वडा स्तरीय बाल भेलाबाट आएका सुझावहरूलाई वडा अध्यक्ष वा जनप्रतिनिधि मार्फत वडामा पेश गर्नुपर्छ । साथै बाल भेलामा सहभागी बालबालिकाले आ-आफ्नो समुदायमा बस्ती स्तरको छलफल हुँदा पनि आफ्ना कुराहरू राख्नका लागि प्रोत्सहित गर्नुपर्छ ।

वर्तमान व्यवस्था अनुसार स्थानीय तहले आफ्नो नीति तथा कार्यक्रम र बजेट

असार मसान्तसम्म पारित गरिसक्छन् । असारको पहिलो सातासम्म बस्तीस्तरको योजना तर्जुमाका सम्पूर्ण प्रक्रियाहरू सम्पन्न भईसक्छन् ।  त्यसैले बाल भेलाको सम्पूर्ण प्रक्रियाहरू जेष्ठ मसान्तमा सक्नुपर्छ ।

## बाल भेला पूर्व ध्यान दिनुपर्ने कुराहरू

सबै समुदाय, बालक्लबमा नबसेका, सबै खालका बालक्लबमा बस्ने, अपाङ्गता भएका, भौगोलिक रूपमा पिछडिएका जातजाति, भाषाभाषी, धर्म समुदाय लगायतका बालबालिकाको प्रतिनिधित्व सुनिश्चित भएको हुनुपर्छ । बाल भेला कहाँ गर्ने ? कहिले गर्ने ? कति समय लाग्छ ? के-के विषयमा छलफल हुन्छ ? जस्ता जानकारीहरू अग्रिम रूपमा बालबालिकालाई गराउनुपर्छ । बाल भेलामा आउने बालबालिकालाई आवश्यकता अनुसार वयस्क सहजकर्ताको व्यवस्थापन गर्नुपर्छ । बाल संजालबाट बाल भेला हुनुपूर्व वैठक बसी अतिथि, सञ्चालक, अध्यक्षता जस्ता कुराहरू टुङ्याउनुपर्छ ।

## बाल भेलाको समयमा ध्यान दिनुपर्ने कुराहरू

सबै सहभागीहरूको लागि सहज, सुरक्षित बस्ने स्थानको व्यवस्थापन गर्ने, एवं समयमा नै कार्यक्रमको सुरुवात गरी समयमा नै अन्त्य गर्नुपर्छ । सबै बालबालिकाले बुझ्ने र सरल भाषामा कार्यक्रमको उद्देश्य बारे प्रस्ट पार्नुपर्छ । बाल भेलामा प्रयोग गरिने विधिहरू बाल भेला सञ्चालन कार्यविधिमा उल्लेख गरिए अनुसार पालै-पालो गर्नुपर्छ । सबै बालबालिकालाई आफ्नो कुरा राख्ने अवसर दिनुपर्छ । बाल भेलामा आएका सवालहरूको अभिलेखीकरण गरी सबै निर्णयमा बालबालिकाको हस्ताक्षर गराउनुपर्छ । बालबालिकालाई समयमा नै खाना खाजाको व्यवस्थापन गर्नुपर्छ । बाल भेलामा सहभागीको उमेर ८ देखि १८ वर्षसम्मको हुनुपर्छ । सहभागी छनौट गर्दा जातजाति, भूगोल, लिङ्ग, पिछडिएको क्षेत्र तथा समुदाय, अपाङ्गता भएका बालबालिका आदिलाई समेटी समावेशी चरित्रको भेला बनाउनु पर्छ । पढाई नबिग्रिने तथा कक्षा छुटाउनु नपर्ने गरी बिदाको समयमा आयोजना गर्नुपर्दछ ।

## बाल भेला पश्चात ध्यान दिनुपर्ने कुराहरू

बाल भेलाको निर्णयको प्रतिलिपि र बाल संजालको पत्र सहित वडा समितिमा प्राथमिकीकरण गरिएका योजना पेश गर्नुपर्छ । बस्ती स्तरको योजना तर्जुमाको लागि भेलामा प्रतिनिधित्व गर्ने बालबालिकाले बाल भेलाबाट पारित गरिएका योजना पेश गर्नुपर्छ। वडा भेलामा सहभागी हुने बालबालिकाले बाल भेलाबाट प्राथमिकतामा परेका योजनाहरूको निर्णयको प्रतिलिपि वडा स्तरको योजना तर्जुमा हुँदा पेश गर्नुपर्छ । नगर गाउँ स्तरीय बाल सञ्जालमा बाल भेलामा छुटेका र थप गर्नुपर्ने योजनाहरू थपगरी नगर/गाउँ कार्यपालिकामा पेश गर्नुपर्छ । योजना तर्जुमा प्रक्रियामा विषयगत समितिको छलफलमा बाल सञ्जालको प्रतिनिधित्व गर्न पहल गर्ने र प्रतिनिधित्व गर्नेगरी निर्णयलाई पारित गराउन बालक्लब, बालमैत्री स्थानीय शासन समिति, बाल अधिकार समिति, गाउँ बाल संरक्षण समिति र स्थानीय सामुदायिक संस्थाहरूले पहलकदमी लिनुपर्ने कुरामा जोड दिनुपर्छ ।

बाल भेलाबाट ठूला योजना आएमा प्रदेश सरकारलाई वा संघीय सरकारमा समेत पेश गर्न सकिन्छ ।

## बाल भेलाको प्रक्रिया

बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न सरोकारवालाको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

- सरोकारवालाको भूमिका
- स्थानीय तह
- वडा समिति
- संचार माध्यम
- जनप्रतिनिधि तथा राजनीतिक दल
- स्वास्थ्य संस्था
- विद्यालय
- बालक्लब
- सहकारी
- आमा समूह, युवा समूह
- सामाजिक संघसंस्था
- निजी तथा सार्वजनिक प्रतिष्ठान, आदि ।

# १८. सरोकारवालाको भूमिका

### क) गाउँ/नगरपालिका

**कानून कार्यान्वयन:** नेपाल सरकारले अनुमोदन गरेको बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ र राष्ट्रिय कानूनहरूको परिपालना (नेपालको संविधानको धारा ३९, बालबालिकाको हक), स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, नियमावली, २०७८, बालश्रम (निषेध र नियमन) ऐन, २०५६, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ कार्यान्वयन ।

**बालमैत्री कार्यान्वयन र घोषणा:** निश्चित प्रक्रिया र सूचक पुरा गरी बालमैत्री स्थानीय तह, वडा घोषणा गर्ने ।

**नीतिगत सुधार:** हालका रणनीति, नीति (बालमैत्री स्थानीय शासन), नियम, कार्यविधि, निर्देशिका, आचारसंहिता आदिमा आवश्यक सुधार र परिमार्जन गर्ने । आवश्यकता अनुसार बालमैत्री कानून, नीति नियम, रणनीति, कार्यविधि, निर्देशिका, आचारसंहिता, आदि तयारी र कार्यान्वयन गर्ने ।

**बालबालिकाको लागि योजना:** स्थानीय सरकारले तयार गर्ने आवधिक र दीर्घकालीन योजनामा बाल बचाउँ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवालहरू समावेश गरी सम्पूर्ण भौतिक संरचना बालबालिका, लैङ्गिक तथा अपाङ्गमैत्री बनाउने ।

**बालबालिकाको लागि लगानी**: साविकका स्थानीय निकायले कूल पुँजीगत बजेटको कम्तिमा १५ प्रतिशत (साविकको व्यवस्था) बालबालिकामा लगानी गर्ने कुरालाई स्थानीय तहहरूले निरन्तरता दिने ।

**बालबालिकाको आवाजको सम्मान**: विद्यालय र स्वास्थ्य व्यवस्थापन समिति, योजना तर्जुमा समिति, बालमैत्री स्थानीय शासन समितिमा बालबालिकाको समतामूलक र अर्थपूर्ण सहभागिता गराउने । स्थानीय योजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता गराउने । वार्षिक बालभेला र बालबालिकाको योजना तर्जुमा कार्यलाई निरन्तरता दिने ।

**नेतृत्व तथा समन्वय**: बालबालिकाका लागि/बालबालिकासँग गरिने कामको प्रभावकारिताका लागि स्थानीय सरकारले नेतृत्व लिने र सम्बन्धित साझेदार र सरोकारवालाहरूसँग समन्वय गर्ने ।

**मूल्याङ्कन र अनुगमन**: नगर/गाउँपालिकाबाट कार्यान्वयन भएका बालबालिका सम्बन्धी कार्यक्रमहरूको मूल्याङ्कन र अनुगमन गरी प्रभावकारिता मापन गर्ने । साथै बाल अधिकार हनन्का घटनालाई न्यूनीकरण गर्न कानूनी उपचारका लागि सहजीकरण गर्ने ।

**बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्ययोजना तर्जुमा र कार्यान्वयन**: स्थानीय तहले आफ्नो स्थानीय तहको अवस्था विष्लेषण प्रतिवेदन र वस्तुगत विवरणका आधारमा कमजोर र सवल पक्षको पहिचान गरी बालमैत्री स्थानीय शासन कार्यान्वयनको वस्तुगत कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

**बालबालिका सम्बन्धी ऐन/कार्यविधि/निर्देशिका तर्जुमा**: बालबालिका सम्बन्धी ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिकार प्रयोग गरी स्थानीय तहमा बाल अधिकारलाई प्रवर्द्धन गर्न तथा बालबालिकाको मुद्दालाई स्थानीय तहमा संस्थागत गर्नका लागि बालबालिका सम्बन्धी ऐन/कार्यविधि/निर्देशिकाहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्छ । साथै बालकोष सञ्चालन कार्यविधि तर्जुमा गरी बालकोषको सञ्चालन गर्नुपर्छ ।

बाल अधिकार समिति गठन र परिचालन बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएको व्यवस्था अनुसार बाल अधिकार समितिको गठन गरी उक्त समितिलाई संस्थागत र क्रियाशील गराउनुपर्छ ।

### ख) वडा समितिको भूमिका

- सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,
- बाल उद्यानको व्यवस्था गर्ने,





- अनौपचारिक शिक्षा कार्यक्रम गर्ने,
- प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,
- पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन गर्ने,
- बालक्लब तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,
- वडा तहको स्वास्थ्य केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन गर्ने,
- बालबालिकालाई बि.सि.जि., पोलियो, भिटामिन "ए" को व्यवस्था गर्ने,
- पोषण कार्यक्रमको सञ्चालन गर्ने,
- वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,
- सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण र व्यवस्थापन गर्ने, गराउने,
- वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,
- अन्तरविद्यालय तथा बालक्लब मार्फत खेलकुद कार्यक्रमको सञ्चालन गर्ने, गराउने,
- प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संरक्षण गर्ने,
- व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,
- वडालाई बालमैत्री बनाउने,
- वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने,
- बालविवाह, महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने गराउने,
- प्रांगरिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने, आदि ।

## ग) बाल मैत्री स्थानीय शासन समिति

- पालिका स्तरीय बालमैत्री नीति, कार्यविधि तथा रणनीति तयारी गर्ने र पालिकालाई नीतिगत पृष्ठपोषण गर्ने,
- बाममैत्री स्थानीय शासनको प्रवद्धन गर्ने,
- वार्षिक तथा आवधिक लगानी योजना, प्रोफाइल, स्थितिपत्र तथा रणनीतिक योजना तर्जुमामा सहयोग गर्ने,
- वडा र समूदाय स्तरको समितिको क्रियाशिलतामा सहजीकरण गर्ने ।
- बालक्लब र सञ्जालको परिचालनमा सहयोग गर्ने,
- विभिन्न संघ संस्थाहरूसँग समन्वय स्थापित गर्ने,
- अनुगमन, मूल्याङ्कन र निर्देशन दिने ।

## घ) बालमैत्री स्थानीय शासन वडा समिति:

- वडा स्तरको योजना तर्जुमा र बालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा वडा समितिलाई पृष्ठपोषण गर्ने,
- बालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा समन्वयकारी भूमिका निर्वाह गर्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयनमा समन्वय गर्ने,
- बालक्लब गठन र परिचालन,
- वडामा सामुदायिक संस्था तथा निकायबीच समन्वय गराउने,
- अनुगमन तथा मूल्याङ्कन ।

## ङ) बालमैत्री स्थानीय शासन समुदायस्तरीय समिति:

- बालमैत्री स्थानीय शासनका बस्तीस्तरको योजना तर्जुमा तयार गर्न सहयोग गर्ने,
- पैरवी र कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने,
- बालक्लब र समूहको गठन र परिचालन ।

## च) सामाजिक संघ संस्था :

- स्थानीय तहले तय गरेका बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको कार्यान्वयनमा स्थानीय सरकारको सहयोगीका रूपमा कार्य गर्ने ।

## छ) बालक्लब :

- सबै बालबालिकालाई बालक्लबमा समावेश गर्न पहल गर्ने,
- बालबालिकाको हक अधिकार र कर्तव्यका बारेमा आफ्ना साथीहरू तथा अभिभावक र सरोकारवालाहरूलाई जानकारी गराउने,
- खुल्ला दिशामुक्त, पूर्ण खोप, जन्मदर्ता, विद्यालय भर्ना, बाल विवाह, बाल दुर्व्यवहार, सरसफाई, बाल संरक्षण जस्ता विषयमा संचेतनाका कार्यहरू गर्ने,
- बालबालिका सहभागी हुनुपर्ने स्थानमा अर्थपूर्ण सहभागिता गर्ने,
- बालक्लबमा सबै क्षेत्रका बालबालिकालाई समान अवसर प्रदान गर्ने ।

## ज) विद्यालय :

- बालमैत्री ढङ्गबाट गुणस्तरीय शिक्षा प्रदान गरी शिक्षा सम्बन्धी सूचकहरू पुरा गर्न पहल गर्ने ।

## झ) स्वास्थ्य संस्था :

- सरसफाइ, खोप, मातृ शिशु स्वास्थ्य, पोषण जस्ता स्वास्थ्य सम्बन्धी सूचकहरू पुरा गर्न पहल गर्ने ।

## ञ) सञ्चार माध्यम :

- बालमैत्री सम्बन्धी सामग्री, स्थानीय स्तरमा भएका राम्रा कामहरूको प्रचार-प्रसार गर्ने, कतै गलत हुन लागेमा खवरदारी गर्ने ।

## ट) जनप्रतिनिधि तथा राजनीतिक दल :

- बालमैत्री नीति तथा कार्यक्रम तय गर्नुका साथै पर्याप्त बजेट विनियोजनमा पहल गर्ने, स्थानीय सरकारले लिएको नीति कार्यान्वयनमा सहजीकरण गर्ने ।

# १९. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

## १९.१ बालमैत्री स्थानीय शासन अवलम्बन तथा कार्यन्वयन प्रक्रियाको अनुगमन तथा मूल्याङ्कन

बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमको अनुगमन प्रक्रिया स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनको व्यवस्था बमोजिम हुन्छ । स्थानीय तहको उपाध्यक्ष/उपप्रमुख संयोजक रहेको अनुगमन समितिले स्थानीय तहमा सञ्चालन हुने बालमैत्री कार्यक्रमको आन्तरिक अनुगमन गर्नुपर्दछ । गाउँ/नगरपालिकास्तरको बालमैत्री स्थानीय शासन निर्देशक समिति, वडास्तरीय निर्देशक समिति तथा विकास साझेदार तथा नागरिक समाज एवम् स्थानीय सरोकारवालाको संयुक्त कार्यदलबाट समेत कार्यान्वयन भएका कार्यक्रम तथा आयोजनाको अनुगमन गर्न सकिन्छ । बालमैत्री स्थानीय शासन घोषणा कार्यविधिमा भएका मूख्य व्यवस्थामा :

- विभिन्न निकायबाट भएको अनुगमन प्रतिवेदन गाउँपालिका तथा नगरपालिका समक्ष पेश गर्नुपर्ने,
- कार्यक्रमको अनुगमन गर्दा तोकिएको निर्दृष्ट फारममा प्रतिवेदन तयार गर्न सकिने,
- अनुगमन प्रतिवेदन उपर कार्यपालिकाले आवश्यक सल्लाह, सुझाव र निर्देशन दिन सक्ने,
- बालमैत्री स्थानीय शासन सम्बन्धी स्थानीय तहमा भए गरेका कार्यक्रमहरूको जिल्ला समन्वय समितिमा हुने समग्र वार्षिक प्रगति समीक्षा समेत गराउनु पर्ने,
- बालमैत्री स्थानीय शासन अवलम्बन गरेका गाउँपालिका तथा नगरपालिकाको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नेपाल सरकारका निकाय, प्रदेश सरकार र निकाय एवम् स्रोत उपलब्ध गराउने विकास साझेदारहरूले समेत अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने,
- अनुगमन, समीक्षा र मूल्याङ्कनबाट देखिएका समस्याहरूको तत्काल समाधान गर्नु गाउँपालिका तथा नगरपालिका एवम् सम्बन्धित सरोकारवालाहरूको दायित्व हुन्छ ।
- कार्यक्रमहरूको कम्तिमा वर्षमा १ पटक सामाजिक परीक्षण वा सार्वजनिक सुनुवाई समेत गर्नु पर्ने ।
- सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई स्थानीय तहको सहयोगमा स्थानीय बाल अधिकार समितिले सञ्चालन गर्न सक्छ ।
- स्थानीय तहले कार्यक्रमको वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय, नेपाल सरकारका निकाय तथा प्रदेश मन्त्रालयमा पठाउनु पर्ने,
- स्थानीय तहबाट प्राप्त विवरणहरूको आधारमा केन्द्रस्तरमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एकीकृत प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयस्तरमा हुने प्रगति समीक्षा बैठकमा प्रस्तुत गरी सार्वजनिक गर्न सक्ने ।

## १९.२ बालमैत्री स्थानीय तह घोषणाको लागि अनुगमन

स्थानीय तहले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले तोकेका सूचक प्राप्ति गरेपश्चात घोषणाको लागि वडाको हकमा सम्बन्धित जिल्ला समन्वय समिति

र गाउँ/नगरपालिकाको हकमा सम्बन्धित प्रदेश सम्पर्क मन्त्रालयबाट स्वीकृति प्राप्त गर्नुपर्दछ । स्थानीय तहले नियमित कार्यक्रम सञ्चालन पश्चात सूचक प्राप्तिको स्थिति पत्रको तयार गरी सम्बन्धित निकायमा अनुरोध गर्नुपर्दछ । यसरी अनुगमन गर्दा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ ले तोकेको विवरण सहित अनुगमनको लागि अनुरोध भएको हुनुपर्छ । अनुगमनको लागि अनुरोध गर्दा स्थानीय तहले देहायको विवरण तयार गर्नुपर्ने हुन्छ :-

- बालमैत्री स्थानीय शासनका तहगत चरण सम्बन्धी विवरण
- बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन सम्बन्धी विवरण
- बालमैत्री स्थानीय शासनका प्रतिफल सम्बन्धी विवरण
- लगानी सम्बन्धी विवरण
- बालक्लब र सञ्जाल सम्बन्धी विवरण
- बालमैत्री स्थानीय तह घोषणा सम्बन्धी विवरण
- बालबालिकाको सहभागिता

यस्तो अनुगमन तथा मूल्याङ्कन बालमैत्री स्थानीय शासन सम्बन्धी दक्षता भएको जनशक्ति र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी ज्ञान भएका व्यक्ति वा निकायबाट गराउनु पर्नेछ । अनुगमनमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नेपाल सरकारका निकाय, प्रदेश मन्त्रालय तथा अन्तर्गतका निकाय, जिल्ला समन्वय समिति र नागरिक समाज एवम् विकास साझेदारबाट उपलब्ध हुने जनशक्ति आवश्यकता अनुसार परिचालन गर्न सकिन्छ ।

## अनुगमनको लागि संस्थागत संरचना तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा घोषणा कार्यविधि, २०७९ बमोजिम गाउँपालिका वा नगरपालिकाले बालमैत्री भएको घोषणाको लागि निर्देशिका बमोजिका सूचक तथा कार्यविधि बमोजिमको प्रक्रिया पुरा गरे वा नगरेको हेरी सूचक प्राप्ति भएको तथा प्रक्रिया पुगेको खण्डमा बालमैत्री स्थानीय तह घोषणाको लागि स्वीकृत दिन प्रदेशको स्थानीय तह हेर्ने मन्त्रालयलाई प्रदेशस्तरीय अनुगमन समितिले सिफारिस गर्दछ । त्यस्तै बालमैत्री वडा घोषणा स्वीकृतिका लागि जिल्ला स्तरीय अनुगमन समितिले जिल्ला समन्वय समितिलाई सिफारिस गर्दछ ।

### क. प्रदेशस्तरीय अनुगमन समिति

| | |
|---|---|
| १. सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, | संयोजक |
| २. उपसचिव स्तरको प्रतिनिधि, सामाजिक विकास तथा स्वास्थ्य विषय हेर्ने मन्त्रालय, | सदस्य |
| ३. उपसचिव स्तरको प्रतिनिधि, शिक्षा वा सम्बन्धित विषय हेर्ने मन्त्रालय, | सदस्य |
| ४. उपसचिव स्तरको प्रतिनिधि, प्रदेश नीति तथा योजना आयोग, | सदस्य |
| ५. प्रतिनिधि, प्रदेशस्तरीय बाल अधिकार समिति, | सदस्य |

६. प्रतिनिधि, प्रदेशस्तरमा बालमैत्री सवालमा क्रियाशील संघ संस्था, (एक जना) — सदस्य
७. प्रतिनिधि, नेपाल पत्रकार महासंघ, प्रदेशस्तरीय समिति — सदस्य
८. प्रदेशस्तरमा क्रियाशील बालक्लब सञ्जाल (एक बालिकासहित २ जना) — सदस्य
९. मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको अधिकृत — सदस्य-सचिव

वडा घोषणाका लागि जिल्ला समन्वय समितिको मातहतमा रहने गरी जिल्ला स्तरीय अनुगमन समिति रहने व्यवस्था छ । उक्त समितिमा निम्न बमोजिमको संरचना रहने व्यवस्था रहेको छ ।

## ख. जिल्लास्तरीय अनुगमन समिति

१. प्रमुख, जिल्ला समन्वय समिति, — संयोजक
२. उपप्रमुख, जिल्ला समन्वय समिति — सदस्य
३. जिल्ला समन्वय अधिकारी — सदस्य
४. अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय — सदस्य
५. अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय — सदस्य
६. प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई — सदस्य
७. प्रतिनिधि, नेपाल पत्रकार महासंघ, जिल्ला कार्य समिति — सदस्य
८. जिल्लामा क्रियाशील बालक्लब सञ्जाल (एक बालिकासहित २ जना) — सदस्य
९. जिल्ला उद्योग वाणिज्य महासंघ वा यस्तै निजी क्षेत्रको साझा सङ्गठनको प्रतिनिधि, — सदस्य
१०. अधिकृत प्रतिनिधि, स्वास्थ्य कार्यालय (प्रदेश अन्तर्गत) — सदस्य
११. जिल्ला समन्वय समितिको अधिकृत — सदस्य-सचिव

## सूचक प्राप्तिको अनुगमन विधिः

कार्यविधिले व्यवस्था गरेको स्थानीय तहमा बालमैत्री स्थानीय शासन पद्धतिको सुनिश्चितता तथा बालमैत्री स्थानीय तह घोषणाको अनुगमनमा अवलम्बन गर्न सकिने विधिः

- जनशक्ति व्यवस्थापन
- प्रतिवेदन अध्ययन र विश्लेषण
- स्थलगत अवलोकन तथा सर्वेक्षण
- स्थानीय अवस्थाको आधारमा गाउँ/नगरपालिका स्तरीय बालमैत्री स्थानीय शासन निर्देशक समितिले तोकेको उपयूक्त विधि ।

## अनुगमन समितिले बालमैत्री स्थानीय शासनको घोषणा सहमतिको लागि सिफारिस गद ा ध्यान दिनुपर्ने मुख्य विषयहरू:

- बालमैत्री स्थानीय शासन कार्यक्रमको प्रगति प्रतिवेदन गाउँ/नगरपालिकाले सम्बन्धित जिल्ला समन्वय समिति तथा प्रदेश मन्त्रालय र वडाले सम्बन्धित गाउँपालिका तथा नगरपालिकामा र वडाबाट प्राप्त विवरण कार्यपालिकाले जिल्ला समन्वय समितिमा पेश गरेको छ वा छैन ?
- बालमैत्री स्थानीय शासनका सूचक प्राप्तिको स्थानीय अनुगमनमा सम्बन्धित विषयगत शाखा, बालक्लब, बालक्लब सञ्जाल वा यस्तै अन्य निकायको भूमिका के-कस्तो रहेको छ ?
- बालमैत्री स्थानीय तह घोषणा पश्चातको दिगोपनाका लागि ५ वर्षको आवधिक योजना वा दीर्घकालीन नीति वा रणनीतिक योजना स्वीकृत छ वा छैन, संस्थागत विकासको रणनीति तयार भएको छ वा छैन, बालबालिकाको क्षेत्रमा लगानी हुने गरी बजेट सुनिश्चितताको संरचनागत वा कानूनी व्यवस्था गरिएको छ वा छैन, बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको छ वा छैन ? बाल भेला, सहभागितामूलक लेखाजोखा र विश्लेषण पद्धति स्थापित भएको छ वा छैन ? यस्ता गतिविधि कार्यक्रम सामाजिक परिचालन पद्धतिसँग आवद्ध गरिएको, छ वा छैन विश्वसनियताका आधारमा हेर्नु पर्दछ ।
- स्थानीय तहबाट बालमैत्री स्थानीय शासनलाई निरन्तरता दिने सम्बन्धमा नागरिक समाज, सामुदायिक संस्था र साझेदार संस्थाहरूको भूमिका के-कस्तो रहने गरी निर्धारण गरिएको छ ? तथा यसमा नेपाल सरकारका निकाय, प्रदेश सरकारका विषयगत निकाय, गैर सरकारी संस्था, निजी क्षेत्र, विकास साझेदार, स्थानीय तह, वडा, बालक्लब तथा बालक्लब सञ्जाल र समुदायको सहभागिता र अपनत्व कसरी सुनिश्चित गरिएको छ ?
- स्थानीय संरचनाहरूमा बालबालिकाको अर्थपूर्ण सहभागिता र समावेशी व्यवस्थाको नीतिगत व्यवस्था छ ?
- स्थानीय तहले आफै वा विभिन्न सरोकारवालाहरूले तयार गरेका भौतिक संरचना बालमैत्री छ ?
- बालबालिकालाई सर्वाङ्गीण विकासको अवसर दिलाउने मुख्य भूमिकामा रहेका अभिभावकलाई सो भूमिका निभाउन आवश्यक अभिभावक शिक्षा तथा सहयोगको व्यवस्था कस्तो गरिएको छ ?
- बालमैत्री स्थानीय शासनको अनुगमन गर्दा उपलब्धिको मापन गर्ने विषय
- बालबालिकाले माग गरेका योजनाहरू,
- प्रारम्भिक बाल विकासकाको लागि वार्षिक विकास योजनाले समेटेका योजना,
- विगत २ वर्षमा बालबालिकाले माग गरेका योजनामध्ये गाउँ/नगर सभाबाट स्वीकृत भएका योजना र प्रकृति,
- बालबालिकाको सहभागिताबाट भएको सिकाई,
- बालबालिकाले व्यक्त गरेका राम्रा तथा सफल उदाहरणहरू ।



**प्रदेश तथा जिल्लाबाट हुने अनुमगनमा समितिले प्रतिवेदनमा खुलाउनु पर्ने विषयः**

गाउँपालिका तथा नगरपालिकामा सञ्चालन हुने बालमैत्री कार्यक्रमको त्रैमासिक रूपमा संयुक्त अनुगमन हुन्छ वा हुँदैन ?

स्थानीय तहले गर्ने कार्यक्रमको अनुगमनमा निर्दिष्ट फारम, चेक लिष्ट तथा प्रतिवेदन ढाँचा तयार गरिएको छ वा छैन् ?

विभिन्न समयमा भएका अनुगमनबाट दिएको प्रतिवेदनमा समावेश गरिएका मुद्दाहरूलाई कसरी सम्बोधन गरिएको छ र दिइएका सुझावहरू कार्यान्वयन भएका छन् वा छैनन् तथा कार्यान्वयन प्रक्रिया कसरी मिलाइएको छ भन्ने विषय ।

- बालमैत्री स्थानीय शासनको नतिजा प्राप्त गर्न गाउँ/नगरपालिकाका विषयगत शाखा, वडा र अन्य निकाय तथा सहयोगी र साझेदार संस्थाहरू मिलेर संयुक्त रूपमा के-कस्ता प्रयासहरू गरेका छन् ?
- विषयगत शाखा, गैरसरकारी संस्था र अन्य साझेदार संस्थाहरूसँगको समन्वय कस्तो रहेको छ ?
- बालमैत्री स्थानीय शासनको कार्यक्रम कार्यान्वयनमा समन्वयको कार्य कसरी हुने गरेको छ ? तथा गत आ.व.मा बालभेलाबाट माग भई आएका कति प्रतिशत योजना तथा कार्यक्रमहरू वार्षिक गाउँ/नगर योजनामा समावेश भएका छन् ?
- स्थानीय तहमा बालमैत्री स्थानीय शासन पद्धति अवलम्बनमा भएका सफल उदाहरणीय नमूना कार्य के-के रहेका छन् ?
- बालमैत्री स्थानीय शासन हासिलमा मुख्य-मुख्य सिकाईहरू,
- बालमैत्री स्थानीय शासनको उपलब्धि रक्षाको लागि भावी कार्य योजना तथा प्राथमिकता ।

## २०. बालमैत्री शासनका प्रतिफलहरू

**(१) बालबालिकाको लागि स्थानीय विकास योजनाः** बालबालिकाको लागि स्थानीय विकास योजनामा स्थानीय तहहरूले बाल अधिकार र बालबालिकाको समग्र विकासको क्षेत्रमा देखिएका सवाल र आवश्यकतालाई सम्बोधन गर्ने गरी लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजनाहरू समावेश भएको विकास योजना दस्तावेज तयार हुन्छ । यस योजनाले निश्चित अवधिमा निश्चित उपलब्धि हासिल गर्न लगानीको आधार समेत तयार हुन्छ ।

**(२) बालबालिकाको लागि लगानी योजनाः** स्थानीय तहले बालबालिकाको लागि लगानी योजना तर्जुमा गर्नेछन् । यस्तो लगानी योजनामा बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि अवलम्बन गरिने सबै क्रियाकलापलाई स्रोतगत रूपमा उल्लेख हुन्छ ।

**(३) बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिहरूः** स्थानीय तहहरूले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिधिभित्र रही आवश्यक नीति, नियम,

निर्देशिका तथा कार्यविधिहरू तर्जुमा गर्न सक्छन् ।

**(४) बालबालिका सम्बन्धी स्थिति-पत्र तयारी तथा प्रकाशन:** बालबालिका सम्बन्धी स्थिति-पत्रमा बालबालिकाको विकासका क्षेत्रमा स्थानीय तहहरूद्वारा विगतका वर्षहरूमा भए गरेका कार्यहरूको उपलब्धिको विवरण, बालबालिकाको वर्तमान अवस्थाको चित्रण, बाल अधिकारको कार्यान्वयनको अवस्था, बालबालिका सम्बन्धी नीति, कानून, योजना र कार्यसम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनको चित्रण गरी प्रकाशन हुन्छ ।

**(५) बालबालिकाको सहभागिता:** स्थानीय तहको नीति, योजना र कार्यक्रम तर्जुमा, बालबालिकाको क्षेत्रमा बजेट विनियोजन र त्यसको अनुगमन, मूल्याङ्कन प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित हुन्छ । बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राख्ने संरचना तथा प्रक्रियाहरूमा पनि बालबालिकाको संस्थागत ढंगबाटै सहभागिता सुनिश्चित हुन्छ ।

## २१. बालमैत्री स्थानीय शासन अवलम्बन र कार्यान्वयनमा महत्त्वपूर्ण नीति, योजना र अभिलेखहरू

### २१.१ बालबालिकाको लागि आचारसंहिता

बालमैत्री स्थानीय शासन अवलम्बन गरेपछि स्थानीय तहहरूले सरोकारवालाहरूको उपस्थितिमा सम्बन्धित विषयगत क्षेत्रहरूका (जस्तैः शिक्षक, अभिभावक, कर्मचारी, जनप्रतिनिधि, बालबालिका लागायत) लागि छुट्टाछुट्टै उल्लेख गरेर आचारसंहिता तयार गर्नुपर्छ । यसरी तयार गरिएको आचारसंहिता स्थानीय तह स्तरीय बालमैत्री समितिमार्फत स्थानीय तहको कार्यपालिकामा पेश गरी स्वीकृत गर्नुपर्छ ।

### २१.२ बालबालिकाको वस्तुगत विवरण

बालमैत्री अवलम्बन गरेको प्रत्येक स्थानीय तहले आफ्नो स्थानीय तहका बालबालिकाको वास्तविक अवस्था चित्रण गर्नका लागि प्राथमिक र द्वितीय स्रोतहरूको आधारमा वस्तुगत विवरण (प्रोफाइल) तयारी गर्नुपर्दछ । यसरी तयार गरिएको वस्तुगत विवरण बनाउँदा निम्न विषयवस्तुहरू समावेश भए नभएको यकिन गर्नुपर्दछ ।

**१) गाउँ /नगरपालिकाको परिचय**

- गाउँ/नगरपालिकाको भौगोलिक अवस्थिति
- हावापानी, भू-उपयोग
- ऐतिहासिक पृष्ठभूमि तथा विशेषता
- गाउँ/नगरपालिकाको आर्थिक अवस्था
- गाउँ/नगरपालिकाका बासिन्दाहरूको प्रमुख व्यवसाय तथा रोजगारीको अवस्था
- विकासका सम्भावना, अवसर, चुनौती र समस्याहरू

**२. बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र**

- बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता

- विद्यमान ऐन नियममा बालबालिका सम्बन्धी भएको व्यवस्था
- जिल्ला, नगर तथा गाउँस्तरीय योजनामा बालबालिका सम्बन्धी भएको व्यवस्था
- बाल समूह वा बालक्लबहरू र तिनका सञ्जालहरू
- बालबालिका सम्बन्धी ऐन अनुसार स्थानीय तहमा भएका संरचनागत व्यवस्थाहरू
- बालमैत्री गाउँ/नगरपालिकाको अवधारणा
- बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र
- बाल अधिकार (बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता)
- बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्थाहरू
- बालमैत्री सुशासनयुक्त गाउँपालिकाको स्थापनाका लागि अवसर र सम्भावनाहरू

## ३. जनसंख्या

- १८ वर्ष उमेर समूह तथा जातिगत, अपाङ्गता, लैङ्गिकता (बालक, बालिका, लौङ्गिक तथा अल्पसंख्यक) आधारमा जनसंख्या
- मातृभाषाका आधारमा जनसंख्या
- जनसंख्या वृद्धिदर
- जन्मदर्तासम्बन्धी विवरण
- परिवार संख्या र प्रतिपरिवार औसत बालबालिका संख्या

## ४. बाल तथा मातृ स्वास्थ्य

- सुरक्षित मातृत्व कार्यक्रम
- खोप लगाउने बालबालिका सम्बन्धी विवरण
- बालबालिकामा पोषणको स्थिति
- बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरू र तिनको उपचार व्यवस्था
- परिवार नियोजनको साधन प्रयोगकर्ताको विवरण
- प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परीक्षण गराउने गर्भवती महिलाहरूको विवरण
- दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरूको विवरण
- १८ र २० वर्षभन्दा कम उमेरमा गर्भपतन गराउनेको विवरण
- नियमित रूपमा तौल लिइएका बालबालिका सम्बन्धी विवरण
- भिटामिन "ए" तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धी विवरण
- आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धी विवरण
- सार्वजनिक तथा निजी चर्पी र सरसफाई सम्बन्धी विवरण
- खानेपानीको स्रोत तथा उपलब्धता सम्बन्धी विवरण

## ५. शैक्षिक अवस्था

- महिला तथा बालबालिकाको साक्षरता विवरण
- शैक्षिक संस्थाहरूको विवरण
- छात्रछात्राको विवरण
- विद्यार्थी भर्ना दर



- कक्षा दोहोर्‍याउने विद्यार्थीसम्बन्धी विवरण
- छात्रवृत्ति प्राप्त विद्यार्थी विवरण
- तहगत रूपमा कुल शिक्षकसम्बन्धी विवरण (शिक्षक शिक्षिका विवरण)
- शिक्षकको तालिमसम्बन्धी विवरण
- गाउँ/नगरपालिका स्तरमा विद्यार्थी र शिक्षकको अनुपात
- विद्यालयमा खानेपानीको सुविधा
- छात्रछात्राको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था
- कक्षा कोठा, फर्निचर, खेल मैदानसम्बन्धी विवरण
- विद्यालय जान लाग्ने समय
- विद्यालय जान छोड्नेहरू संम्बन्धी विवरण
- विद्यालय भित्र बालमैत्री भौतिक संरचनाको अवस्था
- सार्वजनिक संघ-संस्था, सभाहल, पार्टि प्यालेसमा अपाङ्गतामैत्री र बालमैत्री भौतिक संरचनाको अवस्था
- राजनीतिक कार्यक्रम र गतिविधिहरूमा विद्यालयको प्रयोग सम्बन्धी विवरण
- बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण

## ६. बाल संरक्षण

- द्वन्द्व पीडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण
- विस्थापित बालबालिका सम्बन्धी विवरण
- बालश्रमिक सम्बन्धी विवरण
- बाल यौन शोषण तथा बेचबिखन सम्बन्धी विवरण
- बाल विवाह सम्बन्धी विवरण
- सडक बालबालिकाको विवरण
- कसूरजन्य कार्यको आरोप लागेका बालबालिका
- हिंसा, दुर्व्यवहार, एसिड आक्रमणको विवरण
- कुलतमा लागेका बालबालिकाको विवरण
- उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण
- खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण
- जाडो तथा गर्मीका कारण मृत्यु हुने गर्भवती महिला तथा बालबालिकाको विवरण
- संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण
- विपद् तथा महामारीबाट पीडित र प्रभावित बालबालिकाको विवरण
- वैदेशिक रोजगारमा रहेका अभिभावकका बालबालिकाको अवस्था सम्बन्धी विवरण
- बालबालिका सम्बन्धी ऐनले तोकेको विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको विवरण, आदि ।

## ७. आर्थिक विकास

- पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण
- युवा रोजगारी सम्बन्धी विवरण
- रोजगारीका लागि विदेशमा गएकाहरूको विवरण

- दैनिक कार्य घण्टा विवरण (महिला, पुरुष)

### ८. प्रकोप तथा शान्ति सुरक्षा

- दुर्घटना तथा प्रकोपको विवरण
- जेब्रा क्रसिङ, आकाशे तथा भूमिगत पुलहरूको अवस्था
- प्रकोपबाट भएको क्षतिको विवरण
- बाल अपराधको विवरण

## २१.३ लगानी योजाना

बालबालिकाको वस्तुगत विवरणले स्थानीय तहमा समग्र विकासको अवस्था र बालबालिकाको वास्तविक अवस्था चित्रण गर्छ । वस्तुगत विवरणले औंल्याएका कमजोर र सवल पक्षहरूको आंकलन गरी कमजोर पक्षहरूलाई प्राथमिकतामा राखि निश्चित समयमा बालमैत्रीले तोकेका सूचकहरू पुरा गर्नेगरी सरोकारवालाहरूको सहभागितामा लगानी र योजना तयार गर्नुपर्दछ । वस्तुगत विवरणको आधारमा लगानीको आवश्यकताको क्षेत्र पहिचान हुने गर्दछ । यसरी तयार गरिएको लगानी योजना बालमैत्री स्थानीय शासन समितिमा छलफल गरी कार्यपालिकामा अनुमोदनका लागि पेश गर्नुपर्छ ।

बालमैत्री स्थानीय शासन अवलम्बन पश्चात निर्देशिकाले तोकेको सूचक प्राप्ति गर्न आवश्यक पर्ने स्रोत कुन-कुन निकायबाट प्राप्त गर्न सकिन्छ र कति वर्षमा स्थानीय तहलाई बालमैत्री स्थानीय तह घोषणा गर्न सकिन्छ ? सोको अनुमानित समयसीमा निर्धारण गरेर लगानी योजना निर्माण गर्नु पर्दछ । स्थानीय तहले बालबालिका सम्बन्धी लगानी योजना निर्माण गर्दा गाउँ/नगरपालिकांको स्थानीय स्रोतबाट हुने लगानी, संघ तथा प्रदेशबाट अनुदानको रूपमा प्राप्त हुने रकम, गैरसरकारी संस्था तथा विकास साझेदारबाट हुने लगानी र स्थानीय नागरिक संस्था तथा निजी क्षेत्रबाट हुने लगानीलाई एकीकृत गरी लगानी योजना निर्माण गर्नु पर्दछ। बालमैत्री स्थानीय तह घोषणा कार्यविधि, २०७९ तोकेको स्थानीय लगानी योजनामा समावेश गर्नुपर्ने विषयहरू :

### क) स्थानीय स्रोत लगानी

- गाउँ/नगर बजेट (आन्तरिक तथा समानीकरण तथा अन्य अनुदान)
- जम्मा पूँजीगत बजेट
- बालबालिकाको क्षेत्रमा विनियोजित बजेट
- विनियोजन प्रतिशत
- बालबालिकाको क्षेत्रमा लगानी गरिएको बजेट रकम
- बालबालिकाको क्षेत्रमा विनियोजन गरिएको बजेट लगानी गरिएका मुख्य-मुख्य क्षेत्रहरू

### ख) सघं तथा प्रदेशबाट हुने लगानी

- सङ्घीय र प्रदेश सरकारको बजेट (शर्सत तथा विशेष अनुदान)
- बालबालिकाको क्षेत्रमा लगानी गरिएको बजेट रकम
- बालबालिकाको क्षेत्रमा विनियोजन गरिएको बजेट लगानी गरिएका मुख्य-मुख्य क्षेत्रहरू

### ग. गैसस र विकास साझेदारबाट हुने लगानी

- गैसस र विकास साझेदारको बजेट
- बालबालिकाको क्षेत्रमा लगानी गरिएको बजेट रकम
- बालबालिकाको क्षेत्रमा विनियोजन गरिएको बजेटबाट लगानी गरिएका मुख्य-मुख्य क्षेत्रहरू

### घ. निजी क्षेत्र, समुदाय र अन्य साझेदारबाट हुने लगानी

- निजी क्षेत्र, समुदाय र अन्य साझेदारको बजेट
- बालबालिकाको क्षेत्रमा लगानी गरिएको बजेट रकम
- बालबालिकाको क्षेत्रमा विनियोजन गरिएको बजेटबाट लगानी गरिएका मुख्य-मुख्य क्षेत्रहरू

## २१.४ सामाजिक परीक्षण सम्बन्धी व्यवस्था

बालमैत्री स्थानीय शासन कार्यान्वन निर्देशिका, २०७८ र घोषणा कार्यविधि, २०७९ ले बालमैत्री गतिविधिको गुणस्तरीयता र सामुदायिक सर्वस्वीकार्यता बढाउनका लागि सामाजिक परीक्षणको समेत व्यवस्था गरेको छ । गाउँ/नगरपालिकाले एक वर्षसम्म बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यसम्पादन गरेका कामहरूबाट के-कति सामाजिक विकास भयो वा सामाजिक जिम्मेवारी पुरा गर्न सम्पादन भएका कामहरू, उपलब्धिहरू र प्रभावहरूको लेखाजोखा गरी प्रतिवेदन पेश गर्ने कार्य नै सामाजिक परीक्षण हो । स्थानीय तहमा सामाजिक परीक्षण गर्दा देहायका विषयमा भएका गतिविधि र तिनले पारेका सामाजिक प्रभावको लेखाजोखा गर्न सकिन्छ । जस्तै :

- बाल मृत्युदर
- कुपोषणको अवस्था
- बाल विवाहको संख्या
- सामाजिक विकृति, विसङ्गति
- सामाजिक सुरक्षा र संरक्षण
- बाल श्रमको अवस्था
- बालक्लबहरूको अवस्था
- महिला हिंसा
- सामाजिक परिचालन
- प्रारम्भिक बालविकास
- खानेपानी तथा सरसफाइ
- विद्यार्थी भर्ना दर
- विद्यार्थी टिकाउ दर
- विद्यालयमा अतिरिक्त क्रियाकलाप
- विपद् र बालबालिका
- सामाजिक समावेशीकरण
- बालमैत्री विद्यालय

- सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम
- स्वास्थ्य र खोपहरूको अवस्था
- पोषणको अवस्था

*नोटः बालबालिकाको वस्तुगत विवरण र बालमैत्रीका सूचकहरूका आधारमा पनि सामाजिक प्रभावको लेखाजोखा गर्न सकिन्छ ।*

### २१.५ दिगोपनाका लागि रणनीतिक योजना

बालमैत्री स्थानीय शासनको कार्यान्वयनका लागि तयार गरिएको लगानी योजना कार्यान्वयन गरी बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले तय गरेका सूचकहरू पुरा भएको सुनिश्चितता गरेपछि बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि रणनीतिक योजना तयार गर्नुपर्छ । यसरी रणनीतिक योजना तयार गर्दा बालमैत्री स्थानीय शासनका सबै सूचकहरू पुरा भएको भनि प्रमाणीकरण गरेपछि सबै सरोकारवालाहरूको उपस्थितिमा गर्नुपर्छ । रणनीतिक योजनामा कमजोर मानिएका सूचहरूलाई विषेश प्राथमिकतामा राखि सवल सूचकहरूलाई समेत निरन्तरताका लागि दिगो तथा उपयुक्त योजना तयार गर्नुपर्छ । यसरी योजना तयार गर्दा बालमैत्रीको सूचकमा उल्लेख नगरिएका तथा प्रभावकारी हुने ठानिएका सवाल, योजना र कार्यक्रम तर्जुमा गरी बालमैत्री समितिको सिफारिसमा कार्यपालिकाले स्वीकृत गरी कार्यान्वयनमा लैजानु पर्छ ।

## २२. बालमैत्री स्थानीय शासन घोषणा पछि निरन्तरताका लागि गरिनुपर्ने कार्यहरू

बालमैत्री अवधारणा आफैमा एक बृहत अवधारणा हो । कुनै पनि स्थानीय तह बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिले निर्धारण गरेका सूचक पुरा गरी बालमैत्री घोषणा हुँदासम्म त्यस स्थानीय तहमा थुप्रै विकासका कामहरू पनि हुन्छन् । बालमैत्री घोषणा भईसकेपछि यसलाई निरन्तरता दिँदै थप कार्यहरू गर्नुपर्ने चुनौती र अवसर दुवै हुन्छन् । बालमैत्री घोषणालाई दिगो र प्रभावकारी बनाउन निम्न कार्यहरू गर्नु आवश्यक देखिन्छ ।

- बालमैत्री स्थानीय शासनको दिगोपना र निरन्तरताका लागि तय गरिएको रणनीतिक योजनालाई सम्बन्धित स्थानीय तहको आवधिक र वार्षिक योजनामा समेत समावेश गराउने,
- प्राप्त भएका सूचकहरूलाई निरन्तरताका लागि नियमित गर्नुपर्ने अभियान तथा कार्यक्रमहरू (जस्तैः बालभेला, बालक्लब परिचालन, सरसफाई अभियान, जन्मदर्ता, बाल सहभागिता आदि) निरन्तर सञ्चालन गर्ने ।
- सत प्रतिशत पुरा नभएका साथै जोखिम बढि भएका क्षेत्रहरूमा थप प्रभावकारी ढङ्गबाट विषेश कार्यक्रम बनाई कार्यन्वयन गर्ने ।
- बालमैत्री स्थानीय शासनले निर्धारण गरेका सूचकहरूले बालबालिकाका आधारभूत सवालहरूलाई मात्र समेटेको छ । यी बाहेक पनि अहिलेको परिवर्तित सन्दर्भमा थुप्रै सवालहरू हुन सक्छन् । त्यस्ता विषयहरू पहिचान गरी लगानीका क्षेत्र निर्धारण गर्नुपर्छ ।

- बालमैत्री स्थानीय शासन कार्यान्यनका क्रममा क्रियाशील समितिहरूलाई घोषणा पछि पनि निरन्तरता दिनु,
- आवधिक रूपमा बालबालिकको स्थिति-पत्र तयारी र प्रकाशन गर्ने,
- निश्चित अवधिमा (पाँच/पाँच वर्षमा) बालबालिकाको प्रोफाइल तयारी गर्नु,
- बालकोष सञ्चालन कार्यविधि अनुसार बालकोषलाई निरन्तरता र विस्तार गर्ने ।

## २३. नेपालमा बालमैत्री स्थानीय शासनका सिकाइ तथा चुनौतीहरू

नेपालमा बाल अधिकारको मूल-प्रवाहीकरण नेपालको अन्तरिम संविधान, २००७ ले बालबालिकाको विषयवस्तुलाई सम्बोधन गरेपछि सुरु भएको र त्यस पछिका कानूनी व्यवस्थाले यी सवालहरूलाई निरन्तरता दिदैं आएको पाइन्छ । यसै सन्दर्भमा नेपालले संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई सन् १९९० मा अनुमोदन गरेपछि थप परिष्कृत भएको हो । यही अनुरुप वि.सं. २०६८ मा बालमैत्री स्थानीय शासन रणनीति नेपाल सरकारले बनायो र त्यसै वर्ष बालमैत्री स्थानीय शासन कार्यविधि, २०६८ तर्जुमा गरी कार्यान्वयनमा ल्याइयो । यी नीति र कानूनी दस्तावेज अनुसार नेपालका स्थानीय तहहरूलाई बालमैत्री बनाउने अभियान तिब्र गतिमा अगाडि बढ्यो । यस क्रममा नवलपरासी जिल्लाको तत्कालीन प्रगतिनगर गाविसमा २०७० सालमा पहिलो पटक बालमैत्री स्थानीय निकाय घोषणा गरियो । जुन स्थानमा जागृति बालक्लब नेपालले बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुसार बालसंस्थाको कानूनी मान्यताको विषयको आवाज उठाएको र सर्वोच्च अदालतले कानूनी मान्यता समेत प्रदान गरेको थियो । संघीय संरचनापछि नवलपरासी जिल्ला सुनवल नगरपालिका पहिलो र दोस्रो बालमैत्री स्थानीय तहको रूपमा देवचुली नगरपालिका घोषणा भएको छ । यसका साथै बालमैत्री स्थनीय शासन अवलम्बन गर्ने विषयमा जागरुकता बढ्दै गएको देखिन्छ ।

नेपाल सरकारसँगसँगै विगतमा युनिसेफले बालमैत्री स्थानीय शासन प्रवर्द्धनमा लगानी गरेको भए तापनि हाल वर्ल्डभिजन इन्टरनेशनल नेपाल, सेभ द चिल्ड्रेन, प्लान इन्टरनेशनल, गुड नेभर्स इन्टरनेशनल नेपाल, कियर नेपाल, क्यानालान, जेभिआइ इन्टरनेशनल, टि डि एच जर्मनी, एक्पाक्ट लक्जम्वर लगायतका विकासका साझेदार संस्थाहरूले आफ्नो साझेदार संस्थाको माध्यमबाट बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्दै आईरहेका छन् । बालमैत्री स्थानिय शासन प्रवद्धर्न गर्न २०१७ मा बालक्लबको पूर्व सदस्यहरुको अगुवाईमा बालमैत्री स्थानिय शासन राष्ट्रिय मन्च स्थापना गरी सरोकारवालाहरु क्षमता अभिवृद्धि र बालमैत्री प्रवद्धर्नको लागि पैरवी गर्दै आइरहेको छ । संजालको सचिवालय जागृति बाल तथा युवा सरोकार नेपालमा रहेको छ । बालमैत्री प्रवर्दन अभियानसंगै युवामैत्री, पोषण मैत्री, अपांगता मैत्री, लैङ्गिक मैत्री स्थानीय तह बनाउने अभियान समेत सुरु भएको छ । स्वत-स्फूर्तरूपमा स्थानीय तहहरूले नागरिक संघसङ्गठन, बालक्लबका पूर्वसदस्यहरूसँग समेत सहकार्य गरी बालमैत्री स्थानीय शासनको अभियानलाई अगाडि बढाइरहेको अवस्था रहेको छ । निरन्तरको अभ्यास, अनुभव तथा परिवर्तित सन्दर्भमा बालमैत्री स्थानीय शासनको अवधारणालाई थप विकसित र परिष्कृत

गर्नका लागि  संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मन्त्रिस्तरीय निर्णयबाट २०७८ असार २७ गतेका दिन बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ जारी गरेको छ । यसले स्थानीय, प्रदेश र संघीय सरकारको भूमिका, बालमैत्री स्थानीय शासन अवलम्बन, कार्यान्वयन र घोषणाका चरणहरूका साथै सूचकहरूका सम्बन्धमा समेत थप प्रष्टिकरण र समायानुकूल परिमार्जन गरेको छ ।

## २३.१ उपलब्धि तथा सिकाइहरू

- बालमैत्री स्थानीय शासन अवलम्बन गरेपछि बालबालिकाको सवाललाई राज्यको शासकीय प्रणालीमा मूल प्रवाहीकरण हुनु प्रमुख उपलब्धिको रूपमा लिन सकिन्छ ।
- बालमैत्री स्थानीय शासनलाई पूर्ण सफल बनाउन स्थानीय तह लगायत सेवाप्रदायक विषयगत कार्यालयको कानूनी शासन, जवाफदेहिता, पारदर्शिता र सहभागिताजस्ता सुशासनका आधारभूत कुरा हुन् ।
- बालमैत्री स्थानीय तह तथा निकाय अवलम्बन गरेपछि सामाजिक तथा सामुदायिक परिचालनका संयन्त्रहरूलाई स्थानीय आवश्यकता अनुसार मौलिक ढङ्गले सम्बोधन गर्नेगरी विकास गर्दै सहकार्य र परिचालन गर्न सकिने अवस्था देखिएको छ ।
- केन्द्रदेखि स्थानीय तहसम्म तहगत तेर्सो तथा ठाडो समन्वय र सहकार्यका लागि भएका संयन्त्रको नियमित बैठक, नीतिगत स्पष्टता, अनुगमन र निर्देशनको आवश्यकता पर्ने देखिएको छ ।
- स्थानीय तहलाई थप स्वायत्त र जिम्मेवार बनाउन सके बालमैत्री स्थानीय शासनले गति लिने देखिन्छ ।  निर्वाचित स्थानीय तह, सिर्जनशील इच्छाशक्ति, जिम्मेवारीप्रति प्रतिबद्ध, नेतृत्वले यस अवधारणालाई निरन्तरता दिन सकिन्छ ।
- बालमैत्री स्थानीय शासन घोषणा भएका स्थानीय तहहरूमा अन्य विकासका पूर्वाधारहरू (जस्तैः किशोरी, अपाङ्गता तथा बालमैत्री भौतिक संरचना, घर तथा विद्यालयमा सफा पानी, शौचालय, समावेशिता, पूर्ण खोप, सरसफाई आदि) पुरा हुने देखिन्छ ।
- स्थानीय तहको योजना, नीति, बजेट तथा कार्यक्रममा बालबालिकाको सवाल संस्थागत हुन सक्नु पनि महत्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ ।
- बालबालिकाको सवालमा बालबालिकाकै अर्थपूर्ण सहभागिता मार्फत गरिने योजना तर्जुमा प्रक्रियाबाट वास्तविक सवाल पहिचान भई विकास कार्यहरू दिगो हुने देखिन्छ ।
- बालमैत्री शासनले अङ्गिकार गरेको रणनीतिले जातीय, भाषिक, वर्गीय, भौगोलिक र धार्मिक रूपमा पिछडिएको समुदायलाई प्राथमिकता दिने हुँदा समग्र सामाजिक चेतनास्तर उकास्न समेत अहम् भूमिका खेलेको अनुभवबाट प्रस्ट हुन्छ ।
- बालमैत्री घोषणा भएका स्थानीय तहहरूमा अरु सामाजिक अभियानहरू समेत स्वतःस्फूर्त रूपमा अगाडि बढेको पाइन्छ भने बालबालिकाले पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा विभिन्न स्थानहरूमा सहभागी हुने अवसर पाएका छन् ।
- स्थानीय तहको आवधिक र वार्षिक योजना, नीति तथा कार्यक्रम, प्रादेशिक र संघीय योजनामा समेत बालबालिकाको सवालहरूलाई प्राथमिकता दिइनु सुखद् विषय हो ।

## २३.२ चुनौतीहरू

- यसले तय गरेका सूचकहरू पुरा गर्न पर्याप्त मानवीय तथा आर्थिक पूँजी लगानी गर्नुपर्ने हुन्छ । केहि स्थानीय तहहरूले मानवीय तथा आर्थिक पूँजीको अभावमा अपेक्षाकृत उपलब्धि हासिल गर्न सकेका छैनन् ।
- यो अभियान स्थानीय सरकार वा कुनैएक संस्थाको पहलले मात्र सफल हुन सक्दैन । जहाँ सबै सरोकारवालाहरूको सामुहिक पहल भएको छ, त्यहाँ घोषणा प्रक्रिया सहज भएको देखिन्छ ।
- सूचकहरूलाई स्थानीयकरण गरी मापनयोग्य बनाउने, जनसहभागिता जुटाउने, भएका कामहरूको अभिलेखीकरण गर्ने लगायतका कुराहरू पनि चुनौतिपूर्ण देखिन्छ ।
- नेपालमा बालबालिकाको हकहित सम्बन्धी संवैधानिक तथा कानूनी प्रावधानहरू रहेतापनि यसको कार्यान्वयनको पक्ष अत्यन्त फितलो रहेको छ । अझै पनि बालबालिका बाल श्रमिकका रूपमा होटल, रेष्टुरा र व्यक्तिको घरमा श्रमिक हुनुपर्ने, दुर्गम तथा विपन्न, अपाङ्गता भएका, सीमान्तकृत समूदायका बालबालिकाको शिक्षा र स्वास्थ्यको पहुँचबाट टाढा बस्नु पर्ने, अवस्था विद्यमान छ ।
- कतिपय स्थानीय तहमा संघीय पुर्नसंरचना पछि बालबालिका तथा बालमैत्री स्थानीय शासनका क्षेत्रमा गरिने लगानी, बजेट विनियोजन अपेक्षाकृत हुन सकेको छैन भने केही स्थानीय तहमा सूचकको पूर्ण प्राप्ति नभइ लोकप्रियताका लागि मात्र घोषणा हुने जोखिम बढेको देखिन्छ ।
- संविधानले आधारभूत र प्राथमिक शिक्षा सबैलाई उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको भए पनि विद्यालय भर्नामा समस्या, विद्यालय गएकै बालबालिकामा कक्षा छाड्ने समस्या चर्को रूपमा रहेको छ ।
- कुपोषित, सडक बालबालिका, लागुऔषधको कुलत, घरेलु तथा मानसिक यातना, मनोसामाजिक समस्या, बालविवाह, आत्महत्या, हिंसा, बलात्कार लगायत विभिन्न समस्याको सिकार भएका छन् । यसलाई अन्त्य गर्न थप मेहेनत गर्नुपर्ने अवस्था छ ।
- भूकम्प, पहिरो, डुवान, कोभिड-१९ जस्ता महामारी लगायत प्राकृतिक प्रकोपबाट सबै भन्दा बढी बालबालिका पीडित छन् । यसै कारण बालमैत्री शासनलाई संस्थागत गर्दै लैजानु चुनौतिपूर्ण भएपनि अपरिहार्य देखिन्छ । यसको लागि नेपाल सरकार, विकासका साझेदार संस्था, नागरिक संघ-सङ्गठन, राजनीतिक पार्टी, निजी क्षेत्र, शिक्षक, अभिभावक स्वयम् बालबालिका सञ्चारकर्मी, कानून व्यवसायी, बालक्लबका पूर्व सदस्य, महिला समूह, धार्मिक गुरुहरू लगायत सबैको महत्वपूर्ण भूमिका आवश्यक छ ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएका व्यवस्थाहरू र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा रहेका प्रावधानहरूबीच थप सामञ्जस्यता हुनु जरुरी देखिन्छ । साथै यी दस्तावेजहरूमा केही विषयवस्तुहरूमा थप स्पष्टता र संसोधन समेत गर्नुपर्ने देखिन्छ ।
- बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले तय गरेका विपद् व्यवस्थापन योजनामा बालबालिकाको विषयवस्तु समेटिनुपर्ने, बाल विवाहको पूर्ण रूपमा अन्त्य जस्ता सवालहरू सम्बोधन गर्नु स्थानीय पालिकाहरूलाई चुनौतिको विषय हुन् ।

- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ अनुसार साविकको अवस्थामा बालमैत्री घोषणा भएका पालिकाहरूले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ का प्रावधानहरू पुरा गर्दै बालमैत्री अवधारणालाई निरन्तरता दिनुपर्ने देखिन्छ ।

## २४. हालसम्म बाल मैत्री घोषणा भएका स्थानीय तहहरू

नेपाल सरकारको संघीय संरचना सुरु भएदेखि २०७९ भाद्र मसान्तसम्म बालमैत्री स्थानीय शासन घोषणा भएका स्थानीय तहहरू :

साविक नवलपरासी जिल्लाको साविक प्रगतिनगर गाउँ विकास समिति (हाल देवचुली नगरपालिका) २०७० पौष ९ गते पहिलो बालमैत्री गाविस घोषणाको सुरुवात भएको इतिहाससँगसँगै हाल निम्न लिखित स्थानीय तहहरू बालमैत्री घोषणा भएका छन् ।

### राज्य संघीय संरचना पछि बाल मैत्री स्थानीय शासन घोषणा भएका स्थानीय तहहरू

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | घोषणा मिति |
|---|---|---|---|---|
| १. | लुम्बिनी | नवलपरासी | सुनवल नगरपालिका | २०७५ भाद्र ०३ |
| २. | गण्डकी | नवलपरासी (ब.सु.पु.) | देवचुली नगरपालिका | २०७५ भाद्र २९ |
| ३. | मधेश | सप्तरी | कञ्चनरुपा नगरपालिका | २०७६ भाद्र २० |
| ४. | बागमती | दोलखा | भिमेश्वर नगरपालिका | २०७६ भाद्र २९ |
| ५. | बागमती | मकवानपुर | मनोहरी गाउँपालिका | २०७६ पुस २८ |
| ६. | प्रदेश नं. १ | झापा | भद्रपुर नगरपालिका | २०७७ पुस ७ |
| ७. | बागमती | मकवानपुर | बकैया गाउँपालिका | २०७७ माघ २९ |
| ८. | बागमती | काभ्रेपलाञ्चोक | धुलिखेल नगरपालिका | २०७७ फाल्गुन ०५ |
| ९. | गण्डकी | स्याङ्जा | भीरकोट नगरपालिका | २०७७ फाल्गुन २२ |
| १०. | लुम्बिनी | पाल्पा | बगनासकाली गाउँपालिका | २०७७ चैत्र १४ |
| ११. | बागमती | काभ्रेपलाञ्चोक | पनौती नगरपालिका | २०७८ असार ३० |
| १२. | लुम्बिनी | कपिलवस्तु | वाणगङ्गा नगरपालिका | २०७८ साउन १५ |
| १३. | लुम्बिनी | रुपन्देही | तिलोत्तमा नगरपालिका | २०७८ मंसिर २९ |
| १४. | प्रदेश नं. १ | सुनसरी | रामधुनी नगरपालिका | २०७८ पुस ८ |
| १५. | लुम्बिनी | पाल्पा | रम्भा गाउँपालिका | २०७८ पुस १९ |
| १६. | बागमती | भक्तपुर | चाँगुनारायण | २०७८ फागनु २८ |

| | | | | |
|---|---|---|---|---|
| १७. | लुम्बिनी | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | रामग्राम नगरपालिका | २०७८ चैत्र १२ |
| १८. | बागमती | दोलखा | कानिन्चोक गाउँपालिका | २०७८ चैत्र १२ |
| १९. | बागमती | मकवानपुर | मकवानपुरगढी गाउँपालिका | २०७८ चैत्र १२ |
| २०. | बागमती | चितवन | रत्ननगर नगरपालिका | २०७८ चैत्र २२ |
| २१. | लुम्बिनी | दाङ | घोराही उपमहानगरपालिका | २०७८ चैत्र २३ |
| २२. | प्रदेश नं. १ | इलाम | सुर्योदय नगरपालकिा | २०७९ भाद्र २९ |

## बालमैत्री घोषणा भएका स्थानीय तहका वडाहरूको विवरण

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | वडा | घोषणा मिति |
|---|---|---|---|---|---|
| १. | कर्णाली | हुम्ला | सर्केघाट गाउँपालिका | १ | २०७४ फागुन |
| २. | कर्णाली | कालिकोट | तिलागुफा गाउँपालिका | ०२ | २०७४ मङसिर १८ |
| ३. | कर्णाली | कालिकोट | तिलागुफा गाउँपालिका | ०४ | २०७५ मङसिर १८ |
| ४. | कर्णाली | दैलेख | आठ बिसा नगरपालिका | ०४ | २०७४ पुस ०८ |
| ५. | कर्णाली | हुम्ला | सिमीकोट गाउँपालिका | ४ | २०७३ चैत्र १८ |
| ६. | गण्डकी | पर्वत | मोदी गाउँपालिका | ०८ | २०७४ माघ १५ |
| ७. | मधेश | पर्सा | वीरगञ्ज महानगरपालिका | ३१ | २०७४ फागुन |
| ८. | बागमती | चितवन | रत्ननगर नगरपालिका | ०३ | २०७५ जेठ २९ |
| ९. | बागमती | मकवानपुर | ईन्द्रसरोवर गाउँपालिका | ०४ | २०७५ जेठ २९ |
| १०. | बागमती | मकवानपुर | ईन्द्रसरोवर गाउँपालिका | ०५ | २०७५ जेठ २९ |
| ११. | प्रदेश नं. १ | सुनसरी | धरान उप-महानगरपालिका | १३ | २०७५ असार २६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२. | प्रदेश नं. १ | सुनसरी | रामधुनी गाउँपालिका | ०२ | २०७५ असार २५ |
| १३. | प्रदेश नं. १ | सुनसरी | धरान उप-महानगरपालिका | १४ | २०७५ असार ३० |
| १४. | बागमती | चितवन | रत्ननगर नगरपालिका | ०५ | २०७५ असोज ०४ |
| १५. | प्रदेश नं. १ | सुनसरी | धरान उप-महानगरपालिका | २० | २०७५ भाद्र २९ |
| १६. | मधेश | पर्सा | पर्सागढी नगरपालिका | ०२ | २०७५ भाद्र २९ |
| १७. | लुम्बिनी | कपिलवस्तु | शिवराज नगरपालिका | ०९ | २०७५ असोज ०३ |
| १८. | लुम्बिनी | रुपन्देही | शुद्धोधान गाउँपालिका | ०२ | २०७५ असोज १६ |
| १९. | प्रदेश नं. १ | उदयपुर | त्रियुगा नगरपालिका | १५ | २०७५ असोज १७ |
| २०. | कर्णाली | कालिकोट | तिलागुफा नगरपालिका | ०१ | २०७५ कार्तिक १८ |
| २१. | कर्णाली | कालिकोट | तिलागुफा नगरपालिका | ०३ | २०७५ कार्तिक १८ |
| २२.. | कर्णाली | दैलेख | गुँरास नगरपालिका | ०६ | २०७५ पौष १२ |
| २३. | सुदुरपश्चिम | अछाम | चौरपाटि गाउँपालिका | ०६ | २०७५ पौष २९ |
| २४. | बागमती | चितवन | रत्ननगर नगरपालिका | १५ | २०७६ बैशाख २७ |
| २५. | प्रदेश नं. १ | सुनसरी | धरान उप-महानगरपालिका | १२ | २०७६ जेठ १० |
| २६. | गण्डकी | पर्वत | पैंयुटार गाउँपालिका | ०७ | २०७६ असार ०९ |
| २७. | प्रदेश नं. १ | सुनसरी | धरान उप-महानगरपालिका | १८ | २०७६ असार २२ |
| २८. | बागमती | चितवन | भरतपुर महानगरपालिका | १४ | २०७६ असार २५ |
| २९. | प्रदेश नं. १ | सुनसरी | रामधुनी गाउँपालिका | ०५ | २०७६ असार ३० |
| ३०. | लुम्बिनी | प्युठान | स्वर्गद्धारी नगरपालिका | ०५ | २०७६ असार ३१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१. | गण्डकी | लमजुङ | क्व्होलोसोथार गाउँपालिका | ०१ | २०७६ भाद्र २९ |
| ३२. | लुम्बिनी | कपिलवस्तु | कपिलवस्तु नगरपालिका | ०९ | २०७६ कार्तिक ०८ |
| ३३. | लुम्बिनी | कपिलवस्तु | कपिलवस्तु नगरपालिका | १० | २०७६ कार्तिक ०८ |
| ३४. | लुम्बिनी | कपिलवस्तु | शिवराज नगरपालिका | १ | २०७६ कार्तिक २८ |
| ३५. | गण्डकी | नवलपरासी | गैंडाकोट नगरपालिका | ११ | २०७६ पौष ११ |
| ३६. | प्रदेश नं. १ | मोरङ | ग्रामथाम गाउँपालिका | १ | २०७६ पौष २७ |
| ३७. | बागमती | चितवन | रत्ननगर नगरपालिका | १४ | २०७६ फाल्गुन ०६ |
| ३८. | गण्डकी | लमजुङ | बेशिसहर नगरकपालिका | १ | २०७८ भाद्र ३० |
| ३९. | गण्डकी | लमजुङ | बेशिसहर नगरपालिका | ६ | २०७८ पुस १८ |
| ४०. | बागमती | चितवन | रत्ननगर नगरपालिका | ७ | २०७८ माघ २८ |
| ४१. | लुम्बिनी | बर्दिया | बाँसगढी नगरपालिका | ६ | २०७८, फाल्गुन ६ |
| ४२. | १ | झापा | कमल गाउँपालिका | ४ | २०७८, फाल्गुन २३ |
| ४३. | कर्णाली | जाजरकोट | छेडागाड नगरपालिका | ११ | २०७८, फाल्गुन २९ |
| ४४. | सुदुरपश्चिम | अछाप | मेल्लेख गा.पा | ३ | २०७८, चैत्र १२ |
| ४५. | बाग्मती | सिन्धुली | तिनपाटन गाउँपालिका | १० | २०७८, चैत्र २० |
| ४६. | मधेस | बाँके | नेपालगन्ज उपमहानगरपालिका | १२ | २०७८, चैत्र २५ |
| ४७. | बागमती | सिन्धुपाल्चोक | चौतारा सागाचोकगढी नगरपालिका | १३ | २९ भाद्र २०७९ |
| ४८. | प्रदेश नं. १ | उदयपुर | रौतामाई गाउँपालिका | ४ | ३ असोज २०७९ |

# सन्दर्भ सामग्रीहरू

बाल अधिकार सम्बन्धी महासन्धि, १९८९, संयुक्त राष्ट्र संघ ।

बालबालिका सम्बन्धी ऐन, २०७५, नेपाल सरकार ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८, नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय ।

नेपालमा बालबालिकाको स्थिति, २०७७ ।

बालश्रम (निषेध र नियमित) ऐन, २०५६, नेपाल सरकार ।

नेपालको संविधान, नेपाल सरकार ।

नेपाल सरकार कानून आयोग, https://lawcommission.gov.np

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकार ।

बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२, नेपाल सरकार ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४, नेपाल सरकार ।

मुलुकी देवानी (संहिता) ऐन, २०७४, नेपाल सरकार ।

सुरक्षा परिषद्को १६१२ घोषणा, संयुक्त राष्ट्र संघ ।

दक्षिण एसिया बालकल्याण प्रर्वद्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, सन् २००२, दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन ।

दिगो विकास लक्ष्य, सन् २०१५, संयुक्त राष्ट्र संघ ।

पन्ध्रौं राष्ट्रिय योजना, (आर्थिक वर्ष २०७६/७७ - २०८०/८१) राष्ट्रिय योजना आयोग, सिंहदरबार

बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च र जागृति बाल तथा युवा सरोकार नेपालका प्रकाशनहरू ।

बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९, नेपाल सरकार ।

बालबालिका सम्बन्धी नियमावली २०७८, नेपाल सरकार ।